सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २५, अङ्क १७ | २०७३, पुस १–१५ | पूर्णाङ्क ५८७



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८

Email: info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

प्रकाशन, सञ्चार तथा सम्पादन समिति

माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत	**- अध्यक्ष**
माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत	**- सदस्य**
नायव महान्यायाधिवक्ता श्री राजेन्द्र सुवेदी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	**- सदस्य**
अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन	**- सदस्य**
अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन	**- सदस्य**
सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत	**- सदस्य सचिव**

सम्पादक : श्री गजेन्द्रबहादुर सिंह

प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु. श्री विनोदकुमार यादव
ना.सु. श्री पुष्पराज शर्मा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ

भाषाविद् : उपप्रा. श्री रामचन्द्र फुयाल

बिक्री शाखामा कार्यरत् कर्मचारी

डि.श्री नरबहादुर खत्री

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सहायक डिजायनर श्री रसना बज्राचार्य
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू

पूर्ण इजलास	३
संयुक्त इजलास	१९
इजलास नं. १	१२
इजलास नं. २	५
इजलास नं. ३	५
इजलास नं. ४	३
इजलास नं. ५	४
इजलास नं. ६	३
इजलास नं. ७	२
जम्मा	५६

इजलास नं. ८	१
इजलास नं. ९	१
इजलास नं. १०	२
इजलास नं. ११	२
इजलास नं. १४	२
इजलास नं. १५	३
इजलास नं. १७	२
एकल इजलास	१
जम्मा	१४

कूल जम्मा **५६ + १४ = ७०**

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

निर्णयहरूको सारसङ्ग्रह

विषयगत आधारमा

वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... . १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७३, पुस – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

Toll Free Number

१६६०–०१–३३३–५५

वा

इमेल ठेगाना

cjs@supremecourt.gov.np

मा सम्पर्क गर्न सकिने छ।

मूल्य रू.१५।–

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

विषयसूची

क्र.सं.	विषय	पक्ष/विपक्ष	पृष्ठ
पूर्ण इजलास			**१ - २**
१.	उत्प्रेषण / परमादेश	दीपेन्द्रनाथ शर्मा वि. महेश जाजु	
संयुक्त इजलास			**२ - १२**
२.	कर्तव्य ज्यान	रत्नबहादुर श्रेष्ठ वि. नेपाल सरकार	
३.	जबर्जस्ती करणी	नेपाल सरकार वि. सन्तोष बुढा	
४.	उत्प्रेषण / परमादेश	हरिन्द्र सिंह राजपुतसमेत वि. जिल्ला शिक्षा कार्यालय, बारासमेत	
५.	अंश दर्ता चलन	विष्णुमाया मगर्नीसमेत वि. लक्ष्मी क्यापछाकीको हकमा संरक्षिका भई आफ्नो हकमा समेत डुकुमाया क्यापछाकी	
६.	अंश चलन	उत्तिमलाल यादव वि. बलराम यादव	
७.	कर्तव्य ज्यान	करन सुनार वि. नेपाल सरकार	
८.	धितो लिखत बदर	मुस्तकिम मियाँसमेत वि. मैनादेवी कनवीन	
९.	हक कायम नामसारी दा.खा.	पदमनिधि पराजुली वि. साबित्री खत्री, केदार तिमिल्सिना वि. साबित्री खत्री	
१०.	अंश	कुलबहादुर थापामगरसमेत वि. मिनबहादुर थापामगर	
११.	कर्तव्य ज्यान	आइते नेपाली सार्की वि. नेपाल सरकार	
१२.	कर्तव्य ज्यान	रीता मादेन लिम्बूसमेत वि. नेपाल सरकार	
इजलास नं.१			**१२ - २०**
१३.	बन्दी प्रत्यक्षीकरण	रविन श्रेष्ठ वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत	
१४.	कर्तव्य ज्यान	समप्रसाद अन्सारीसमेत वि. नेपाल सरकार	
१५.	कर्तव्य ज्यान	देउमाया भन्ने विवाह थापामगर वि. नेपाल सरकार	
१६.	वैदेशिक रोजगार सम्बन्धी कसुर	सुनिल शाही वि. नेपाल सरकार	
१७.	नामसारी निर्णय बदरसमेत	भिमसेन राई वि. ज्ञानु राई	

१८.	परमादेश	राधेश्याम गिरी वि. अन्तरिम मन्त्रिपरिषद्को अध्यक्ष, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत
१९.	जबर्जस्ती करणी	किरण थापा वि. नेपाल सरकार
२०.	लागुऔषध खैरो हेरोइन	शेष सोभराति वि. नेपाल सरकार
२१.	कर्तव्य ज्यान	इन्द्रबहादुर राना वि. नेपाल सरकार
२२.	भ्रष्टाचार नक्कली प्रमाण पत्र	धनराज जोशी वि. नेपाल सरकार
इजलास नं. २		**२० - २५**
२३.	करार ऐनबमोजिम उपयुक्त आदेश जारी गरिपाऊँ	राजेन्द्र महर्जन वि. फलफूल तथा तरकारी बजार विकास समितिसमेत
२४.	अदालतको अपहेलना	सुलेमान मियाँ अन्सारी वि. जिल्ला प्रशासन कार्यालय, सप्तरी
२५.	भ्रष्टाचार	कान्छाराम जोशीसमेत वि. नेपाल सरकार
२६.	दूषित निर्णय बदर	कर्णबहादुर चन्द वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालसमेत
२७.	कर्तव्य ज्यान	रघुनन्दन वि.क. वि. नेपाल सरकार
इजलास नं. ३		**२५ - २९**
२८.	परमादेश	कुमार पुरी वि. वैदेशिक रोजगार विभाग, का.म.न.पा. वडा नं. ३४ बुद्धनगर १ समेत
२९.	कर्तव्य ज्यान	सन्तबहादुर तामाङ वि. नेपाल सरकार
३०.	खिचोला मेटाई हक कायम गरी चलनसमेत चलाई पाऊँ	परसुराम चमारसमेत वि. बेचई चमार
३१.	परमादेश	पवनप्रसाद सहनी वि. मोहम्मद कमालुद्दिन
३२.	बकसपत्र लिखत बदर दर्ता कायम	सीताराम कानगोई थारू वि. बुद्धिलाल कानगोईसमेत
इजलास नं. ४		**२९ - ३१**
३३.	कर्तव्य ज्यान	प्रेमबहादुर गुरूङ वि. नेपाल सरकार

३४.	जग्गा खिचोला घर उठाई चलन	गौरी गुप्तासमेत वि. दुर्मी लाल साह
३५.	कर्तव्य ज्यान	गमबहादुर सुनार वि. नेपाल सरकार
इजलास नं. ५		**३१ - ३४**
३६.	जबर्जस्ती करणी	कृष्ण भन्ने रूद्रप्रसाद पौडेल वि. नेपाल सरकार
३७.	जबर्जस्ती करणी	बाबुराम राई वि. नेपाल सरकार
३८.	परमादेश	दिवाकर क्षेत्रीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत
३९.	कर्तव्य ज्यान	प्रेमबहादुर मगर वि. नेपाल सरकार
इजलास नं. ६		**३५ - ३७**
४०.	वैदेशिक रोजगार सम्बन्धी	युवराज दाहाल वि. नेपाल सरकार
४१.	कर्तव्य ज्यान	नेपाल सरकार वि. लालमाया गुरूङ

४२.	बन्दी प्रत्यक्षीकरण	रामवृक्ष दासको हकमा अधिवक्ता रामभरोसा मण्डल वि. कारागार कार्यालय, महोत्तरीसमेत
इजलास नं.७		**३७ - ४०**
४३.	मानव बेचविखन ओसारपसार	नेपाल सरकार वि. सोमबहादुर तामाङ
४४.	कर्तव्य ज्यान र अपहरण	नेपाल सरकार वि. रामस्वरूप मुखिया विनसमेत
इजलास नं.८		**४० - ४१**
४५.	कर्तव्य ज्यान	नेपाल सरकार वि. जयलाल आचार्य
इजलास नं.९		**४१**
४६.	जबर्जस्ती करणी	इन्द्रबहादुर तामाङ वि. नेपाल सरकार
इजलास नं.१०		**४१ - ४३**
४७.	कर्तव्य ज्यान	बेलबहादुर तितुङ वि. नेपाल सरकार
४८.	उत्प्रेषण	कैलास मिश्र वि. श्रम अदालत काठमाडौंसमेत

इजलास नं.११		**४३ - ४५**
४९.	ज्यान मार्ने उद्योग, कर्तव्य ज्यान	पुण्यप्रसाद निरौला वि. नेपाल सरकार
५०.	इजाजत विपरीत काठ ओसारपसार	नेपाल सरकार वि. सोनालाल जैसवालसमेत
इजलास नं.१४		**४५ - ४८**
५१.	उत्प्रेषण / परमादेश	शारदादेवी पौडेल वि. नेपाल सरकार
५२.	उत्प्रेषण	रामबहादुर घिमिरे वि. अर्थ मन्त्रालयसमेत
इजलास नं.१५		**४८ - ५०**
५३.	निर्णय दर्ता बदर	बैजनाथ राउत अहिर वि. गोपीचन साह कानू
५४.	जग्गा दर्ता गरिपाऊँ	मालपोत कार्यालय, कास्कीका तर्फबाट प्रमुख मालपोत अधिकृत वि. चन्द्रकला के.सी.को मु.स. गर्ने देवराज खत्री र मिनबहादुर के.सी.
इजलास नं. १७		**५० - ५२**
५५.	उत्प्रेषण / परमादेश	हेराकाजी महर्जन वि. पुनरावेदन अदालत, पाटनसमेत
५६.	उत्प्रेषण / परमादेश	सुजा सोतीसमेत वि. जिल्ला लमजुङ सूर्यपाल गाउँ विकास समिति वडा नं. ९ स्थित मंगला क्याम्पससमेत
एकल इजलास		**५२**
५७.	उत्प्रेषण / परमादेश	रामआशिष राय वि. शोभाकान्त रायसमेत

पूर्ण इजलास

मा.न्या.श्री बैद्यनाथ उपाध्याय, मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०७०-NF-०००३, उत्प्रेषण / परमादेश, *नेपाल विद्युत् प्राधिकरण केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं तथा ऐ. को सञ्चालक समितिको तर्फबाट कार्यकारी निर्देशक दीपेन्द्रनाथ शर्मा वि. मोरङ जिल्ला विराटनगर उपमहानगरपालिका वडा नं. ९ स्थित मोरङ व्यापार सङ्घको तर्फबाट अख्तियारप्राप्त ऐ.को सञ्चालक अध्यक्ष महेश जाजु*

विद्युत् ऐन, २०४९ को दफा १७ मा विद्युत् महसुल र अन्य दस्तुरको निर्धारणसम्बन्धी व्यवस्था भई सोको उपदफा (१) मा विद्युत् महसुल र अन्य दस्तुरहरू निर्धारण गर्नको लागि नेपाल सरकारले एउटा विद्युत् महसुल निर्धारण आयोग गठन गर्नेछ भन्ने व्यवस्था रहेको पाइन्छ । सो उपदफा (१) बमोजिम गठित समितिमा नेपाल सरकारको प्रतिनिधि, अर्थ विज्ञ, विद्युत् उत्पादन, प्रसारण र वितरणकर्ता, विद्युत्का ग्राहकहरू मध्येबाट कम्तीमा ५ जना व्यक्तिहरू रहने भन्ने व्यवस्था उपदफा (२) मा रहेको देखिन्छ। यस्तै उपदफा (३) मा उपदफा (१) बमोजिमको विद्युत् महसुल निर्धारण आयोगले विद्युत् महसुल र अन्य दस्तुर निर्धारण गर्दा ह्रास कट्टी दर, उपयुक्त लाभ, संरचनाको सञ्चालन तरिका, उपभोक्ताको मूल्यसूचीको परिवर्तन, रोयल्टी इत्यादिको आधारमा निर्धारण गर्नेछ भन्ने र उपदफा (६) मा उपदफा (१) बमोजिमको विद्युत् महसुल र अन्य दस्तुर निर्धारण गर्दा उपदफा (१) बमोजिमको आयोगले ग्राहकको किसिम र किसिमअनुसारको महसुल निर्धारण गर्न सक्नेछ भन्ने व्यवस्था रहेको पाइन्छ । यसरी विद्युत् ऐन, २०४९ को १७(१) बमोजिम गठित विद्युत् महसुल निर्धारण आयोगले विद्युत् महसुल र अन्य दस्तुर निर्धारण गर्दा ह्रास कट्टी दर, उपयुक्त लाभ, संरचनाको सञ्चालन तरिका, उपभोक्ताको मूल्यसूचीको परिवर्तन, रोयल्टी एवम् ग्राहकको किसिम र किसिमअनुसार महसुल निर्धारण गर्नु पर्ने देखिन आउने।

इनर्जी शुल्क ग्राहकले विद्युत् उपभोग गरेको अनुपातमा लाग्ने शुल्क भएकोले यो ऊर्जा आपूर्तिसँग सम्बन्धित रहेको देखिन्छ भने डिमान्ड शुल्क कुनै पनि ग्राहकले विद्युत् माग गरेको निश्चित के.भि.ए. को आधारमा लिइने शुल्क भन्ने देखिन्छ । डिमान्ड शुल्क सम्बन्धित ग्राहकले माग गरेको सर्वसाधारण उपभोक्ताले पाउनेभन्दा फरक क्षमता प्राप्ति र एकैपटक बढी परिमाणको ऊर्जाको भण्डार (Reserve) गरिदिने सेवाबापत लिइने शुल्क भएकोले डिमान्ड शुल्कलाई विद्युत् महसुल शुल्कको रूपमा व्याख्या गरी विद्युत् आपूर्तिसँग सम्बन्धित गरी हेर्न नमिल्ने।

सर्वसाधारण उपभोक्ताले भन्दा बढी क्षमता डिमान्ड गरेअनुरूप त्यस्तो ऊर्जा प्राप्त गर्न विशेष क्षमताको जडान, त्यसको सुरक्षण, मर्मत सम्भार आदिको प्रबन्ध अर्थात् आवश्यक थप प्रबन्ध पनि गर्नुपर्ने हुन्छ । विद्युत् प्रसारण हुँदा अरू साधारण स्थानमा विद्युत् परिणाम प्रवाहभन्दा यस्तो डिमान्ड गर्ने ग्राहकले मागअनुरूपको बढी विद्युत् परिमाण प्राप्त गर्दछन् । विद्युत् खपत अनुरूपको रकम माग गर्नु एउटा कुरा हो भने अरू सर्वसाधारण ग्राहकभन्दा बढी क्षमतासहितको विद्युत् आपूर्तिको सुविधा प्राप्त गर्नु अर्को कुरा हो। त्यसैले डिमान्ड शुल्क स्थिर लागतसँग सम्बन्धित देखिन आएको हुँदा यसलाई ऊर्जा आपूर्तिसँग मात्र सीमितगरी हेर्न नमिल्ने।

निर्धारित डिमान्ड शुल्क निवेदकको हकमा मात्र असुल गर्ने निर्णय भएको नभई स्वीकृत के. भि. ए.अनुसारको सुविधा लिने सबै ग्राहकहरूलाई समानरूपले लागू हुने गरी निर्धारण भएको देखिन्छ। विद्युत् ऐन, २०४९ को दफा १७ को उपदफा (६) अनुसार विद्युत् महसुल निर्धारण आयोगले

ग्राहकहरूको किसिम र किसिमअनुसार विद्युत् महसुल र अन्य दस्तुरको निर्धारण गर्न सक्नेछ भन्ने व्यवस्था गरेको देखिँदा परिस्थितिअनुसार महसुल निर्धारण गर्न पाउने अख्तियारी आयोगलाई विधायिकाले नै प्रदान गरेको देखिन्छ । यसरी कानूनले दिएको अख्तियारीअन्तर्गत भए गरेको निर्णयलाई अनुपयुक्त भन्न नमिल्ने ।

परमादेशको आदेश जारी हुनका लागि सार्वजनिक दायित्व बहन गर्ने अधिकारीले कानूनबमोजिम गर्नुपर्ने कार्य नगरेको वा गर्न नहुने कार्य गरेको अवस्था रहेको देखिनु पर्ने हुन्छ । कानूनबमोजिमको अख्तियारी पाएको निकायले कानूनको अख्तियारी प्रयोग गरी गरेको काम कारवाहीका सम्बन्धमा परमादेशको आदेश जारी गर्न मिल्ने नदेखिने ।

माथि विवेचित आधार र कारणहरूबाट निवेदकको रिट निवेदन खारेज गर्नु पर्नेमा विद्युत्को महसुल निर्धारण गर्ने गरी विद्युत् महसुल निर्धारण आयोगबाट मिति २०५८।४।५ मा भएको निर्णय बदर गरी लोडसेडिङ भएको अवधिको डिमान्ड शुल्क नलिनु भनी विपक्षीहरूका नाउँमा परमादेशसमेत जारी हुने ठहऱ्याएको यस अदालतको संयुक्त इजलासको मिति २०६८।२।५ को फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी भई निवेदकको रिट निवेदन खारेज हुने ।

प्रस्तुत निवेदन मागबमोजिम परमादेशको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन खारेज भए तापनि धेरै नै Load Shedding भई विद्युत् आपूर्ति नै नभएमा वा ग्राहकले माग गरेको परिमाणको विद्युत् उपलब्ध गराउन नसकेको अवस्थामा पनि डिमान्ड शुल्क लिई असुलउपर गर्नु न्यायोचित हुने देखिँदैन । त्यस्तो अवस्थामा ग्राहकले विद्युत् माग गरेको निश्चित के.भि.ए. को सुविधा लिनबाट निवेदक हट्न चाहेमा हट्न दिने, वा उपभोक्तालाई सुविधा उपभोग गर्नै नदिई शुल्क लिनुपर्ने अवस्थामा उपभोक्ताको मर्कासमेतलाई विचार गरी र यसको प्राविधिक पक्षमा प्रतिकूल असर नपर्ने गरी यस विषयमा सम्बन्धित प्राविधिक विज्ञहरूको समूहबाट खोजपूर्ण विमर्श एवम् सल्लाह लिई यथोचित निर्णय गर्नु भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी हुने ।

इति संवत् २०७२ साल माघ २१ गते रोज ५ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन् :

- ०७०-NF-०००४, उत्प्रेषण / परमादेश, *नेपाल विद्युत् प्राधिकरण केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं तथा ऐ. को सञ्चालक समितिको तर्फबाट कार्यकारी निर्देशक दीपेन्द्रनाथ शर्मा वि. मोरङ जिल्ला विराटनगर उपमहानगरपालिका वडा नं. ८ स्थित मैनावती स्टिल प्रा.लि.*
- ०६८-MS-०००७, अदालतको अवहेलना, जिल्ला मोरङ, विराटनगर उपमहानगरपालिका वडा नं. ९ स्थित मोरङ व्यापार सङ्घको तर्फबाट अख्तियारप्राप्त अध्यक्ष अविनाश बोहरा वि. बालानन्द पौडेल ऊर्जा सचिव, अध्यक्ष सञ्चालक समिति, नेपाल विद्युत् प्राधिकरण केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौंसमेत

संयुक्त इजलास

१

स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय, ०६९-CR-०४२९, कर्तव्य ज्यान, *रत्नबहादुर श्रेष्ठ वि. नेपाल सरकार*

वारदातमा प्रतिवादी र मृतकबीचमा भनाभन तथा हात हालाहालको अवस्थामा प्रतिवादीले घरमा रहेको चर्खामा प्रयोग हुने फलामको तिखो सुइरोले मृतकको छाती जस्तो संवेदनशील अङ्गमा प्रहार गरी

मृतक रूदै कराउँदै ओछ्यानमा ढली छट्पटाउँदै गर्दा अरू वरपरका मानिसहरूले थाहा पाउँछन् कि भनी उक्त स्थानबाट प्रतिवादी भागी गएको मिसिलबाट देखिन्छ। आफूले जोखिमी हतियार प्रयोग नगरेको भनी प्रतिवादीले जिकिर लिएको भएपनि चर्खाको फलामको तिखो सुइरोलाई साधारण लाठा, ढुंगा तथा लातमुक्का समान भन्न नमिल्ने।

मृतकउपर प्रहार भएको उक्त फलामे सुइरोलाई जोखिमी हतियार मान्नुपर्ने हुन्छ। प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको पूर्वयोजना नभएपनि निजले जोखिमी हतियार फलाम तिखो सुइरो प्रयोग गरी मृतकको हत्या गरी तत्काल वारदातस्थलबाट भागेको अवस्था देखिँदा प्रस्तुत वारदातमा ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित हुने अवस्था नदेखिँदा आफूउपर उक्त कानून आकर्षित हुनुपर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकिर मनासिब देखिएन। धारिलो चुच्चो फलामको सुइरो मृतकको संवेदनशील अङ्ग छातीमा प्रहार गर्दा निजको ज्यान मर्नसक्ने पूर्वसम्भावना रहेको स्थितिमा ज्यानसम्बन्धी महलको १३(१) नं. नै आकर्षित हुने देखिँदा प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सजाय गर्ने ठहर्‍याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।३।१२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। आफूउपर ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित हुनुपर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

प्रतिवादीलाई अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद हुन व्यक्त भएको सुरू र पुनरावेदन अदालतको रायसम्बन्धमा विचार गर्दा मृतक र प्रतिवादीबीच पतिपत्नीको नाता रहेको भन्ने कुरा मिसिल संलग्न कागजातहरूबाट देखिन्छ। प्रतिवादीले निजको पत्नीलाई मार्नुपर्नेसम्मको मनसाय, पूर्वयोजना एवम् षडयन्त्र गरेको देखिएको छैन। आफ्नी पत्नीको अर्को व्यक्तिसँग सम्बन्ध भएको शंकामा मृतक र प्रतिवादीबीच वादविवाद एवम् हात हालाहाल हुँदा प्रतिवादीले सोही कोठामा रहेको फलामको सुइरो मृतकउपर प्रहार गरेको अवस्था मिसिलबाट देखिन्छ। मृतकको शरीरमा सोबाहेक अन्य कुनै प्रकारको चोट रहेको देखिएको छैन। प्रतिवादीको उमेर वारदात हुँदा ६० वर्षको रहेको देखिएको एवम् निजले अदालतमा समेत कसुरमा साबित भई घटनाको सत्य साँचो व्यहोरा एवम् विवरण खोली बयान गरी न्यायिक प्रक्रियामा सहयोग गरेकोसमेत सन्दर्भमा निजलाई अ.बं. १८८ नं. बमोजिम १२ वर्ष कैद गर्न मनासिब देखिएकोले निजलाई १२ वर्ष कैद सजाय हुने।

इजलास अधिकृत: विश्वसनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल मङ्सिर १८ गते रोज ५ शुभम्।

२

स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय, ०६७-CR-११९८, जबर्जस्ती करणी, *नेपाल सरकार वि. सन्तोष बुढा*

पीडितलाई प्रतिवादीले जबर्जस्ती करणी गरेको भनी घटनाबाट पीडित भएकी जाहेरवालीले जाहेरी दरखास्त दिई अदालतमा बकपत्र गर्दा जाहेरी व्यहोरालाई समर्थन गरेको देखिएको, घटनास्थलमा रहेकी सुष्मा शाहीले मौकामा प्रतिवादीले पीडितलाई जबर्जस्ती करणी गरेको भनी लेखाएको व्यहोरालाई बकपत्र गरी पुष्टि गरेको, प्रतिवादीले अदालतमा बयान गर्दा वारदातको दिन आफू अस्पतालमा उपचार गराई रहेको भनी कसुरमा इन्कार रहेको देखिए पनि निजको सो भनाइ अस्पतालको रेकर्डबाट पुष्टि नभई वारदातको दिन प्रतिवादी घटनास्थलमा नै रहेको कुरा प्रत्यक्षदर्शीको भनाइबाट पुष्टि भई पीडितको शारीरिक परीक्षण गर्दा योनिबाट रगत बगिरहेको र Laceration समेत देखिएको भन्ने प्रतिवेदनमा उल्लेख भएको तथ्यहरूको पृष्ठभूमिमा प्रतिवादीले जबर्जस्ती करणीको उद्योग गरेको भन्न मिल्ने अवस्था देखिन नआउने।

वारदात जबर्जस्ती करणीको कसुर भएको देखिएकोले जबर्जस्ती करणीको उद्योग मात्र भएको ठहराएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मनासिब नदेखिने हुँदा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधारमा प्रतिवादीले पीडितलाई जबर्जस्ती करणी गरेको देखिएकोले जबर्जस्ती करणीको महलको १ नं. बमोजिमको कसुर गरेको ठहराउनु पर्नेमा सो महलको ५ नं. बमोजिम जबर्जस्ती करणीको उद्योग गरेको ठहराएको सुरू दैलेख जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत सुर्खेतको मिति २०६७।३।१५ को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादीले अभियोग दाबीबमोजिम जबर्जस्ती करणीको महलको १ नं. बमोजिम पीडितलाई जबर्जस्ती करणी गरेको ठहर्छ । प्रतिवादीउपर अभियोगपत्रमा जबर्जस्ती करणीको महलको ३(३) नं. को दाबी लिइएको भए पनि जाहेरी दरखास्त र अभियोगपत्रमा पीडितको उमेर २१ वर्ष भएको भन्ने उल्लेख भएकोले प्रतिवादीउपर उक्त महलको ३(३) नं. आकर्षित नभई ३(५) आकर्षित हुने देखिएकोले प्रतिवादीलाई सोही महलको ३(५) नं. बमोजिम ५ वर्ष कैद सजाय भई ऐ. १० नं. बमोजिम र रू.५० हजार क्षतिपूर्ति प्रतिवादीबाट पीडितले भरिपाउने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल भदौ १४ गते रोज २ शुभम् ।

३

स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय, ०६९-WO-०६०२, उत्प्रेषण / परमादेश, *हरिन्द्र सिंह राजपुतसमेत वि. जिल्ला शिक्षा कार्यालय, बारासमेत*

शिक्षा ऐन, २०२८ को दफा १२(१) मा सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयका अभिभावकहरूमध्येबाट छानी पठाएको व्यक्तिको अध्यक्षतामा व्यवस्थापन समिति गठन हुने कानूनी व्यवस्था रहेको पाइन्छ । यसरी छानिएका वा मनोनित भएका अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ भन्ने उपदफा (५) मा उल्लेख भएको देखिँदा मिति २०६९।७।२५ मा निर्विरोध निर्वाचन भएको भनिएको विद्यालय व्यवस्थापन समितिको पदाधिकारीको पदावधि मिति २०७२।७।२४ मा नै समाप्त भई सकेको र निवेदकहरूको निवेदन मागबमोजिम यस अदालतबाट मिति २०६९।९।९ मा भएको अन्तरिम आदेशबाट नै पूरा भई कानूनले तोकेको पदावधि नै समाप्त भई सकेको अवस्थामा प्रस्तुत रिट निवेदनको औचित्यता नभएकोले निवेदन मागबमोजिम रिट जारी गर्नुपर्ने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल चैत २३ गते रोज ३ शुभम् ।

४

स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय, ०६८-CI-१२१४, अंश दर्ता चलन, *विष्णुमाया मगर्नीसमेत वि. लक्ष्मी क्यापछाकीको हकमा संरक्षिका भई आफ्नो हकमा समेत डुकुमाया क्यापछाकी*

अंशबन्डाको महलको १ र २ नं. को कानूनी व्यवस्थाअनुसार एकासगोलमा रहेका बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा, छोरी प्रत्येकलाई समानरूपमा वितरण हुने गरी अंशको बन्डा गर्नुपर्ने र सोही कानूनी व्यवस्थाबमोजिम सगोलका प्रत्येक अंशियारको अंशको सम्पत्तिउपर समानरूपमा हक हुने प्रत्याभूति गरिएकोसमेत पाइन्छ । अंशबन्डाको महलको उक्त व्यवस्थाले समान पुस्ताका अंशियारहरूबीच समानरूपमा अंशको बन्डा हुनुपर्ने कुराको प्रत्याभूति प्रदान गरेको भए पनि कुनै अंशियारले आफूखुसी अन्य अंशियारभन्दा कम अंश लिन्छु भन्नको लागि कुनै

प्रकारको रोक लगाएको भने नपाइने।

कुनै अंशियारलाई आफूले पाउने अंश हकको परित्याग गर्नसमेत उक्त कानूनी व्यवस्थाले रोक लगाएको पाइँदैन । तर कुनै अंशियारले आफूले पाउने अंश हकको पूर्ण वा आंशिकरूपमा परित्याग गर्दछ र निजको सो आचरण एवम् व्यवहारबाट निजका हाँगातर्फका अर्को पुस्ताका अंशियार निरंशी हुने अवस्था सिर्जना हुन्छ भने र सो कार्यमा तल्लो पुस्ताको अंशियारको मन्जुरी छैन भने त्यस्तो अवस्थामा पनि अंश भागको सम्पत्ति परित्याग गर्न वा असमान किसिमको बन्डा स्वीकार गर्न अंशबन्डाको महलले छुट प्रदान गरेको देखिँदैन । अपितु यस्तो गरियो भने अंश बन्डाको महलको १ र २ नं. को व्यवस्थाविपरीत हुन जाने।

वस्तुतः अंशबन्डाको महलको १ र २ नं. को व्यवस्था भनेको अंश पाउने व्यक्तिको नैसर्गिक हकको प्रत्याभूत गराउने कानूनी व्यवस्था हो । उक्त व्यवस्थाले कुनै अंशियारलाई आफ्नो भागको अंश पूर्ण वा आंशिकरूपमा परित्याग गर्न रोक नलगाएको भए पनि नियोजित र दुराशययुक्तरूपमा आफूपछिका अंशियारलाई निरंशी बनाउने उद्देश्यले अंश हक परित्याग गर्न छुट दिएको भन्ने देखिन नआउने।

सामान्यतया सन्तानले आफ्नो बाबुआमाबाट नै अंश पाउने हो। बाबुले आफ्नो पुख्यौंली सम्पत्तिबाट आफ्ना अन्य अंशियारबाट अंश पाउने हो। तर सगोलमा बसेको अवस्थामा बाबुबाजे छोरानाति पनातिसमेत एक आपसमा भरपर्ने गरेको हुन्छ। अविभाजित सम्पत्तिबाट नै सबैको निर्वहन गर्नुपर्ने हुन जाने।

अविभाजित सगोलको सम्पत्तिमा प्रत्यक्षतया अंशको हक लाग्ने पहिलो पिँढीको अंशियारहरूकै हक रहन्छ र अंशियारका छोराछोरी नाति नातिनीहरूलाई अंशियारको नाताबाट अर्को चरणको परोक्ष हक रहन जान्छ । तथापि ती सबै हकहरू कानूनबमोजिम कै हक हुन्छन् । सगोलको अमुक सम्पत्ति अविभाजित रहँदासम्म सगोलका सबै अंशियारहरू र अंशियारका सम्पत्तिमा हक लाग्ने तिनका सन्तानहरूको समेत हक र हित रहने हुनाले अविभाजित सगोलको सम्पत्तिमाथि प्रथम पुस्ताका अंशियारहरूको मात्रै आफूखुसी गर्न पाउने सम्पत्तिको रूपमा लिन मिल्ने देखिँदैन । यस अर्थमा पितापुर्खाको पालाको सम्पत्तिबाट अंशियारका सन्तानहरूले अंश पाउने हुनाले प्रथम वा अघिल्ला पुस्ताका अंशियारले कानूनबमोजिम भागशान्ति न्यायोचितरूपमा पाउने भई सो यथार्थमा पनि लिए पाएको हुन जाने।

अंश अपुतालीको हक सम्पत्तिको हकसँग सम्बन्धित छ । अंशको हकको कुरा गर्दा अंशियारले अंश लिनुपर्ने भन्ने बाध्यता सिर्जना गर्न मिल्दैन। हक लाग्ने अंशियारहरूले आफ्नो हक परित्याग गर्न नपाउने होइन । तर त्यस्तो हक परित्याग गरेको कुरा निजको स्वेच्छामा आधारित हुनुपर्छ र त्यसले निजको हकमा सम्म बन्धनकारी हुन सक्दछ । अंशियारको हकमा अंशियार र निजको स्वास्नी छोराले समेत मन्जुरीले हक परित्याग गर्दछ भने त्यसमा अरूले चिन्ता लिनुपर्ने कुरा पनि हुँदैन । तर प्रथम वा अघिल्ला पुस्ताका अंशियारले आफ्नो अंश हक छुट्ट्याउने नाममा अंश नलिने गरी वा पाउने हिसाब शान्ति नलिई वा अति कम लिई निजको सम्पत्तिमा हक लाग्ने सन्तानहरूको हक मेटिने परिणाम सिर्जना गर्दछ र त्यसमा निजहरूको मन्जुरी लिइएको छैन भने त्यसको भिन्न कानूनी परिणाम रहने।

सामान्यतया बाबुआमाले आफ्नो सन्तानको अंश हक वा कानूनबमोजिम पाउने भागमा नै प्रतिकूल असर पर्ने गरी व्यवहार गर्ने अपेक्षा गरिँदैन । तर बाबु वा आमाबीच र छोराछोरीबीच कुनैरूपमा सम्बन्ध बिग्रेको अवस्थामा त्यस्तो प्रतिकूल परिणाम निकाल्ने गरी आत्मघातीरूपमा पनि अंश लिनु दिनु गर्दैनन् भन्न सकिँदैन । सगोलको सम्पत्तिमा प्रत्यक्ष वा परोक्षरूपमा कानूनी हक वा हित भएका सन्तानहरूको

अंश अपुतालीको हकमा अघिल्लो पुस्ताको अंशियार भएको नाताले जसरी पनि प्रभाव पार्न पाइन्छ भन्ने कुरा कानून, न्याय र विवेकसङ्गत हुँदैन । त्यसैले अंशियारहरूबीच अंश लिनुदिनु गर्दा अंशियारले कानूनबमोजिम भाग शान्ति लिए पाएको छ वा छैन र त्यसबाट तिनका आआफ्नो सन्तानमा असर पर्न गएको छ वा छैन भन्ने कुरा हेर्न जरूरी हुने।

प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा मूल अंशियार स्व. दलबहादुरको श्रीमती विष्णुमाया मगर्नीका चार छोराहरूमा कमलबहादुर, जीतबहादुर, छत्रबहादुर र खड्गबहादुरबीच मिति २०६२।८।८ मा भएको बन्डा पत्रमा वादीहरूका पति पिता कमलबहादुरले पचास हजार रूपैयाँ मात्र अंश बापत बुझिलिएको तर अन्य अंशियार प्रतिवादीहरूले ज.वि. ५-१३-१८ जग्गा बन्डा गरी लिएको देखिएको र सो बन्डापत्रमा वादीहरूलाई साक्षी राखिएको वा निजहरूको मन्जुरी लिइएको अवस्था नदेखिएकाले प्रतिवादीहरूको आचरण एवम् व्यवहार हेर्दा प्रतिवादीहरूबीच भएको उक्त बन्डापत्र पैतृक सम्पत्तिको न्यायपूर्ण तरिकाले बन्डा गर्ने उद्देश्यको नभई अंश पाउने अधिकार भएका तल्लो पुस्ताका अंशियार यी वादीहरूको अंश हक अपहरण गरी निरंशी बनाउने उद्देश्य खडा गरिएको बन्डापत्र भएको भन्ने देखिन आएकोले सुरू फैसला केही उल्टी गरी प्रतिवादीहरूबाट पेस हुन आएको तायदाती फाँटवारीमा उल्लेख भएको सम्पत्तिबाट पाँच भागको एक भाग प्रतिवादी कमलबहादुरको भागमा पर्न आउने सम्पत्तिको अंशबन्डाको महलको १७ नं. बमोजिम विवाह नभएका चार जना अंशियारको विवाह खर्च परसारी बाँकी रहन आउने तायदातीमा उल्लिखित सम्पत्तिको अंशियारमध्येकी कमलबहादुरकी छोरी निलम क्यापछाकीको विवाह भई अंशियार नरहेको भन्ने उल्लेख भएकाले सात भागको दुई भाग अंश वादीहरूले छुट्ट्याई लिन पाउने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको फैसला मनासिब देखिन आउने हुँदा सुरू धनुषा जिल्ला अदालतको फैसला केही उल्टी गरी वादीहरूले जम्मा सम्पत्तिको सात भागको दुई भाग अंश छुट्ट्याई लिन पाउने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।२।९ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७२ साल मङ्सिर १६ गते रोज ४ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा यसैअनुसार फैसला भएका छन्:

- ०६८-CI-१२१५, अंश भरपाई बदर दर्ता चलन, *विष्णुमाया मगर्नीसमेत वि. लक्ष्मी क्यापछाकीको हकमा संरक्षिका भई आफ्नो हकमा समेत डुकुमाया क्यापछाकी*
- ०६८-CI-१२१६, लिखत दर्ता बदर दर्ता, *विष्णुमाया क्यापछाकीसमेत वि. लक्ष्मी क्यापछाकीको हकमा संरक्षिका भई आफ्नो हकमा समेत डुकुमाया क्यापछाकी*
- ०६८-CI-१२१७, लिखत दर्ता बदर दर्ता, *अन्तमाया क्यापछाकीसमेत वि. लक्ष्मी क्यापछाकीको हकमा संरक्षिका भई आफ्नो हकमा समेत डुकुमाया क्यापछाकी*
- ०६८-CI-१२१८, हालेदेखिको बकसपत्र बदर दर्ता बदर, *विष्णुमाया मगर्नीसमेत वि. लक्ष्मी क्यापछाकीको हकमा संरक्षिका भई आफ्नो हकमासमेत डुकुमाया क्यापछाकी*
- ०६८-CI-१२१९, हालैदेखिको बकसपत्र बदर दर्ता बदर, *विष्णुमाया क्यापछाकी वि. लक्ष्मी क्यापछाकीको हकमा संरक्षिका भई आफ्नो हकमा समेत डुकुमाया क्यापछाकी*

५

स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय, ०६८-CI-१४६१, अंश

चलन, *उत्तिमलाल यादव वि. बलराम यादव*

वस्तुतः वादी प्रतिवादीहरूबीच नातामा कुनै विवाद नरही निजहरू अंशियार नाताभित्रको व्यक्ति रहेको भन्ने कुरामा मुख मिलेको देखिएको छ । प्रतिवादी कुसुमलालको जेठी श्रीमती रूदनीदेवी पट्टिको २ जना छोरामा जेठा थेपचा र कान्छा वादी बलराम रहेको एवम् प्रतिवादी कुसुमलाल र निजको कान्छी श्रीमती जहरिसमेत गरी वादी प्रतिवादीबीच ५ अंशियार रहेको देखिन आउँछ । यी अंशियारबीच रीतपूर्वक अंशबन्डा भएको भन्ने मिसिलबाट देखिएको छैन । यस अवस्थामा वादीले प्रतिवादीहरूबाट अंश नपाउने भन्न नमिल्ने ।

निजी आर्जनको सम्पत्ति बन्डा गरेको पुनरावेदन अदालतको फैसला नमिलेको भन्ने प्रतिवादी उत्तिमलालको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा यी पुनरावेदक उत्तिमलालले प्रतिवादी कुसुमलाल यादवउपर सुनसरी जिल्ला अदालतमा दिएको अंश मुद्दामा पनि पुनरावेदकले यो पुनरावेदन पत्रमा जिकिर लिएका जग्गाहरू निजी आर्जनको नभएको भनी बन्डा लाग्ने ठहरी भएको फैसला अन्तिम भएर रहेको देखिएको एवम् उल्लिखित जग्गा निजी आर्जनको देखिने वस्तुनिष्ठ प्रमाण पुनरावेदकबाट पेस भएको नदेखिएकाले प्रमाण ऐन, २०३१ को दफा ६(१) बमोजिम एकासगोलका जुनसुकै व्यक्तिको नाममा रहेको सम्पत्ति अन्यथा प्रमाणित नभएसम्म सगोलको मान्नुपर्ने कानूनी व्यवस्था रहेको सन्दर्भमा उक्त जग्गाको निजी आर्जनको भएकाले बन्डा हुनु नपर्ने भन्ने प्रतिवादी उत्तिमलालको जिकिर मनासिब देखिएन । सो जग्गासमेत बन्डा लाग्ने गरेको पुनरावेदन अदालतको फैसला मनासिब देखिन आउने हुँदा पेस भएको तायदातीबाट दुई भाग लगाई सो दुई भागको एक भागबाट पाँच भाग लगाई सोबाट एकभाग अंश वादीले पाउने ठहराएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।४।३२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी उत्तिमलाल यादवको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल मङ्सिर १६ गते रोज ४ शुभम् ।

६

स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०६७-CR-१२७३, कर्तव्य ज्यान, *करन सुनार वि. नेपाल सरकार*

उपचारको क्रममा बिमारीले व्यक्त गरेको सत्य असत्य कुराको छुट्टै अनुसन्धानको विषय हुन्छ । तर प्रस्तुत मुद्दामा प्रहरीले मौकैदेखि अनुसन्धान प्रारम्भ गरेकोमा मैनबत्ती वा डिजेल के प्रयोग भई घटना घट्न गएको भन्ने कुराको वैज्ञानिक अनुसन्धान नै भएको देखिएन । पहिलो र दोस्रो दुवै कागज प्रहरीबाटै नै गराएको देखिएको अवस्थामा पहिलो अविश्वनीय र दोस्रो विश्वसनीय भन्न पाउने अवस्था रहँदैन । वास्तविक आगलागी केबाट भएको भन्ने कुराको वैज्ञानिक निष्कर्षबिना कसैलाई लाञ्छित गरी कर्तव्य ज्यानजस्तो मुद्दाको कसुरदार कायम गरी सजाय गर्न मिल्ने हुँदैन । मिसिल संलग्न उल्लिखित तथ्यगत अवस्थाको पृष्ठभूमि हेर्दा प्रतिवादीले अभियोग दाबीबमोजिम आफ्नी श्रीमती भागरथी सुनारलाई डिजेल प्रयोग गरी आगो लगाई मारेको भन्ने कुरा स्पष्ट प्रमाणबाट पुष्टि हुन सकेको नदेखिएकाले प्रतिवादीलाई अभियोग दाबीबमोजिम कसुरदार ठहराएको सुरू र पुनरावेदन अदालतको फैसला मिलेको नदेखिने ।

उल्लिखित तथ्यहरूको विवेचनाबाट पुनरावेदक प्रतिवादीले आफ्नी श्रीमतीलाई डिजेल प्रयोग गरी आगो लगाई ज्यान मारेको भन्ने कुराको विश्वसनीय आधारको अभाव रहेको देखिएकाले प्रतिवादीलाई कसुरदार कायम गरेको सुरू फैसला

सदर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६७।१२।२२ को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी करन सुनारले अभियोग दाबीबाट सफाई पाउने।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७२ साल भदौ २ गते रोज ४ शुभम्।

७

स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०६८-CI-१२२०, १२२१, *धितो लिखत बदर, मुस्तकिम मियाँ वि. मैनादेवी कनवीन, सागर शर्मा वि. मैनादेवी कनवीन*

विवादको ०-०-८ जग्गाको मोल रू.३२,०००।- राखी लिखत पारित भएको देखिएको प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, हेटौंडाले मिति २०६८।६।३० मा गरेको फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा १२ बमोजिम दोहोर्‍याई हेर्न निवेदन दिनुपर्नेमा सो नगरी पुनरावेदनको रोहमा दर्ता भई आएको देखिँदा न्याय प्रशासन ऐन (संशोधनसहित), २०४८ को दफा ९(१)(ग) को अवस्थाबाट प्रस्तुत मुद्दामा पुनरावेदनको रोहबाट औचित्यभित्र प्रवेश गरी निर्णय गर्नुपर्ने अवस्था नहुँदा प्रस्तुत पुनरावेदन खारेज हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७२ साल चैत १४ गते रोज १ शुभम्।

- यसै लगाउको ०६८-CI-१२२२, १२२३, लिलाम सकार तथा दर्ता बदर, *जिल्ला पर्सा, वीरगन्ज उ.म.न.पा. स्थित फाइनान्स लि. शाखा कार्यालय, वीरगन्जको तर्फबाट अख्तियारप्राप्त महाप्रबन्धक सागर शर्मा वि. मैनादेवी कनवीन, मुस्तकिम मियाँ वि. मैनादेवी कनवीन* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

८

स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०६८-CI-१५२५, १२२७, हक कायम नामसारी दा.खा., *पदमनिधि पराजुली वि. साबित्री खत्री, केदार तिमिल्सिना वि. साबित्री खत्री*

जुन फैसलाबमोजिम लिखत रजिस्ट्रेसन गर्न पुर्जी प्राप्त गरेको हो, सो पुर्जीअनुसार कानूनले तोकेको म्यादिभित्र रजिस्ट्रेसन नगरे सो म्याद नाघेपछि फैसलाको औचित्य समाप्त हुने भई फैसलाबमोजिम पाएको भनेको जग्गा साबिक दर्तावालाकै नाउँमा यथावत् कायम रहन जान्छ। यसरी कानूनले तोकेको म्यादभित्र फैसला कार्यान्वयन गर्नुपर्ने दायित्व भएको पक्षले आफ्नो दायित्व पूरा नगरे त्यस्तो फैसलाको आधारले मात्र जहिलेसुकै हक पुग्ने भन्न मिल्दैन। तसर्थ कि.नं.२५२ र २५४ को जग्गा प्रतिवादी पदमनिधि पराजुलीको हक नपुग्ने भई साबिक दर्तावाला गोवर्धन तिमिल्सिना र परशुराम तिमिल्सिनाकै नाउँमा यथावत् कायम रहन गई सो जग्गामा गोवर्धन तिमिल्सिनाको छोरी साबित्री खत्री र परशुराम तिमिल्सिनाको छोरा केदार तिमिल्सिनाको संयुक्त हक कायम हुने देखिने।

संयुक्त भोग दर्तामा रहेको जग्गा को कसको हक कायम हुने हो भन्ने सम्बन्धमा विचार गर्दा प्रमाण ऐन, २०३१ को दफा ६ अन्तर्गत अदालतले अनुमान गर्ने कुरामध्ये अन्यथा प्रमाणित नभएसम्म निम्नबमोजिम हुने कानूनी व्यवस्था रहेको छः

> एकाघरसँगका अंशियारहरूमध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्नेछ।
>
> दुई वा सोभन्दा बढी व्यक्तिहरूको भोग वा चलनमा रहेको सम्पत्तिमा ती व्यक्तिहरू सबैको बराबर हक छ भनी अदालतले अनुमान गर्नेछ।

उपर्युक्त कानूनी व्यवस्थाको अवलोकनबाट विवादको जग्गाहरू यी वादी साबित्री खत्री र प्रतिवादी केदार तिमिल्सिनाका बाजे स्व. गोपाल तिमिल्सिनाको

शेषपछि यी प्रतिवादीका पिताहरूको संयुक्त भोग दर्तामा रहिरहेकोमा वादीका पिता गोवर्धन तिमिल्सिनाले आफ्नो हक हिस्सा बिक्री गरिसकेको हुँदा सो जग्गा प्रतिवादीहरूका पिता परशुराम तिमिल्सिनाको मात्र अंश भागको भएको हुँदा आफ्नो नाउँमा एकलौटी हक कायम गरिपाउँ भन्ने प्रतिवादी केदार तिमिल्सिनाको पुनरावेदन जिकिर मिसिल संलग्न प्रमाणबाट प्रमाणित हुन सकेको नदेखिने।

तसर्थ उल्लिखित तथ्य, व्यवस्था र विवेचित आधार प्रमाणबाट कि.नं.२५२, २५४ र २० को जग्गा यी वादी साबित्री खत्री र प्रतिवादी केदार तिमिल्सिनाको बराबर हक लाग्ने देखिँदा आधामा वादी साबित्री खत्रीको हक कायम हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।११।४ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। प्रतिवादी पदमनिधि पराजुली र केदार तिमिल्सिनाको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : महेन्द्रप्रसाद भट्टराई
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०७२ साल चैत १४ गते रोज १ शुभम्।

- यसै लगाउको ०६८-CI-१५२६, हक कायम नामसारी दा.खा., *पदमनिधि पराजुली वि. साबित्री खत्री* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

९

स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०७१-CI-१०५७, अंश, *कुलबहादुर थापामगरसमेत वि. मिनबहादुर थापामगर*

स्त्री अंश धनको महलको १ नं. मा कन्या, सधवा वा विधवा स्वास्नी मानिसले आफ्नो आर्जनको चलअचल आफ्नो खुस गर्न पाउँछन् भन्ने व्यवस्था रहेको पाइन्छ भने सोही महलको ५ नं. मा महिलाले आफ्नो दाइजो पेवा आफूखुस गर्न पाउँछन् भन्ने व्यवस्था रहेको पाइन्छ। यस्तै अंशबन्डाको १८ नं. मा आफ्नो ज्ञान वा सीप वा प्रयासबाट निजी आर्जन गरेको वा कसैबाट निजी तवरले दान वा बकस पाएको वा कसैको अपुताली परेको वा स्त्री अंश धनको महलको ५ नं. बमोजिम पाएकोमा त्यस्तो आर्जन वा पाएको सम्पत्ति सो आर्जन गर्ने वा पाउने अंशियारको निजी ठहरी आफू खुसी गर्न पाउने, बन्डा गर्न कर नलाग्ने भन्ने व्यवस्था रहेको पाइन्छ। यसरी स्त्री अंश धनको महलको १ नं. र ५ नं. बमोजिम महिलाले पाएको दाइजोमा निजको आफूखुसी अधिकार रहने भई त्यस्तो सम्पत्ति बन्डा गर्न निजलाई बाध्य गर्न मिल्ने देखिँदैन। महिलाको सो अधिकारलाई अंशबन्डाको महलको १८ नं. ले पनि स्वीकार गरेको देखिने।

अंशबन्डाको १, १० र १८ नं. स्वतन्त्र अस्तित्वका रहेका छन्। अंशबन्डाको १नं. बमोजिम बाबुआमाले आफ्ना सन्तानलाई खान लाउन दिनुपर्ने र नदिए अंश दिनुपर्ने कर्तव्य पूरा गर्नुपर्ने हुन्छ। सो कार्य गर्दा पिता पुर्खाको पुर्ख्यौली सम्पत्ति र बढे बढाएको आफ्नो सम्पत्तिसमेतबाट बन्डा दिनुपर्ने अवधारणा सो कानूनी व्यवस्थाको हो। त्यसको अतिरिक्त स्त्री अंशधनको १, ३ र ५ नं. मा विशेष व्यवस्था पनि रहेको छ र सो व्यवस्था अंशबन्डाको कानूनअन्तर्गतको भन्न पनि नमिल्ने भई समवर्ती कानूनको रूपमा रहेको मान्नुपर्ने हुन आउँछ। अर्थात् अंशबन्डाको कानूनको व्याख्या गर्दा स्त्री अंश धनको महलको व्यवस्थालाई उपेक्षा गर्न नमिल्ने भई सामञ्जस्यताका साथ व्याख्या गर्नुपर्ने हुन्छ। महिलाहरूको हक हितलाई लक्षित गरी विशेषरूपले व्यवस्था गरेको स्त्री अंश धनको व्यवस्थाको आफ्नै महत्त्व हुने हुँदा माइती मावलीबाट पाएको सम्पत्तिमा अन्य अंशियारको हक हिस्सा सिर्जना गर्ने हो भने त्यस्तो सम्पत्तिको स्वतः र खास प्रयोजन (Sanctity) समाप्त हुन जाने।

दाबीको जग्गा पुनरावेदक दिलमाया थापा मगरले आफ्नो आमा लिला रानाबाट भूदान तथा हालैको बकसपत्रबाट निज दिलमायाकै लागि नै

दिइएको हुँदा निज दिलमाया थापा मगरले आफू खुसी गर्न नपाउने तर्क गर्दा बकसपत्र र दान दातव्यको प्रयोजन नै समाप्त हुन जाने भएकोले प्रतिवादी दिलमाया थापा मगरले आफ्नी आमा लिला रानाबाट भूदानबाट प्राप्त गरेको कि.नं.४९७ मध्येको बाँकी कि.नं. ६३१९ को जग्गा तथा बकसपत्रबाट प्राप्त गरेको कि.नं. ११०, १४८, ८९७, ६६८ र ७२२ को जग्गासमेतमा निजले आफूखुस गर्न पाउने भई उक्त जग्गा बन्डा लाग्न सक्ने देखिन नआउने।

माथि विवेचित आधार कारणहरूबाट प्रतिवादी दिलमाया थापा मगरले आफ्नी आमा लिला रानाबाट भूदानबाट प्राप्त गरेको कि.नं. ६३१९ र हालैको बकसपत्रबाट प्राप्त गरेको कि.नं. ११०, १४८, ८९७, ६६८ र ७२२ को जग्गा निज दिलमायाले आफूखुस गर्न पाउने सम्पत्ति भई सो सम्पत्तिबाट वादीले अंश प्राप्त गर्न सक्ने नदेखिएकोले सो जग्गासमेत तायदातीमा समावेश गरी बन्डा गर्ने ठहर्‍याएको कास्की जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पोखराको मिति २०७१।८।१५ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने।

इजलास अधिकृत: शिवहरी पौड्याल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७२ साल चैत १७ गते रोज ४ शुभम्।

- यसै लगाउको ०७१-CI-१०५८, हालैको लिखत बदर दा.खा., *दिलमाया थापामगरसमेत वि. मिनबहादुर थापामगर* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

१०

स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी, ०६९-CR-०११०, कर्तव्य ज्यान, *आइते नेपाली सार्की वि. नेपाल सरकार*

मिति २०६७।१२।२८ गते दिउसो २:३० बजेको समयमा आइते नेपालीले अमृता नेपालीलाई आफ्नो घरभित्र थुनी घरमा आगो लगाई कर्तव्य गरी मारेको र जङ्गलतर्फ भागी गएकोले पक्राउ गरी कारवाही गरिपाउँ भन्ने पतिराम ठाडाको जाहेरीबाट उठान भएको प्रस्तुत मुद्दामा २०६७।१२।२८ गते चैते दशैं परेकोले श्रीमतीसँग बसी रक्सी खायौं, दिउसो मैले तमाखु सल्काउँदा आगोले छानामा टिपेर आगो लाग्यो, गाउँका मानिसहरू आई आगो निभाउन लागे, जाहेरवालाले झापड हानेपछि म ज्यामिरे खोलामा गई बसेको हुँ भनी प्रतिवादी आइते नेपालीले अनुसन्धानको क्रममा बयान गरेको देखिन्छ। जाहेरी दर्खास्त, लास मुचुल्का, शव परीक्षण प्रतिवेदन, जाहेरवाला र वादीका साक्षीले अदालतमा गरेको बकपत्रसमेतबाट मृतकको मृत्यु यी प्रतिवादीले लगाएको आगोको कारण जल्न गई भएको पुष्टि हुन आएको देखिन्छ। प्रतिवादीले घरमा आगो लागेपश्चात् मृतकलाई बचाउनतर्फ नलागी वारदातपछि प्रतिवादी जङ्गलतिर भागेकोलगायतको परिस्थितिजन्य प्रमाणको आधारमा सुरूको फैसला केही उल्टी भई प्रतिवादीलाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने र प्रतिवादी वृद्ध व्यक्ति भएको हुँदा २५ प्रतिशत कैद छुट गरी १५(पन्ध्र) वर्ष कैद सजाय हुने ठहर्‍याई पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०६८।१०।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। अभियोग दाबीबाट सफाइ पाऊँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

कारागार कार्यालय, तुलसीपुर दाङको च.नं. ५२६ मिति २०७२।११।१४ को प्राप्त पत्रमा प्रतिवादी आइते सार्कीको २०७२।१०।१२ गतेका दिन उपचारको क्रममा अस्पतालमा मृत्यु भएको व्यहोरा जानकारीका लागि अनुरोध छ भन्ने पत्र मिसिल सामेल रहेको देखिन्छ। मुलुकी ऐन, अ.बं. १७६ नं. मा "गैह्र मुद्दामा अभियोग लागेको मानिस फैसला नहुँदै मर्‍यो भने सो मर्नेलाई खतबात लाग्दैन। सकार गरेको मुद्दामा पनि सकार गर्ने व्यक्तिलाई

सो सकार गरेको नाताले मात्र अपराधी ठहराउन हुँदैन" भन्ने कानूनी प्रावधान रहेको छ । त्यसैगरी मुलुकी ऐन, दण्ड सजायको ३ नं. मा "जरिवाना, कैद वा विशौंद लागेको मानिस सो असुल नहुँदै मर्‍यो भने ऊ मरेपछि माफ हुन्छ" भन्ने कानूनी प्रावधान रहेको छ। उक्त कानूनी प्रावधानअनुसार गैह्र मुद्दामा अभियोग लागेका व्यक्ति फैसला नहुँदै मर्‍यो भने खतबात नलाग्ने, त्यस्तै जरिवाना कैद र विशौंद लागेको व्यक्ति सो असुल नहुँदै मर्‍यो भने ऊ मरेपछि निजलाई लागेको जरिवाना, कैद वा विशौंदसमेत माफ हुने तथ्य पुष्टि हुन आउने।

उल्लिखित तथ्य, व्यवस्था एवम् विवेचनासमेतको आधारमा प्रस्तुत मुद्दामा प्रतिवादी आइते नेपाली (सार्की) अदालतको फैसलाले लागेको कैद भुक्तान गरिरहेको अवस्थामा मिति २०७२।१०।१२ गतेका दिन उपचारको क्रममा अस्पतालमा मृत्यु भएको तथ्य कारागार कार्यालय, तुलसीपुर, दाङको उक्त पत्रबाट देखिन्छ । "अपराधीसँगै अपराधसमेत मर्दछ" भन्ने फौजदारी न्यायको सिद्धान्त रहेको र मुलुकी ऐन, अ.बं. १७६ नं. बमोजिम मर्ने प्रतिवादीलाई खतबात नलाग्ने हुँदा प्रस्तुत मुद्दामा केही गरी रहन नपर्ने।

इजलास अधिकृतः शिवहरी पौडेल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल वैशाख २ गते रोज ५ शुभम्।

११

स.का.मु.प्र.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०७०-CR-०५६५, ०७६१, कर्तव्य ज्यान, *रीता मादेन लिम्बू वि. नेपाल सरकार, नेपाल सरकार वि. मनबहादुर लिम्बू*

मौकामा कागज गर्ने देवीप्रसादले नानी जन्माई मारेर बोरामा हालेर फालेकी छु तिमी अर्को ठाउँमा लगी पुर्नु भनी प्र. रीताले फोनमा मनबहादुरसँग बोलेको सुनेँ भनी बकपत्र गरेको कुरा छ निजले मौकामा लेखाएको कुरा भन्दा बिल्कुल फरक कुरा उल्लेख गरेको त्यस्तो बकपत्र प्रतिवादी सागर विरूद्ध समेत प्रमाणमा लिन मिल्ने देखिँदैन । देवीप्रसादको सो भनाइबाहेक अरू प्रतिवादी सागर भन्ने मनबहादुर लिम्बूलाई कसुरदार ठहर गर्ने भरपर्दो ठोस प्रमाण देखिँदैन । अर्कोतर्फ देवीप्रसादकै बकपत्रलाई आधार मान्ने हो भनेपनि मार्ने कुरामा प्रतिवादीहरूबीच योजना बनेको भन्ने कुरा प्रमाणित नभई मारिसकेको जातकलाई फाल्ने कुरामा सहयोगको अपेक्षा गरिएको अनुमानसम्म गर्न सकिन्छ । कोरा अनुमानबाहेक प्रतिवादी सागर विरूद्धको अभियोगदाबीलाई वादीले निर्विवाद र शङ्कारहित प्रमाणबाट प्रमाणित गर्न सकेको नदेखिनुका साथै शङ्काको सुविधा अभियुक्तले पाउने नै देखिँदा प्रतिवादी सागर भन्ने मनबहादुर लिम्बूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

सुरू तथा पुनरावेदन अदालतले प्रतिवादी रीता मादेन लिम्बूका हकमा मुलुकी ऐन अ.बं. १८८ नं बमोजिम ५ वर्षको कैद हुन व्यक्त रायका सन्दर्भमा विचार गर्दा निजका हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा ऐजनको १३(३) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय ठहर भएको देखिन्छ तापनि कसुरदारको कसुर गर्दाको परिस्थिति, कसुरको मात्रा र कसुरदारउपर तोकिएको सजायको असरबीचको सामञ्जस्यतालाई विवेकसङ्गतरूपमा विचार गरेर मात्रै अ.बं. १८८ नं. को प्रयोग गर्नुपर्ने देखिन्छ। प्रस्तुत मुद्दामा प्रतिवादी रीता मादेन लिम्बूले लोग्ने विदेश गएको परिस्थितिमा परपुरूषसँग अवैध यौन सम्बन्ध राखेको र सोही कारणबाट गर्भधारण भएको देखिन आउँछ । आफ्नो लोग्ने छँदाछँदै अर्काको लोग्नेसँग शारीरिक सम्बन्ध हुनु तथा समयमै गर्भपतनको प्रयास विफल भएपछि विवाह गरी बस्ने योजना बनाएको र सोसमेत असफल हुने अवस्था उत्पन्न भएपछि बाध्य भई आफैँले जन्म दिएको शिशुको कर्तव्य गरी मारेको

घटनाक्रमबाट पुष्टि हुन आउने।

प्रस्तुत मुद्दाको घटना एवम् परिस्थिति हेर्दा सामाजिक लोकलाजको कारण आफैँले जन्म दिएको शिशुलाई मार्नुपर्ने परिस्थिति यी प्रतिवादी रीता मादेनलाई भएको देखिन्छ। तसर्थ सुरू तथा पुनरावेदन अदालतले प्रतिवादीलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कैद वर्ष ५ हुनुपर्ने भनी व्यक्त गरेको राय न्यायको रोहमा मिलेकै देखिँदा पुनरावेदक प्रतिवादी रीता मादेन लिम्बूले अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं.को कसुर गरेको ठहर्‍याई निजलाई सोही १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद भई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ५ वर्षको कैद हुने भनी व्यक्त रायलाई सदर हुने तथा प्रतिवादी सागर भन्ने मनबहादुर लिम्बूले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याएको ताप्लेजुङ जिल्ला अदालतको रायसहितको मिति २०६९।१।२१।५ को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, इलामको मिति २०७०।२।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। अभियोग दाबीबमोजिम प्रतिवादी सागर भन्ने मनबहादुर लिम्बूलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकार र अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादी रीता मादेन लिम्बूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल वैशाख ३० गते रोज ४ शुभम्।

इजलास नं. १

१

मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री दीपकराज जोशी, ०७२-WH-०००६, बन्दीप्रत्यक्षीकरण, *रविन श्रेष्ठ वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत*

मिति २०६९।२।१९ को वारदातमा निवेदक प्रतिवादीउपर डाँका उद्योग र हातहतियार खरखजाना मुद्दा चली फैसला हुँदा दुवै मुद्दामा तीन / तीन वर्ष कैद सजाय र हातहतियार खरखजाना मुद्दामा कैद सजायको अतिरिक्त रू.६०,०००।- जरिवाना पनि भएको र मिति २०६९।२।१९ देखि नै हातहतियार खरखजाना मुद्दामा निरन्तर थुनामा रहेको निवेदकलाई डाँका उद्योग मुद्दामा काठमाडौं जिल्ला अदालतले दिएको कैदी पुर्जीबमोजिम २०७२।९।२३ सम्म थुनामा बस्नु पर्ने हो, होइन भन्नेसम्बन्धमा हेर्दा एउटै वारदातमा दुईवटा मुद्दा चल्न सक्ने तथ्यमा विवाद देखिएको छैन । त्यसरी एउटै वारदातमा चलेको दुई मुद्दामा कुनैमा घटी र कुनै मुद्दामा बढी सजाय भएको अवस्थामा उल्लिखित कानूनी व्यवस्थाअनुसार पनि कैद खापिनु पर्ने भई ठूलो खतको सजाय मात्र हुने।

निवेदक मिति २०६९।२।१९ देखि नै थुनामा निरन्तर रहेको देखिन आउँछ । कुनै पनि व्यक्ति थुना वा कैदमा बस्ने कार्य कानूनबमोजिम हुन्छ भने सोभन्दा बढी थुना वा कैद बसेको कार्य गैरकानूनी हुन्छ । गैरकानूनीरूपमा कोही कसैलाई थुनामा वा कैदमा राख्न मिल्दैन। त्यसरी बढी समय थुनामा राखिएमा व्यक्तिको वैयक्तिक स्वतन्त्रता र नागरिक अधिकार हनन् त हुन्छ नै साथसाथै कानूनी व्यवस्था र अवलम्बन गरी आएको विधिशास्त्र पनि पराजित हुने।

निवेदकले डाँका उद्योग र हातहतियार खरखजाना मुद्दामा भएको फैसलाउपर पुनरावेदन नगरी दुवै फैसला अन्तिम भएर बसेको देखिन्छ। मुलुकी ऐन दण्ड सजायको १० र ४१ नं. मा माथि उल्लिखित कानूनी व्यवस्था अनुसार डाँका उद्योग मुद्दामा तीन वर्ष कैद सजाय हुने भएपनि निवेदक एउटा कलमको तीन वर्ष मात्र थुनामा बस्नु पर्नेमा मिति २०६९।२।१९ देखि नै थुनामा रहेकोले डाँका उद्योग मुद्दाको कैदी पुर्जीअनुसार मिति २०७२।९।२३ सम्म थुनामा बस्नु पर्ने भन्न नमिल्ने।

काठमाडौं जिल्ला अदालतले निवेदकलाई

मिति २०७२।९।२३ सम्म कैद बस्नु पर्ने गरी दिएको कैदी पुर्जी र मिति २०७२।२।१४ मा गरेको आदेश कानूनी त्रुटिपूर्ण देखिन आउने।

अतः निवेदकलाई काठमाडौं जिल्ला अदालतले डाँका उद्योग मुद्दामा दिएको कैदी पुर्जी प्रत्यक्षरूपले प्रथम दृष्टिमा नै मुलुकी ऐन, दण्ड सजायको १० र ४१ नं. को कानूनी व्यवस्थाविपरीत रहेको र सो फैसलामा प्रत्यक्ष कानूनी त्रुटि (Absolute error of law) भएको देखियो। त्यसकारण निवेदकलाई दुवै कसुरबापत भएको कैद सजाय अलग अलग भुक्तान गर्नुपर्ने नभई एकै पटक भुक्तान हुने अर्थात् जरिवाना बुझाइसकेको अवस्थामा तीन वर्ष मात्र कैद भुक्तान गरे हुने स्पष्ट देखिएकोले निवेदकलाई आजै थुना मुक्त गरिदिनु भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

शाखा अधिकृत : रामु शर्मा

कम्प्युटर : गीता घिमिरे (गिरी)

इति संवत् २०७२ साल असोज २० गते रोज ४ शुभम्।

२

मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय, ०७०-CR-०१८२, ०७०-CR-०६२१, कर्तव्य ज्यान, *समप्रसाद अन्सारी वि. नेपाल सरकार, नुरसेद मिकरानी वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीहरूले आफ्नो निर्दोषिताको प्रमाणसमेत पुर्‍याउन नसकेको र कानूनबमोजिमको रीत पुर्‍याई तयार पारिएका घटनास्थल मुचुल्का एवम् बरामदी मुचुल्कालाई मौखिकरूपमा खण्डन गरेपनि सो खण्डनलाई आफ्नो साक्षी प्रमाणले पुष्टि गराउन सकेको देखिन आएन। अर्कोतर्फ घटना विवरणका फणिन्द्र साहले प्रतिवादीहरूले नविनकुमार साहलाई धारिलो हतियार प्रहार गरी मारेका हुन् भनी लेखाइदिएको देखिन्छ भने जाहेरवालाले मेरो लाटो भाइलाई जिस्क्याएको विवादमा मेरो आमासँग झगडा हुँदा कुटपिटसमेत गरी भागेका र सोही रिसइवीले प्रतिवादीहरूले खुकुरीले टाउको, कोखा, घाँटीलगायतको भागमा प्रहार गरी वीभत्स तरिकाले काटी कर्तव्य गरी मारी खोलामा फ्यालेका हुन् भनी वादी नेपाल सरकारको अभियोग दाबीलाई पुष्टि हुने गरी बकपत्र गरिदिएको देखिन्छ। यसरी जाहेरवाला र घटना विवरणका मानिसको अदालतसमक्ष भएको बकपत्र, हत्यामा प्रयोग भएको खुकुरी, प्रतिवादी नुरसेदको सुत्ने ठाउँबाट बरामद हुनु र अनुसन्धानका क्रममा भएका घटना विवरण कागजसमेतबाट यी प्रतिवादीहरूले नै आफ्नो पूर्व रिसइवीले वीभत्स तरिकाले हत्या गरेपश्चात् अपराध लुकाउनका लागि लासलाई खोलामा फ्यालेको देखिँदा नियोजितरूपले अपराध घटाएको प्रमाणित हुन आउने।

पुनरावेदन अदालत, विराटनगरको मिति २०६९।२।२३ को आदेशानुसार वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानबाट यी प्रतिवादीहरूको उमेर परीक्षण हुँदा मिति २०६९।६।११ को सो अस्पतालको प्रतिवेदन अनुसार प्रतिवादी समसाद अन्सारीको उमेर १९ देखि २० वर्षको देखिएको छ भने नुरसेद मिकरानीको उमेर १८ देखि १९ वर्षको देखिएको छ। अर्थात् मिति २०६७।७।२५ को वारदातका बखत प्रतिवादी समसाद अन्सारी १७ वर्षको देखिन्छन् भने अर्का प्रतिवादी नुरसेद मिकरानी १६ वर्षको भई सबालक नै देखिएका छन्। यसरी प्रतिवादीहरू साबालक देखिई योजनाबद्ध रूपले घातक हतियार प्रहार गरी वीभत्स तरिकाले ज्यान मारी खोलामा फ्यालेको देखिएकाले निजहरूलाई सर्वस्वसहित जन्म कैद ठहर गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला अन्यथा हुने अवस्था नदेखिँदा प्रतिवादीहरू समसाद अन्सारी र नुरसेद मिकरानीलाई सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई भएको सुनसरी जिल्ला अदालतको फैसलालाई सदर हुने ठहर्‍याई भएको पुनरावेदन

अदालत, विराटनगरको मिति २०६९।९।१२ को फैसला सदर हुने ठहर्छ, पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

शाखा अधिकृत : रामु शर्मा

कम्प्युटर : सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७२ साल मङसिर १७ गते रोज ५ शुभम्।

३

मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय, ०६९-CR-१०६७, कर्तव्य ज्यान, *देउमाया भन्ने विवाह थापामगर वि. नेपाल सरकार*

जाहेरवाला चन्द्रबहादुर थापाले मौकामा यी प्रतिवादी देउमाया भन्ने विवाह थापा मगरले वारदातको दिन लाठीले प्रहार गरेको भने लेखाएको देखिन्छ। आफ्नो श्रीमान्लाई तर्साउन मात्र लाठीले हानेको भए आफूले कुटपिट गरेपछि बाहिर लडिरहेका व्यक्तिलाई तत्काल उपचार गराउन लानुपर्ने हुन्थ्यो। तर तत्काल आफूभित्र गएर सुतेको देखिन्छ। आफूले हिर्काउँदा बाहिर लडिरहेका व्यक्तिलाई रातको समयमा पनि हेरविचार गरेको देखिँदैन। भोलिपल्ट बिहान जँगु थापाले मृत्यु भएको भनेपछि मात्र बाहिर निस्केर मृत लास भित्र लगेको देखिन्छ। अतः समग्र मिसिलको अध्ययनबाट पुनरावेदक प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ को १ नं. को कसुर गरेको देखिन्छ। सोबमोजिम आरोपित कसुरमा सजाय गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।११।८ को फैसला मनासिब देखिन आउने।

पुनरावेदक प्रतिवादीलाई पुनरावेदन अदालत, हेटौंडाले मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. अनुसार ८ वर्ष मात्र कैद सजाय गर्ने भनी राय प्रकट गरेकोसम्बन्धमा विचार गर्दा यी प्रतिवादीको पारिवारिक संरचना, निजमाथि आश्रित परिवार र निजले न्याय निरूपणमा गरेको सहयोग समेतबाट यी प्रतिवादीलाई ठहरेबमोजिम कैद सजाय गर्दा चर्को पर्ने देखिएकोले निजलाई ८ (आठ) वर्ष कैद सजाय गर्दा प्रतिवादीलाई सजायको महसुस भई कानूनको मनसाय पनि पूरा हुने देखिँदा प्रतिवादीलाई ८ वर्ष कैद सजाय गर्ने प्रस्तावित राय सदर गर्ने पुनरावेदन अदालत, हेटौंडाको राय पनि मिलेकै देखिँदा सदर हुने।

शाखा अधिकृत : रामु शर्मा

कम्प्युटर: टेकबहादुर खड्का

इति संवत् २०७२ साल मङ्सिर १७ गते रोज ५ शुभम्।

४

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी, ०६९-CR-०७५३, वैदेशिक रोजगारसम्बन्धी कसुर, *सुनिल शाही वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीले वैदेशिक रोजगारको लागि कानूनबमोजिम इजाजत प्राप्त गरेको देखिँदैन र इजाजत प्राप्त नगरी निजले जाहेरवालाको भाइ लालबाबु ठाकुरलाई विदेशमा रोजगारमा लगाइदिने भनी पेश्की स्वरूप रू.१,००,०००।- (एक लाख) लिई माडागास्कर भन्ने देशसम्म पुर्‍याएको तथ्य मिसिल संलग्न कागज प्रमाणबाट खम्बीर हुन आएबाट निज प्रतिवादीको कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीत रहेको प्रस्ट देखिन आउने।

पुनरावेदक प्रतिवादीले न्यायाधिकरणमा बयान गर्दा आरोपित कसुरमा इन्कार रही बयान गरे तापनि जाहेरवालाबाट १,००,०००।- (एक लाख रूपैयाँ) लिएको लिखतमा आफूले सहिछाप गरेको तथ्यमा स्वीकार गरेका, उक्त एक लाख रूपैंया हवाई टिकटको लागि लिएको भनी जिकिर लिए तापनि सो जिकिरलाई तथ्ययुक्त र विश्वसनीय प्रमाणबाट पुष्टि गर्न नसकेको, अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा आफूले बिना इजाजत जाहेरवालाको भाइलाई माडागास्करमा रोजगारमा लगाइदिने भनी एक लाख रूपैयाँ लिई माडागास्करसम्म पुर्‍याएको भनी आरोपित कसुरमा साबित रहेको र उक्त साबिती बयानलाई जाहेरी व्यहोरा र जाहेरवालाले

न्यायाधिकरणमा गरेको बकपत्रसमेतबाट समर्थित हुन आएको अवस्थामा प्रस्तुत मुद्दामा वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंले गरेको फैसला मनासिब रहेको देखिने हुँदा पुनरावेदक प्रतिवादीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ अन्तर्गतको कसुरमा ऐ. ऐनको दफा ४३ बमोजिम ३ (तीन) वर्ष कैद र रू.३,००,०००।- (तीन लाख रूपैयाँ) जरिवाना हुने र १,००,०००।- (एक लाख रूपैयाँ) र सोको ५० प्रतिशतले हुने हर्जानासमेत गरी जम्मा रू. १,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जाहेरवाला कर्पुरी ठाकुरले पुनरावेदक प्रतिवादीबाट भरिपाउने ठहरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६९।९।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर : गीता घिमिरे (गिरी)

इति संवत् २०७२ साल कात्तिक १० गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको ०६९-CR-०७५२, वैदेशिक रोजगारसम्बन्धी कसुर, *सुनिल शाही वि. नेपाल सरकार* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएका छन् ।

५

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी, ०६८-CI-०६४८, नामसारी निर्णय बदरसमेत, *भिमसेन राई वि. ज्ञानु राई*

मुलुकी ऐन, अंशबन्डाको ३५ नं. ले अबन्डा रहेको सम्पत्ति हक पुग्ने अंशियारले पाउँछन् भन्ने व्यवस्था हुँदा कि.नं. ७१४ को जग्गा घर अबन्डा रहेकोले मेरो हक जति मैले पाउनुपर्दछ । अपुतालीको २ नं. अनुसार म पनि समान तहको अंशियार हुँदा मेरो पनि उक्त घरमा पिताको मृत्युपश्चात् हक लाग्ने हुँदा फिराद दाबीबमोजिम आमा ज्ञानु राईले एकलौटी नामसारी गरेको मा.पो.का.ललितपुरको मिति २०६४।७।२९ को निर्णय मेरो हक जतिमा बदर गरिपाउँ भनी वादीको पुनरावेदन जिकिर रहेको पाइयो । उक्त पुनरावेदन जिकिरतर्फ हेर्दा, वादीले पिता प्रेमबहादुर राईबाट कि.नं.७१२ को जग्गा अंशबापत बुझी मिति २०४२।८।११ मा गरेको अंश भरपाईको लिखतमा प्रतिवादी ज्ञानु राई रोहबरमा बसेको देखिँदैन । कानूनबमोजिम पिता प्रेमबहादुर राई र प्रतिवादी आमा ज्ञानु राईबीचमा अंशबन्डा भएको देखिँदैन । यसर्थ वादी भिमसेन राईको पिता प्रेमबहादुर राई र आमा ज्ञानु राई एकासगोलमा रहेको पुष्टि हुन्छ । मिति २०४२।८।११ को अंश छोडपत्रको लिखतबाट अलग भएपछि सो लिखतमा पुनरावेदक ज्ञानु राई रोहबरमा साक्षी नबस्दैमा पुनरावेदक पिता भिमसेन राई आमा ज्ञानु राईबाट अलग भएका छैनन् भन्न पनि नमिल्ने ।

अतः उल्लिखित तथ्य, व्यवस्था एवम् विवेचनासमेतको आधारमा कि.नं.७१४ को जग्गा र सोमा बनेको घरको आधा भागमा वादीको हक हुने हुँदा वादीको आधा हक जतिको घर जग्गाको नामसारी निर्णय बदर भई सो हदसम्म यी वादीको नाममा नामसारी र दर्तासमेत हुने गरी सुरू ललितपुर जिल्ला अदालतको मिति २०६६।१०।२७ मा भएको फैसला उल्टी गरी कि.नं.७१४ को जग्गा र सोमा बनेको घरसमेतमा वादी दाबी नपुग्ने ठहर्‍याई पुनरावेदन अदालत, पाटनले मिति २०६८।२।३० मा गरेको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः प्रेम खड्का

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७२ साल साउन २८ गते रोज ५ शुभम् ।

- यसै लगाउको ०६८-CI-०६४९, लिखत बदर दर्तासमेत, *भिमसेन राई वि. ज्ञानु राईसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

६

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय, ०६९-WO-१०५३, परमादेश, *राधेश्याम गिरी वि. अन्तरिम मन्त्रिपरिषद्को अध्यक्ष, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५४ मा भएको व्यवस्था अनुसार निजामती सेवा ऐन, २०४९ को दफा ७(७) मा निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैँतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई सत प्रतिशत मानी महिला, आदिवासी, जनजाति, मधेशी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका व्यक्तिहरूबीच प्रतिस्पर्धा गराई समावेशी प्रणालीको माध्यमबाट समेत नेपाल सरकारबाट निजामती सेवामा उपयुक्त व्यक्ति समावेश गराउने उद्देश्य लिएको पाइन्छ। यस्तो समावेशी प्रणाली स्वीकार गर्नुको अर्थ योग्यताप्रणाली इन्कार गर्नु होइन। समावेशी र खुल्ला उम्मेदवारहरूमध्ये जो कोही पनि उत्कृष्ट हुनसक्ने अवस्था रहन्छ। लोकसेवा आयोगबाट लिइने परीक्षा प्रणालीमा खुलातर्फका उम्मेदवारका लागि छुट्टै प्रश्नपत्र र समावेशीतर्फका लागि छुट्टै प्रश्नपत्र बनाई परीक्षा लिएकोसमेत देखिँदैन। समान प्रकृतिको पाठ्यक्रम अङ्कभार र परीक्षणविधिबाट खुल्ला र समावेशीको फरकफरक सूचनाले छुट्टाछुट्टै योग्यताक्रम प्रकाशन गर्दा सिफारिस उम्मेदवारहरूबीच उत्कृष्टताको प्रदर्शन भएको देखिँदैन। एकमुष्ठ योग्यताक्रमको सूची प्रकाशन भएको खण्डमा लोकसेवा आयोगको प्रभावकारिता तथा विश्वासनीयता र प्रकाशित नतिजा उत्कृष्ट हुने हुँदा समावेशी र खुलाको एकमुष्ठ योग्यताक्रमको सूची प्रकाशन गर्नु उपयुक्त देखिने।

विपक्षी लोक सेवा आयोग केन्द्रीय कार्यालयको तर्फबाट पेस भएको लिखित जवाफमा पनि यस अदालतको मिति २०६९।३।२४ मा जारी भएको रिट निवेदनमा भएको आदेश प्राप्त हुनुभन्दा अगाडि अन्तिम नतिजा प्रकाशन भइसकेका परीक्षाको हकमा केन्द्र, क्षेत्र र अञ्चलबाट भएका त्यस्ता नतिजाको सङ्ख्या छुट्टै भएकोले सबै विज्ञापनको हकमा एकैपटक एकमुष्ठ नतिजा प्रकाशन गर्न आर्थिक र व्यावहारिकरूपले कठिनाई भएकोले हाललाई अघिल्ला वर्षहरूको एकमुष्ठ योग्यताक्रम प्रकाशन हुन नसकेको भए तापनि सो विषयमा थप अध्ययन गरी आवश्यकताअनुसार एकमुष्ठ सूची प्रकाशन हुन सक्ने विषयलाई आयोगले इन्कार गरेको अवस्था छैन भनी लेखिएको देखिँदा निवेदक राधेश्याम गिरीले एकमुष्ठ योग्यताक्रम सूची प्रकाशन गरिपाउँ भनी दिएको निवेदन अस्वीकार गरेको लोकसेवा आयोगको उक्त कार्य कानूनसम्मत नदेखिने हुँदा निवेदन मागबमोजिम निवेदक सामेल भएको विज्ञापन नं. १३४४/०६६-६७ को अन्तिम नतिजा प्रकाशन र नियुक्तिको लागि अख्तियारवाला सामान्य प्रशासन मन्त्रालयसमक्ष लोकसेवा आयोगले गरेको सिफारिसको योग्यताक्रमको सूचीलाई विज्ञापन नम्बर १३४४ समावेशी मधेशी र विज्ञापन नम्बर १३४५ खुलातर्फको छनौट उम्मेदवारहरूलाई समिश्रण गरी प्राप्ताङ्कको आधारमा एकमुष्ठ योग्यताक्रम सूची प्रकाशन गरी सिफारिस गर्नु भनी विपक्षी लोकसेवा आयोग केन्द्रीय कार्यालयसमेतको नाममा परमादेश जारी हुने।

इजलास अधिकृतः तिर्थराज भट्ट

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल चैत १६ गते रोज ३ शुभम्।

७

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०७०-CR-०२१४, जबर्जस्ती करणी, किरण थापा वि. नेपाल सरकार

पीडितले अदालतमा आफ्नो जन्म २०४९ सालमा भएको भनी घटना घटेको मिति २०६८।४।५ सम्म १६ वर्ष नघाउने गरी बकपत्र गरे पनि निजको जन्म दर्ता प्रमाणपत्रको फोटोकपीमा २०५२।८।१ उल्लेख

भएको देखिँदा मुद्दा परेपछि यी पीडितले साँचो कुरा लेखाएको देखिँदैन । त्यसैले पीडित २०४९ सालमा जन्मेको भन्ने कुनै तथ्ययुक्त प्रमाण पेस नभएको हुँदा जन्मदर्ताको प्रमाणपत्रलाई नै निजको उमेर प्रमाणित गर्ने आधार तथ्ययुक्त प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने हुन आउने ।

प्रतिवादीका साक्षीको भनाइबाट एकातिर निज किरण थापा एक विवाहित र छोराछोरीको बाबुसमेत भइसकेको व्यक्ति देखिन्छन् भने अर्कोतिर नेपाल आर्मीको एक गण र पदमा कार्यरतसमेत रहेका प्रतिवादी किरण थापाले अदालतमा पीडित मेरी श्रीमती हुन् । निजसँग विवाह गरी लगेको हुँ भनी लेखाएको कुरामा कुनै सत्यता भएको पाइँदैन । किन भने पीडित एक १६ वर्ष उमेरसमेत नपुगेकी नाबालिका कक्षा ७ मा स्कुलमा पढ्दै गरेको अवस्था मिसिल संलग्न कागजातबाट देखिन्छ । एक जिम्मेवार व्यक्तिले एक नाबालिकामाथि यस्तो घृणित अनैतिक कार्य गरेबाट यी प्रतिवादीले अदालतसमक्ष आफू निर्दोष भएको कुनै पनि सबुद प्रमाण पेस गर्न नसकी निज पीडितले लगाएको सुनको मुन्द्रीसमेत रू.१६,०००।- मा बिक्री गरी निज पीडितकै खर्चमा निजलाई अनेक प्रलोभनमा पारी घर परिवार तथा सम्बन्धित कुनै पनि व्यक्तिको सम्पर्कबाट टाढा राखी निज नाबालिकामाथि आर्थिक र यौन शोषण गरेको कुरा मिसिल संलग्न आधार प्रमाणबाट पुष्टि हुन आएकोले पुनरावेदन अदालत, पाटनबाट यी प्रतिवादीलाई कसुरदार ठहर्याई गरेको फैसला मनासिब देखिन आउने ।

मिति २०६८।४।५ गतेदेखि ऐ. ११ गतेसम्म यी प्रतिवादी किरण थापा आफू पनि कसैको सम्पर्कमा नआई पीडितलाई पनि लुकाई छिपाई ६, ७ दिनसम्म पटकपटक निज नाबालिकाको मन्जुरी बिना जबर्जस्ती करणी गरेको कुरा पीडित र निज प्रतिवादीलाई आर्मीले खोजतलास गरी पीडितलाई मिति ०६८।४।१२ गते महानगरीय प्रहरीमा जिम्मा लगाई सोपश्चात् मिति २०६८।४।१६ मा भएको पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट निजको यौनाङ्गमा घाउचोट लागेको भन्ने मिसिल संलग्न प्रमाणबाट समेत पुष्टि भएको देखिएबाट यी प्रतिवादीले आरोपित कसुर गरेको कुरा प्रमाणित हुन आई शङ्काको भरमा पुनरावेदन अदालत, पाटनले सजाय गरेको भन्ने निज प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने सुरू ललितपुर जिल्ला अदालतले प्रतिवादी किरण थापालाई आरोपित कसुरबाट सफाइ दिने गरी मिति २०६८।११।१८ मा गरेको फैसला उल्टी गरी निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, जबर्जस्ती करणीको महलको (३) नं. को देहाय ३ बमोजिम ७ (सात) वर्ष कैद सजाय हुने र ऐ. महलको १० नं. बमोजिम प्रतिवादीबाट पीडितलाई रू.२५,०००।- (पच्चीस हजार) क्षतिपूर्तिसमेत भराई दिने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।७।१९ गते भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : तिर्थराज भट्ट

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७२ साल चैत १९ गते रोज ६ शुभम् ।

८

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०७०-CR-०१६३, लागुऔषध खैरो हेरोइन, शेष सोभराति वि. नेपाल सरकार

प्रतिवादी आफू पनि भारतीय नागरिक भएको र उक्त लागुऔषध दिने व्यक्ति पनि भारतीय नागरिक नै भएको मिसिलबाट देखिन्छ । आफू कुष्ठ रोगको बिरामी भई मागी खाने व्यक्ति भएको र आफूले बोकेको सामान लागुऔषध भएको कुराको आफूलाई जानकारी नभएको भनी बयानमा लेखाए पनि उक्त सामान लागुऔषध हो भन्ने निजलाई थाहा नभएको भए आफ्नो संवेदनशील अङ्गमा राखी लुकाई ल्याउनु पर्ने कुनै वस्तुनिष्ठ कारण निजले पेस गर्न सकेको

पनि देखिँदैन । यसबाट यी प्रतिवादी कुष्ठ रोगी भएको बहाना गरी सामान ओसारपसार गर्ने व्यक्ति मात्र नभई लागुऔषधको एउटा कुशल कारोबार गर्ने व्यक्ति पनि हुन् भन्ने कुरा सजिलैसँग अनुमान गर्न सकिने।

प्रतिवादी आफू शारीरिक रूपमा कुष्ठ रोगी हुँ भन्दैमा कानूनले निषेध गरेको कार्य गर्ने छुट कसैलाई पनि हुँदैन । लागुऔषधको कारोबार गर्ने व्यक्ति होइन भनी प्रमाणित गर्ने भार लागुऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ ले निज प्रतिवादीमा नै रहेको देखिन्छ भने सो कुराको प्रमाणसमेत प्रतिवादी शेष सोभरातीले पुर्‍याउन सकेको अवस्था नदेखिएबाट प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। तसर्थ, पुनरावेदन अदालत, हेटौँडाले गरेको फैसला अन्यथा नभई मिलेको देखिन आउने।

माथि विवेचना गरिएका आधार र प्रमाणबाट यी प्रतिवादीबाट ४६ ग्राम लागुऔषध खैरो हेरोइन बरामद भएको देखिएकोले प्रतिवादी शेष सोभरातीले लागुऔषध खरिद, बिक्री वितरण तथा ओसारपसारसमेतको कसुर गरेको देखिँदा निजलाई अभियोग दाबीबमोजिम लागुऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ), (ङ) र (च) को कसुरमा सोही ऐनको दफा १४(१)(छ)२ बमोजिम १० (दश) वर्ष कैद र रू.१,००,०००।- (एक लाख) जरिवानासमेत हुने गरी मकवानपुर जिल्ला अदालतबाट भएको फैसला नै सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, हेटौंडाबाट भएको मिति २०७०।१।१० गते भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः तिर्थराज भट्ट

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल चैत १९ गते रोज ६ शुभम्।

९

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०६९-CR-००१०, कर्तव्य ज्यान, *इन्द्रबहादुर राना वि. नेपाल सरकार*

प्रतिवादीले डराउने उद्देश्यबाट आँसी मृतकको घाँटीतिर सोझ्याउँदा मृतक नभागेको भनी लेखाएको देखिन्छ। मृतकले मादक पदार्थ सेवन गरेकी छिन् भनी प्रतिवादीले जान्दा जान्दै प्रतिवादीको मार्ने मनसाय हुँदैन थियो भने हँसिया जस्तो जोखिमी फलामे हतियारलाई अन्यत्र लुकाई निजलाई शान्त पार्नु पर्ने र निजको नशा कम भएपछि सम्झाउनु बुझाउनु पर्ने थियो। तर प्रतिवादीले मृतकबाट उक्त आँसी खोसी २ पटक मृतकको घाँटीमा प्रहार गरेको भनी प्रतिवादीले बयान गर्दा लेखाइदिएको देखिन्छ। यसबाट प्रतिवादीले हँसियाले पहिलो पटक गरेको प्रहारबाट मृतकको घाँटी नकाटिएपछि अर्को पटक प्रहार गरेको चोटबाट घाँटी काटिन गई अत्याधिक रक्तस्राव भई मृतकको मृत्यु भएको भन्ने कुरा प्रतिवादीकै सुर्खेत जिल्ला अदालतमा गरेको बयानबाट देखिएकोले प्रतिवादीले मृतकको हत्या गर्ने मनसायले हतियारले घाँटीमा प्रहार गरेको पुष्टि हुन आउने।

प्रतिवादीले मृतकलाई हातले कुटपिट गरिसकेपछि मृतकले ल्याएको आँसी खोसी मृतककै घाँटीमा उक्त आँसीले २ पटक प्रहार गरी घाँटी काटिन गई अत्याधिक रक्तस्राव भई मृतकको मृत्यु भएको अवस्था देखिएबाट प्रतिवादीलाई धारिलो हतियारले घाँटीमा प्रहार गर्दा मानिसको मृत्यु हुन सक्छ भन्ने पूर्वज्ञान थिएन भन्न सक्ने अवस्था पनि देखिँदैन । तसर्थ मृतकको मृत्यु प्रतिवादीको ज्यान लिने इविलाग वा मनसाय नभई भवितव्यबाट भएको हो भन्न सक्ने अवस्था नभएबाट प्रस्तुत मुद्दामा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ र ६ नं. आकर्षित हुनसक्ने अवस्था मिसिल संलग्न प्रमाणबाट नदेखिएकाले प्रतिवादीको कम सजाय गरिपाऊँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने हुँदा प्रतिवादी इन्द्रबहादुर रानालाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद सजाय हुने ठहर गरेको

सुर्खेत जिल्ला अदालतको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०६८।१०।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : तिर्थराज भट्ट

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७२ साल चैत १९ गते रोज ६ शुभम् ।

१०

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०७०-CR-०६५१, भ्रष्टाचार नक्कली प्रमाण पत्र, *धनराज जोशी वि. नेपाल सरकार*

प्रतिवादीले विशेष अदालतमा बयान गर्दा मलाई संस्थाले दिएको प्रमाणपत्र गलत हो भन्ने पत्ता पाएको भए पेस गर्ने थिएन । इलाहावादबाट प्राप्त आख्यान महलमा २०१ लेखिएको र कैफियत महलमा पछि हातले १७६।५०० लेखिएकोले थपिएको विषय झुट्टा रहेछ भनी बयान गरेको देखिन्छ । उक्त विवादित प्रमाणपत्रहरू पुनः प्रमाणीकरणका लागि पठाउँदासमेत "c.p. मे परीक्षाफल रूका है" भनी सोही व्यहोरा नै उल्लेख भई आएको देखिन्छ । पुनरावेदक प्रतिवादीको मिसिल संलग्न इन्टर परीक्षा पास गरेको लब्धाङ्क पत्रमा सम्पूर्ण योग २०१।५०० परीक्षाफल श्रेणी III मे पास भनी उल्लेख भएको र उक्त प्रमाणपत्रहरू पटकपटक प्रमाणीकरणका लागि पठाउँदा प्रमाणीकरण नभिडी c.p. मे परीक्षाफल रूका है भनी प्रमाणीकरण भई आएको तथ्यबाट यी पुनरावेदक प्रतिवादीले पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरू नक्कली भएको तथ्य पुष्टि हुन आउने ।

पुनरावेदक प्रतिवादी २०३१ सालदेखि नै शिक्षक सेवामा प्रवेश गरी जल्पादेवी मा.वि.पातल, बाजुरामा नि.मा.वि.द्वितीय पदमा कार्यरत रहेको देखिन्छ । निजले प्राप्त गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरू सम्बन्धमा विवाद सिर्जना भएपछि २०५८।५।४ मा जिल्ला शिक्षा कार्यालयबाट प्रारम्भिक छानबिन भई पुनः जिल्ला शिक्षा कार्यालय बाजुराको मागअनुसार निजले २०६५ सालमा उक्त शैक्षिक योग्यताको प्रमाणपत्रहरू आफ्नो सेवा सुविधा कायम रहिरहने प्रयोजनका लागि नै पेस गरेको भन्ने मिसिलबाट देखिन्छ । निज सरकारी कर्मचारी रहेको कुरामा कुनै शंका देखिँदैन । कुनै पनि सरकारी सेवामा कार्यरत कर्मचारीले आफ्नो स्तरवृद्धिको अपेक्षा राखी सम्भावित शैक्षिक योग्यताको प्रमाणपत्र आफू कार्यरत निकायमा पेस गर्नु स्वाभाविक नै हो । त्यसरी पेस भएका प्रमाणपत्रहरूबाट तत्काल स्तरोन्नति एवम् सेवा सुविधा वृद्धि हुने स्थिति नभएको हुनसक्छ तथापि आफूले आफ्नो सेवा वा स्तरवृद्धिको अपेक्षा राखी पेस भएका प्रमाणपत्रहरूले भविष्यमा सेवा सुविधामा कुनै किसिमको लाभ प्राप्त हुनसक्ने अवस्था नरहने भन्ने पनि हुँदैन । पुनरावेदक प्रतिवादीले पेस गरेका इन्टरमिडियट पास गरेको भनिएका प्रमाणपत्रहरूबाट निजको तत्काल स्तरवृद्धि वा बढुवा हुने नहुने विषयभन्दा पनि उक्त प्रमाणपत्रहरूको सत्यताको विषय नै प्रमुख एवम् महत्त्वपूर्ण रहेको देखिने ।

प्रस्तुत मुद्दामा प्रतिवादीले पेस गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरूका सम्बन्धमा विवाद उत्पन्न भई उक्त प्रमाणपत्रहरूको सत्यता जाँच गर्न नेपाल सरकारको आधिकारिक निकाय उच्च माध्यामिक शिक्षा परिषद्, सानोठिमीमार्फत भारतको उच्च माध्यामिक शिक्षा परिषद्, इलाहावादमा पठाउँदा आधिकारिकता पुष्टि हुन नसकी झुट्टा रहेको भन्ने व्यहोरा उल्लेख भई आएको देखिएकोले त्यस्तो किसिमको प्रमाणपत्रहरू पेस गर्नु नै कसुरजन्य कार्यअन्तर्गत पर्न जाने देखिने ।

उल्लिखित तथ्य, विवेचना र प्रतिपादित सिद्धान्तसमेतका आधारमा पुनरावेदक प्रतिवादी धनराज जोशीलाई कसुर हुँदाको अवस्थामा कायम रहेको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ अनुरूपको कसुरमा ऐ. ऐनको दफा २९(२) बमोजिम रू. ५००।- जरिवाना हुने ठहर्‍याई विशेष अदालत,

काठमाडौंबाट मिति २०७०।३।३१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : दिलीपराज पन्त

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७२ साल पुस २१ गते रोज ३ शुभम्।

इजलास नं. २

१

मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री दीपकराज जोशी, ०७१-RB-०००२, करार ऐनबमोजिम उपयुक्त आदेश जारी गरिपाऊँ, *राजेन्द्र महर्जन वि. फलफूल तथा तरकारी बजार विकास समितिसमेत*

कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति काठमाडौं र यी पुनरावेदक राजेन्द्र महर्जनका बीच कालीमाटी फलफूल तथा तरकारी बजारको पसल नं. ५१३ को पसलमा थोक पसल सञ्चालन गरी कारोबार गर्न २०६५ साल असार मसान्तसम्म कायम रहने गरी करार भएको तथ्यमा विवाद रहेको देखिएन। करार भन्नाले दुई वा दुईभन्दा बढी पक्षका बीच कुनै कार्य गर्न वा नगर्नका लागि गरिएको मन्जुरी सम्झनुपर्दछ। करार अवधिसम्म मात्र करारका पक्षहरू करारबमोजिमको कार्य गर्न बाध्य हुन्छन्। करार अवधि समाप्त भएपछि करारमै व्यवस्था भएकोमा बाहेक उक्त करारबमोजिम काम कारवाही गराउन मिल्ने नहुने।

पुनरावेदक राजेन्द्र महर्जनले सम्झौता नवीकरणका लागि दरखास्त दिएको भन्ने पुनरावेदनमा जिकिर लिएको देखिन्छ। करारको नवीकरण पनि करारमा नै उल्लेख भएबमोजिम वा पक्षहरूको आपसी सहमतिबाट वा कानूनले नै कुनै विशेष व्यवस्था गरेबमोजिम मात्र हुनसक्छ। पुनरावेदकले नवीकरण हुनुपर्ने भनेको करारको एक पक्ष विपक्षी कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति रहेको देखियो। उक्त समितिले करार नवीकरण गर्नको लागि निर्णय गरी सूचना प्रकाशित गरेको अवस्था देखिन्छ। करार अवधि भुक्तान हुनुपूर्व नै करार नवीकरण गर्ने प्रयोजनलाई कालिमाटी फलफूल तथा तरकारी बजार विकास तथा सञ्चालन नियमावली, २०६० को नियम ९ बमोजिम समितिले मिति २०६४।११।१९ मा निर्णय गरी पुनः सम्झौतामा आउनका लागि मिति २०६४।१२।१८ मा सूचना आह्वान गरेको अवस्था छ। सो अनुरूप अधिकांश व्यवसायीहरूको पुनः सम्झौता भएको तथ्यमा विवाद गरिएको अवस्था देखिँदैन। तर, निवेदक पुनः सम्झौता गर्न वा नवीकरण गर्न गएको नदेखिने।

सम्झौतापत्र नवीकरणका लागि तोकिएको म्याद व्यतित भएपछि पुनः थप ७ दिनका लागि मिति २०६५।१।२४ मा निर्णय भई छुट भएका व्यवसायीहरूलाई अन्तिम सूचना प्रकाशित गरेको देखियो। यी निवेदकले नवीकरणको लागि तोकिएको उक्त ७ दिनको म्यादभित्र आवेदन दिएको पनि देखिएन। यसरी सम्झौता नवीकरण गर्न पटक पटक गरिएको सूचना प्रवाहलाई बेवास्ता गरी निवेदक बसेको देखिन्छ। आफूलाई दिइएको समयावधिभित्र नवीकरण नगराई निवेदकले मिति २०६५।३।३० मा अर्थात करिब दुई महिनाको अवधि व्यतित भएपछि निवेदकले आवेदन भरी पेस गरेको देखियो। त्यस्तो म्याद नाघी पर्न आएको आवेदनका सम्बन्धमा समितिबाट मिति २०६५।४।६ मा केही गर्न नमिल्ने भनी निर्णय भएको लिखित जवाफबाट देखिन्छ। तसर्थ उक्त निवेदनमा कारवाही हुन सक्ने अवस्थासमेत रहेको देखिएन। निवेदकसँग मिति २०६०।८।२९ मा भएको करार सम्झौताको अवधि मिति २०६५ साल असार

मसान्तमा समाप्ति भएको र करारको पक्ष विपक्षी समितिले नियम ९ अनुरूप निर्णय गरी सूचना प्रकाशित गरी मन्जुर गरेको अवधिभित्र सम्झौता नवीकरणसमेत भएको नदेखिएको अवस्थामा पुनरावेदकको पुनरावेदन जिकिर यथोचित मान्न मिलेन । तसर्थ पुनरावेदन अदालतले निवेदन खारेज हुने ठहर्‍याएको आदेश मिलेकै देखिन आउने हुँदा निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।११।२० को आदेश मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : प्रेमप्रसाद न्यौपाने

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७३ साल वैशाख ९ गते रोज ५ शुभम्।

२

मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री दीपकराज जोशी, ०७०-CR-०८९८, अदालतको अपहेलना, *सुलेमान मियाँ अन्सारी वि. जिल्ला प्रशासन कार्यालय, सप्तरी*

कागजपत्र हेरी तलब भत्ता दिन सकिने कुनै आधार भेटिएको अवस्थामा सो विषयमा तलब भत्ता दिने गरी जिल्ला प्रशासनले निर्णय गर्न सक्ने हुन्छ । तलब भत्ता दिन कानूनबमोजिम मात्र सकिने कुरा हो । कुनै प्रमाण बेगर कुराको भरमै मात्र तलब भत्ता दिन सकिने कुरा होइन। आफूले तलब भत्ता पाउनु पर्ने आधार प्रमाण कागज आदि जिल्ला प्रशासन कार्यालयमा देखाई जिल्ला प्रशासन कार्यालयले निवेदककै काम सहज र छिटो गर्न सहयोग गर्नुपर्ने दायित्व निवेदकको पनि हो । तर निवेदकबाट आफ्नो दायित्व निर्वाह गर्ने कार्य यो यो भएको छ भनी स्पष्ट हुन सकेको छैन । तसर्थ अदालतको आदेशानुसार नै पत्राचार भइरहेको र कारवाहीको क्रम रही रहेको, पुनरावेदकले काम गरेको अवधिको तत्कालिन कानूनअनुसार पाउने सुविधा काम गरेको प्रमाण कागज हेरी दिलाउने तर्फ आवश्यक कारवाही अगाडि बढिरहेको भन्ने जिल्ला प्रशासन कार्यालयको च.नं.५१३६ मिति २०६६।२।३१ को पत्रबाट देखिएको छ। तलब भत्ता दिनु भन्ने अदालतको आदेश नभएको र आदेशानुसारको कार्य भइरहेको यस अवस्थामा पुनरावेदन अदालत, राजविराजको मिति २०६४।३।७ को आदेशको अवज्ञा भयो भन्न नमिल्ने हुँदा निवेदन दाबी पुग्न नसक्ने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६६।४।१८ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : प्रेमप्रसाद न्यौपाने

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७३ साल वैशाख ९ गते रोज ५ शुभम्।

३

मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०६६-CR-०२१६, ०६७-CR-१३०४, भ्रष्टाचार, *कान्छाराम जोशी वि. नेपाल सरकार, प्रेमबहादुर अधिकारी वि. नेपाल सरकार*

डिभिजन सडक कार्यालयबाट साझा पेट्रोल पम्पको लागि जारी गरिएको तैल्य पदार्थको कुपन नं. २२५६४०, २४८९५०, २१३१४३, २३५१०४, २१३१३३, ३०६०८३, २२५६४२, २३५११५, २१३१७० र २९६५५७ नं. का कुपनहरूमा लेखिएको अंक तथा अक्षर परीक्षण गर्दा पहिले लेखिएको अंक र अक्षरमा अर्कै अंक र अक्षर थपेको, माग फारममा विवरण थपी सच्चाएको र सच्चिएको अंक अक्षर हरिप्रसाद झाको अक्षरसँग मिलेको भन्नेसमेत व्यहोरा मिसिल संलग्न रेखा विशेषज्ञको मिति २०५५।६।७ को परीक्षण प्रतिवेदन र सोही व्यहोराबाट भएको निजको बकपत्रमा उल्लेख भएको पाइँदा गैरकानूनीरूपमा कुपन सच्चाई सोही कुपनका आधारमा सडक कार्यालयबाट थप रू.९,१५,००२।५० भुक्तानी गराई कार्यालयलाई गैरकानूनी हानि नोक्सानी पुगेको देखिन आउने।

डिभिजन सडक कार्यालय सानो गौचरका खरिदार हरिप्रसाद झाले तैल्य पदार्थको लागि पठाएको कुपन प्रतिवादी कान्छाराम जोशी बिक्री अधिकृत भएको र प्रतिवादी प्रेमबहादुर अधिकारी पेट्रोल पम्प ईन्चार्जको हैसियतले उक्त कुपनहरू सुरक्षित राख्ने दायित्व निजहरूकै हुनेमा त्यस्तो दायित्व निजले निर्वाह नगरेको कारण प्रतिवादी हरिप्रसाद झाले कुपन सच्याउने मौका पाई उक्त कुपनमा उल्लेख भएको परिमाणमा थप गरी तैल्य पदार्थ बढी लिएको भन्ने भान पारी ती कुपन सच्याउने र सोही सच्चिएको कुपनको आधारमा तैल्य पदार्थबिना बिल बिक्री वितरण गरी प्रतिवादीहरू प्रेमबहादुर अधिकारी र कान्छाराम जोशीसमेतले कार्यालयको बिक्री खाता तथा अन्य आवश्यक स्रेस्ता एवम् बिलहरूसमेत मिलाई सडक डिभिजन कार्यालयबाट सच्चाएको परिमाणको रकमसमेत भुक्तानी लिएको र कुपनमा सच्याई बढाएको परिमाण जतिको मूल्यको तैल्य पदार्थबिना बिल बद्नियतसाथ बिक्री वितरण गरी रू.९,१५,००२।५० रकम बराबरको तैल्य पदार्थ भ्रष्टाचार गरी नेपाल सरकारलाई हानि र आफूहरूलाई फाइदा हुने गरी कार्य गरी आरोपपत्र दाबीअनुसार भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ को उपदफा (२) अनुरूपको कसुर गरेको देखिँदा प्रतिवादी कान्छाराम जोशी र प्रेमबहादुर अधिकारीले भ्रष्टाचार निवारण ऐन, २०१७ को दाफा ७ को उपदफा (२) बमोजिम कसुर गरेको ठहर गरी प्रतिवादीहरू कान्छाराम जोशी र प्रेमबहादुर अधिकारीबाट जनही बिगो रू.३,०५,०००।८४ भराई सोही बिगोबमोजिम जरिवाना हुने ठहर गरेको विशेष अदालत, काठमाडौंको मिति २०६६।३।१४ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीहरू कान्छाराम जोशी र प्रेमबहादुर अधिकारीको पुनरावेदन जिकिर पुग्न सक्दैन । पुनरावेदक प्रतिवादी कान्छाराम जोशीको मिति २०६७।४।३ मा मृत्यु भएको देखिँदा निजलाई ठहर भएको जरिवाना मुलुकी ऐन, अ.बं. को १७६ नं. बमोजिम भराई रहन पर्ने नदेखिई बिगोसम्म भराई लिन भने पाउने ठहर्ने।

इजलास अधिकृत : लोकनाथ पराजुली

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७२ साल असोज १९ गते रोज ३ शुभम्।

४

मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०७०-CR-०५०८, दूषित निर्णय बदर, *कर्णबहादुर चन्द वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत*

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६९।६।१६ को निर्णयमा श्री भूमिराज सामुदायिक प्राथमिक विद्यालय, बैतडीमा अध्ययन नै नगर्ने छात्रा लक्ष्मी लोहारलाई झुट्टा सिफारिस र मार्कसिटसमेत तयार गरी सोही स्कुलको विद्यार्थी हो भनी बुढानिलकण्ठ स्कूलको सरकारी छात्रावृत्तिको कोटाको परीक्षामा सम्मिलित गराएको कार्यमा प्रतिवादीहरू शिक्षिका पुष्पा लोहार र स्रोत व्यक्ति लोकराज जोशीलाई विभागीय कारवाही गर्न सिफारिस गर्ने र अन्य व्यक्तिहरूलाई आरोपित कसुरबाट सफाइ दिने भनी गरिएको निर्णय सदर गरेको विशेष अदालतको मिति २०७०।३।१९ को फैसलाउपर प्रतिवादीहरू क्रमशः पुष्पा लोहार र स्रोत व्यक्ति लोकराज जोशीको यस अदालतमा पुनरावेदन परेको अवस्था नहुँदा सोतर्फ केही विचार गरिरहन नपर्ने।

सरकारी छात्रावृत्तिमा छनौट भई आएकी छात्रा लक्ष्मी लोहारको हकमा भने सरकारी छात्रवृत्ति बन्द गरी USA Based संस्था HIO बाट प्राप्त छात्रावृत्तिमा पढाइ सुचारू गरिएको भन्ने बुढानिलकण्ठ स्कुलको पत्रबाट समेत देखिँदा त्यसतर्फ केही गरिरहनु परेन भन्ने निर्णय भएको देखिन्छ। यसप्रकार अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६९।६।१६ मा निर्णय भई विभागीय सजायको लागि लेखी पठाएकोसम्म देखिन्छ । सजायको लागि

कुनै कानून वा दफा किटान गरेको वा सजाय नै प्रस्ताव गरी लेखी पठाएको अवस्था देखिँदैन। यस्तो अवस्थामा आयोगको काम कारवाही किन र कसरी दूषित हुन गएको हो, सोको कुनै ठोस आधार र तर्कसम्म पनि पुनरावेदकले प्रस्तुत गर्न सकेको देखिँदैन । निर्णय दूषित भएको दाबी लिने पक्षले केवल दाबी लिन मात्र पर्याप्त हुँदैन, सोको पुष्टि हुने प्रमाण पुर्‍याउनु पर्ने दायित्व पनि प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम निजमा नै रहेको मान्नुपर्ने हुन्छ । अत: पुनरावेदकले लिएको दूषित निर्णयतर्फको पुनरावेदन जिकिर तथ्ययुक्त र प्रमाणमा आधारित रहेको नदेखिने।

छात्रा लक्ष्मी लोहार हाल बुढानिलकण्ठ स्कूलमा अध्ययनरत रहेको भए तापनि निजलाई हाल सरकारी छात्रवृत्ति बन्द गरी US base HLO बाट प्राप्त भएको अर्को छात्रवृत्ति दिई पढाई सुचारू गरिएको अवस्था छ । यसबाट निज हाल सरकारी छात्रवृत्तिमा नरहेको तथ्य स्पस्ट देखिन्छ। पुनरावेदकले प्रस्तुत वारदातमा संलग्न रहेको भनी जिकिर लिएका प्रधानाध्यापक रामेश्वरी ठगुन्ना तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्रकान्त जोशीसमेत मिलेर कसुर गरेको हुँदा सबै प्रतिवादीहरूलाई सजाय गर्नुपर्दछ भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा यी व्यक्तिहरूको के कुन कार्यबाट कसुर हुन गएको हो ? गलत विद्यार्थीको सिफारिस भएको भन्ने प्रस्तुत वारदातमा निजहरूको के भूमिका रहेको छ भनी पुनरावेदकले स्पष्ट गर्न सकेको देखिँदैन । अतः प्रधानाध्यापक रामेश्वरी ठगुन्ना तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्रकान्त जोशीउपरको दाबी प्रमाणित हुन सक्ने अवस्था नहुँदा निजहरूलाई सफाइ दिएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णयलाई सदर गरेको विशेष अदालतको फैसलामा अन्यथा भएको नदेखिने।

पुनरावेदकीय अधिकार वस्तुत: मुद्दाको पक्ष विपक्षमा नै निहित रहेको हुन्छ। मुद्दाको पक्ष नै नभएको व्यक्तिले पुनरावेदन गर्ने हक कानूनले विशेष व्यवस्था गरेमा बाहेक प्राप्त गर्दैन । यहाँ अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ अनुरूप निर्णय गरेको देखिन्छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको निर्णय विरूद्धमा पुनरावेदकले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ग को आधार देखाई पुनरावेदन गरेको अवस्था छ। सो दफा ३५ग मा भएको व्यवस्था हेर्दा "आयोगले यस ऐनअन्तर्गत कारवाही गरी कसैलाई जरिवाना वा कुनै रकम असुलउपर गर्न दिएको आदेश वा अन्य कुनै आदेशउपर सम्बन्धित अदालतमा पुनरावेदन गर्न सकिने छ" भन्ने व्यवस्था रहेको देखिन्छ। प्रस्तुत मुद्दामा भएको निर्णयले पुनरावेदक कर्णबहादुर चन्दलाई कुनै जरिवाना भएको वा निजबाट कुनै रकम असुल गर्ने वा अन्य कुनै आदेशले निजलाई असर गरेको देखिँदैन। विशेष अदालतले उक्त दफा ३५ग अनुरूप पुनरावेदन हेर्दा सो दफाले सीमित गरेको हदसम्ममा रहनु पर्ने।

पक्षले पुनरावेदन गर्ने हक कानूनबाट नै पाउने हुन्छ र कानूनले तोकेको हदसम्म मात्र हेर्न पाउने हुन्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णयबाट असरपर्ने व्यक्तिले मात्र विशेष अदालतसमक्ष सोही ऐनको दफा ३५ग बमोजिम पुनरावेदन गर्न सक्ने देखिन्छ । पुनरावेदकीय अधिकारको प्रयोग मुद्दाका पक्षले पुनरावेदन गर्न प्राप्त गर्ने हुन्छ। तर यी पुनरावेदक मुद्दाको कुनै पक्ष रहेको र निजलाई प्रतिकूल पर्ने कुनै आदेश भएको पनि देखिँदैन । व्यक्तिगत तवरबाट निजको पुनरावेदन गर्न पाउने हक रहेको देखिएन । पुनरावेदकको कुनै व्यावसायिक वा निजसँग सान्दर्भिक विषयगत वा सामूहिक सरोकारको विषयमा प्रतिकूल असर परेको भनी ठोस पुनरावेदन जिकिर लिन सकेको पनि छैन। यस्तो अवस्थामा पुनरावेदकको आफ्नो मुद्दा गर्नुपर्ने हक स्थापित गराउन सकेको छ भनी मान्न नमिल्ने।

हकदैयामा नै प्रश्न उठेको अवस्थामा यस अदालतमा निजको पुनरावेदन जिकिरउपर सुनुवाइ गर्न औचित्यपूर्ण रहेकोसमेत देखिन आएन। पुनरावेदकको विषयगत र व्यक्तिगत दुवै तवरबाट पुनरावेदन गर्ने अख्तियार नभएको आधारबाट खारेज हुने स्थितिमा विशेष अदालतबाट पुनरावेदन जिकिर पुग्न नसक्ने भनी फैसला गरे पनि विवादको निर्क्यौलमा परिणामतः कुनै प्रतिकूल प्रभाव नपर्ने हुँदा छलफलको निमित्त अ.बं. २०२ नं. अनुरूप विपक्षी झिकाई राख्नुपर्ने देखिन नआउने।

प्रतिवादीहरू शिक्षिका पुष्पा लोहार र स्रोत व्यक्ति लोकराज जोशी सरकारी कर्मचारी रहेभएको कुरामा कुनै विवाद छैन। तसर्थ यस्तो सार्वजनिक पदमा वहाल रहेका व्यक्तिहरूले गरेको अनुचित कार्यका सम्बन्धमा आफूसमक्ष परेको उजुरीउपर छानबिन गरी दोषी देखिए कसुरको मात्राबमोजिम सजायको मागदाबी लिने वा त्यस्तो कार्यउपर कानूनमा व्यवस्था भएबमोजिम विभागीय सजायको लागि लेखि पठाउने कानूनी अधिकार र दायित्व अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा रहेभएकै देखिन्छ। अतः निजहरूलाई विभागीय कारवाही गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको निर्णय र सो निर्णयलाई विशेष अदालत, काठमाडौंबाट बदर वा उल्टी नहुने गरी मिति २०७०।३।१९ मा भएको फैसलालाई अन्यथा भन्न सक्ने नदेखिने।

अतः अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६९।६।१६ को निर्णय र सोही निर्णय सदर गरेको विशेष अदालत, काठमाडौंको फैसलाले पुनरावेदकको नेपाल कानूनद्वारा प्रदत्त कुनै हक अधिकारमा आघात परेको अवस्था विद्यमान नदेखिँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६९।६।१६ को निर्णय अन्यथा नगरेको विशेष अदालत, काठमाडौंको मिति २०७०।३।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शा.अ.तीर्थराज भट्टराई

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल भदौ २१ गते रोज २ शुभम्।

५

मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०७०-CR-१६४७, कर्तव्य ज्यान, *रघुनन्दन वि.क. वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीको कर्तव्यबाट मृतकको मृत्यु भएको हो होइन भनी विचार गर्दा पुनरावेदक प्रतिवादीले अदालतमा बयान गर्दा मृतक आफ्नी पत्नी नभएको डेरा पनि आफूले नलिएको आदि भन्दै कसुरमा इन्कार रहेको देखिन्छ। तर, घरधनी रामसेवक साहले लास परेको कोठा आफूले रघुनन्दन वि.क.लाई भाडामा दिएको र सोही कोठा बन्द रहेकोमा प्रहरी आई खोलेको अवस्था छ। रामसेवकले रेखालाई रघुनन्दनको पत्नी भनी कोठामा बस्न दिएको कुरा गरेको देखिन्छ। घर धनी रामसेवककी पत्नीले पनि सोही कुरा घटना विवरण कागजमा खुलाएको देखिन्छ। निजले घर भाडा लिने रघुनन्दन वि.क. लाई सनाखत पनि गरिदिएको अवस्था छ। प्रतिवादी रघुनन्दनले अनुसन्धानको सिलसिलामा लास परेको कोठा आफूले भाडामा लिएको कुरा स्वीकार्दै आफूले रक्सी सेवन गरी कोठामा गएकोमा श्रीमतीसँग विवाद भई रेखा वि.क. लाई हातले हिर्काउँदा निजको टाउको खाटमा ठोक्किाई मृत्यु भएकोले डरले कोठा बाहिरबाट ताल्चा लगाई भागी गएको हो भनी कसुर स्विकार गरी बयान गरेको पाइन्छ। तथ्यको यस रोहमा प्रतिवादीले अदालतमा कसुरमा इन्कार रहे पनि मृतकलाई चिन्दिन भने पनि सो भनेको कुरा अन्य स्वतन्त्र प्रमाणसँग मेल नखाई निजले अनुसन्धानको सिलसिलामा गरेको साबिती बयानको तथ्यसँग मिल्ने देखिन आउने।

जाहेरवाला घरधनी रामसेवक साहको श्रीमती

राधादेवीले जाहेरीलाई समर्थन हुने गरी अदालतमा आई बकपत्र गरिदिएकी छिन् । मौकामा कागज गर्ने व्यक्ति कृष्णाचन्द्र मिश्रले अदालतसमक्ष गरेको बकपत्रले प्रतिवादीको साबिती बयानलाई पुष्टि गरेको देखिन्छ । निज लामो समयदेखि आफ्नो कोठा छाडी भागी अन्यत्रै गएको र त्यसरी जान परेको कुनै तथ्यगत र युक्तियुक्त कारण र औचित्य प्रतिवादीले पुष्टि गर्न सकेका छैनन् । वारदात हुँदा आफू वारदातस्थलमा नरहेको जिकिर प्रतिवादीको छ । प्रमाण ऐन, २०३१ को दफा २७ को उपदफा (१) मा भएको कानूनी व्यवस्थाबमोजिम आरोपित कसुरबाट सफाइ वा छुट पाउनको लागि प्रतिवादीले आफू वारदातस्थलमा नभई अन्यत्र रहेको पुष्टि गर्न सक्नुपर्दछ । तर, त्यस्तो कुनै प्रमाण निजबाट पेस हुन सकेको छैन । प्रतिवादीले आफ्नो पुनरावेदन जिकिरलाई पुष्टि हुने कुनै प्रमाण पेस गर्न सकेको नदेखिँदा प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । तसर्थ रेखा वि.क. को मृत्यु प्रतिवादी रघुनन्दन वि.क.को कर्तव्यबाट भएको पुष्टि भएको हुँदा निजलाई ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसुर अभियोगमा ऐ. १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहर्‍याई सुरू जिल्ला अदालतले गरेको फैसलालाई सदर गरी भएको पुनरावेदन अदालतको फैसला अन्यथा नभई मिलेकै देखिन आउने ।

प्रतिवादीलाई सर्वश्वसहित जन्मकैद सजाय गर्दा चर्को पर्न जाने देखी पुनरावेदन अदालतले अ.बं. १८८ नं. बमोजिम १५ वर्ष कैद गर्न व्यक्त गरेको रायको सम्बन्धमा विचार गर्दा, मादक पदार्थ सेवन गरेको सुरमा पारिवारिक विवादमा गरेको प्रहारबाट श्रीमतीको मृत्यु भएको परिस्थिति र अवस्थासमेतलाई मध्यनजर गर्दा निजलाई १५ वर्ष कैदको सजाय गर्दा न्यायिक दृष्टिले अपराध र सजायमा सन्तुलन हुन जाने देखिँदा सर्वश्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिएकोले प्रतिवादी रघुनन्दन वि.क. लाई अ.बं. १८८ नं. बमोजिम १५ (पन्ध्र) वर्ष मात्र कैद सजाय गर्ने गरी पुनरावेदन अदालत, जनकपुरले व्यक्त गरेको रायसमेत मनासिब देखिन आउँदा प्रतिवादी रघुनन्दन वि.क.लाई ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसुरको अभियोगमा ऐ. १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहर्‍याई अ.बं. १८८ नं. बमोजिम १५ वर्ष मात्र कैद सजाय हुन राय व्यक्त भएको पुनरावेदन अदालत, जनकपुरको मिति २०७०।३।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : शिवहरी पौड्याल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७३ साल जेठ २० गते रोज ५ शुभम् ।

इजलास नं. ३

१

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय, ०७२-WO-०४४६, परमादेश, *कुमार पुरी वि. वैदेशिक रोजगार विभाग, काठमाडौं महानगरपालिका वडा नं. ३४ बुद्धनगर १ समेत*

निवेदक कम्पनीलाई वैदेशिक रोजगार विभागबाट कम्पनी दर्ता भई कम्पनी दर्ता प्रमाण पत्रसमेत प्राप्त गरेको देखिन्छ । यसरी कम्पनी रजिस्ट्रारको कार्यालयमा कम्पनी दर्ता भई विपक्षी वैदेशिक रोजगार विभागको पत्रबमोजिम निवेदकले धरौटी तथा बैंक ग्यारेन्टीसमेतका प्रक्रिया अगाडि बढाएपछि वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत दिनबाट वञ्चित गर्नु भनेको वैदेशिक रोजगार ऐन, २०६४ को दफा ११(२) प्रतिकूल हुनेमा कानूनी कर्तव्य पूरा नगरी कानूनविपरीत तरिकाले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को बैठकको निर्णय भनि मनलाग्दी किसिमले इजाजत रोक्का गरिएको कार्य गैरकानूनी रहेको भन्ने निवेदन देखिएको र प्रधानमन्त्री तथा

मन्त्रिपरिषद्को कार्यालयको मिति २०६८।६।१५ को निर्णयबमोजिम हाललाई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने अनुमति प्रदान गर्न नसकिएको भनी हालको अवस्थामा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने अनुमति प्रदान गर्न रोक लगाएको भन्ने नै देखियो । कानूनबमोजिम पेसा रोजगार व्यवसाय सञ्चालन गर्न पाउने नागरिकको मौलिक हकलाई जनशक्तिको व्यवस्थापन हुन नसकेको भन्ने र के कति अवधिको लागि रोकिएको हो भन्नेसमेतको अनिश्चित गरी अस्पष्ट, अनिश्चित र कानूनी प्रावधानबेगर वैदेशिक रोजगार सञ्चालनमा रोक लगाउने कार्यले संविधान प्रदत्त पेसा, व्यवसाय, रोजगार गर्न पाउने हकसमेत कुण्ठित हुने अवस्था देखिने।

वैदेशिक रोजगार ऐन, २०६४ मा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्नका लागि अनुमति दिनबाट रोक लगाउने व्यवस्था रहे भएको देखिँदैन । कुनै कानूनले कुनै पेसा वा व्यवसाय सञ्चालन गर्नमा कुनै किसिमको रोक वा प्रतिबन्ध नलगाएको स्थितिमा बिनाकानूनी आधार कार्यकारी आदेश वा निर्णयका आधारमा मात्र नागरिकलाई संविधान र कानूनले प्रदान गरेको पेसा वा व्यवसाय सञ्चालन गर्न पाउने हकमा रोक लगाउन मिल्दैन । अनुमति राज्यका साधिकार निकायले विधिवत्‌रूपमा कम्पनी दर्ता गर्न अनुमति दिई धरौटी तथा बैंक ग्यारेन्टीसमेत माग गरेको र सबै प्रक्रिया पूरा गरिसकेपछि उपयुक्त निर्णय नगर्नुलाई कानूनी शासनअनुकूल मान्न नसकिने।

वैदेशिक रोजगार ऐन २०६४ को दफा ११(६) मा "उपदफा (२) बमोजिम निवेदन जाँचबुझ गर्दा इजाजतपत्र दिन नमिल्ने भएमा विभागले कारणसहितको जानकारी इजाजतपत्र दिन नमिल्ने निर्णय भएको सात दिनभित्र निवेदकलाई दिनुपर्नेछ" भन्ने पाइन्छ । सोबमोजिम निर्णय वा जानकारी भएको भन्ने पनि विपक्षीको लिखित जवाफ देखिँदैन । राज्यको वैदेशिक रोजगार विभाग तथा अन्य विभागहरू कानूनले तोकेबमोजिम आआफ्नो क्षेत्रका विशिष्ट काम गर्ने निकायहरू भएकोले सो निकाय एवम् सोको पदाधिकारीले आफ्नो क्षेत्र तथा कर्तव्यमा जिम्मेवारीपूर्वक कार्य सम्पादन गर्नुपर्छ। वैदेशिक रोजगार विभागलाई "वैदेशिक रोजगार व्यवसाय सञ्चालनको इजाजत पत्र प्रदान, नवीकरण, कारवाही तथा संस्था खारेज गर्ने" लगायतका जो जे कार्यहरू गर्न अधिकार प्राप्त छ उक्त कार्यहरू संविधान र कानूनबमोजिम सम्पादन गरी कानूनबमोजिम पेसा व्यवसाय सञ्चालन गर्न खोजेको अवस्थामा सहजिकरण गर्नुको सट्टा अवरोध सिर्जना हुँदा कानूनी शासन र जनआस्थामा असर पुग्न जाने र अस्वस्थ प्रतिस्पर्धालाई बढावा जाने अवस्थासमेत सिर्जना हुन जाने।

विपक्षी विभाग सरकारको नीति निर्माण गर्ने, कार्यान्वयन गर्ने तथा नियमनको कार्यमा समेत संलग्न कानूनबमोजिमको कार्य गर्न स्थापित विशिष्ट निकायले कानूनअनुसारका कार्य गर्नुपर्ने हुन्छ । वैदेशिक रोजगारका समस्याहरू समाधानमा सरकार लाग्नु स्वाभाविकै हो तर सरकारका कार्यहरू कानूनबमोजिम सम्पादन हुन जरूरत छ। विपक्षी बनाइएको वैदेशिक रोजगार विभागको लिखित जवाफमा प्रधानमन्त्रीज्यूको समुपस्थितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हाललाई वैदेशिक रोजगारको नयाँ अनुमति दिने कार्य रोक्ने निर्णय भएको भनी लिखित जवाफ उल्लेख गरे पनि निवेदकको मागबमोजिम निर्णय गर्न रोक्नु पर्ने कुनै वैधानिक तथा वस्तुनिष्ठ आधार वैदेशिक रोजगार विभागको लिखित जवाफबाट नदेखिने।

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ११(२) मा "उपदफा (१) बमोजिम पेस भएको निवेदनउपर आवश्यक जाँचबुझ गर्दा त्यस्तो संस्थालाई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र दिन उपयुक्त देखेमा विभागले तोकिएबमोजिमको

इजाजतपत्र दस्तुर र धरौटीबापत तीस लाख रूपैयाँ नगदै वा सात लाख रूपैयाँ नगदै र बाँकी तेइस लाख रूपैयाँको बैङ्क ग्यारेन्टी लिई इजाजतपत्र दिनु पर्नेछ ।" कानूनबमोजिम निवेदकले सबै प्रक्रिया पूरा गरिसकेपछि विभागको तर्फबाट उपर्युक्तबमोजिमको वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत दिने निर्णय गर्न विलम्ब गर्नु कानूनसङ्गत् नदेखिने ।

तसर्थ वैदेशिक रोजगार ऐन, २०६४ को दफा ११ बमोजिम परेको निवेदनमा सम्पूर्ण प्रक्रिया पूरा गरिसकेपछि कुनै निर्णय नगरी वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजतपत्र नदिने कार्य संविधान र कानूनअनुकूल नहुने हुँदा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ११ बमोजिम परेको निवेदनमा दफा ११ (२) बमोजिम इजाजत दिने वा दफा ११(६) बमोजिम इजाजत नदिने सम्बन्धमा अविलम्ब निर्णय गर्नु भनी निवेदकको निवेदन मागबमोजिम विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७२ साल चैत २२ गते रोज २ शुभम् ।

२

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय, ०७१-CR-०६६५, कर्तव्य ज्यान, सन्तबहादुर तामाङ वि. नेपाल सरकार

प्रतिवादी सन्तबहादुर तामाङले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा उक्त मिति २०६७।१।८ गते छिमेकी गणेश गुरूङको घरमा छेवरमा जानको लागि श्रीमतीलाई पटकपटक भन्दा पनि श्रीमती छेवर घरमा नआएकीले रिस उठी घरमा गई छेवरमा टीका लगाई दिनको लागि पैसा माग्दा श्रीमतीले ला तँलाई पैसा भन्दै पचास हजारको बिटोले मलाई मुखमा हिर्काएपछि निजलाई मुख र गालामा कुटपिट गरी धन्सार तलामा लगी कपालमा समाती कुटपिट गरी सोही ठाउँमा छोडी छेवर घरमा गई केही समयपछि घरमा आउँदा श्रीमती उर्मीला तामाङको मृत्यु भइसकेकोले श्रीमतीलाई डोरीले बाँधी घर धन्सारको बलोमा झुन्ड्याई दिएको हुँ भनी आरोपित कसुर गरेकोमा साबित भई बयान गरेको देखियो । प्रतिवादीमध्येकी माइली तामाङले पछिबाट मृतककी छोरी रोएको सुनी त्यहाँ जाँदा मृतक झुन्डिएको देखी बाँच्छे कि भनी डोरी काटी दिएको भनी निज माइली तामाङले प्रहरी र अदालतसमक्ष गरेको बयानसमेतबाट देखिन आउँछ । प्रतिवादी सन्तबहादुर तामाङले अनुसन्धान अधिकारीसमक्ष गरेको साबिती बयान मृतक उर्मीला तामाङको शव परीक्षण प्रतिवेदनमा Manual Strangulation भनी उल्लेख भएबाट निजको बयान समर्थित भइरहेको देखिन आउँछ । सहप्रतिवादीहरू माइली तामाङ र पूर्ण तामाङले मृतकलाई आफैँ झुन्डिई मरेको देखेको नभई झुन्डिएको अवस्थामा देखी माइली तामाङले डोरी काटिदिएको निजहरूको अदालतसमक्ष गरेको बयानबाट खुल्न आयो । यसरी पुनरावेदक प्रतिवादी सन्तबहादुर तामाङले आफ्नै श्रीमती मंगली भन्ने मृतक उर्मीला तामाङलाई कुटपिट गरी घाँटी थिची कर्तव्य गरी मारेको पुष्टि भएको देखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहराई पुनरावेदन अदालत, पाटनले गरेको फैसला मनासिबै देखिँदा पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

मृतकमाथि भएको कुटपिटको परिणामस्वरूप निजको मृत्यु भएको देखिए पनि वारदातको प्रकृति र अवस्थालाई विचार गर्दा मार्ने पूर्वरिसइवी मनसाय नरहेको, घातक हतियार वा विषको प्रयोग नगरेको तत्काल उठेको रिस थाम्न नसकी भएको कुटपिटको कारणबाट मृतकको मृत्यु हुन गएको, प्रतिवादीले मौकामा सत्य कुरा बताई अनुसन्धानमा सहयोग गरेकोसमेत आधारबाट हेर्दा सर्वश्वसहित जन्म कैद गर्दा चर्को पर्न जाने तथा १२ वर्ष कैद सजाय गर्दा पनि ऐनको मक्सद पूरा हुने देखिँदा प्रतिवादी सन्तबहादुर

तामाङलाई अ.बं. १८८ नं. बमोजिम १२ वर्ष कैद सजाय हुन मनासिब देखिने।

तसर्थ माथि विवेचित आधार कारणहरूबाट पुनरावेदन अदालत, पाटनको मिति २०७१।१।१६ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। सजायको हकमा प्रतिवादी सन्तबहादुर तामाङलाई अ.बं. १८८ नं. बमोजिम १२ वर्ष कैद हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: रामप्रसाद पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल फागुन २७ गते रोज ५ शुभम्।

३

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय, ०६७-CI-१२०३, खिचोला मेटाई हक कायम गरी चलनसमेत चलाई पाऊँ, *परसुराम चमारसमेत वि. बेचई चमार*

वस्तुत: आफ्नो जग्गा रहेको भनी प्रतिवादीले वस्तुनिष्ठ प्रमाणसहित जिकिर लिन नसकेको अवस्था तथा घर र गोठघारी फरक फरक प्रयोजनका लागि निर्माण हुने संरचना (Structure) भएको एवम् घर भन्नाले बसोबास प्रयोजनका घरबाहेकका अन्य संरचना वा गोठघारीसमेतलाई जनाउने मान्न नसकिने हुँदा घर बनाउनेको ११ नं. समेत प्रस्तुत मुद्दामा आकर्षित हुने देखिएन । उपर्युक्त विवेचित आधार प्रमाणबाट न.नं. ६, ६/१ को जग्गा वादीको भन्ने देखिन आएको र सो न.नं. ६, ६/१ को जग्गामा प्रतिवादीहरूले खिचोला गरेको देखिँदा खिचोला मेटाई वादीले चलन चलाई पाउने ठहर्‍याई भएको फैसला अन्यथा देखिन नआउने।

तसर्थ प्रतिवादीहरूले वादीको जग्गामा खिचोला गरेको भन्ने वादी दाबी पुग्न नसक्ने ठहराई भएको सुरू रूपन्देही जिल्ला अदालतको मिति २०६५।५।११ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई न.नं. ६, ६/१ को वादीको जग्गामा प्रतिवादीहरू परशुराम चमार र रामजन चमारले खिचोला गरेको देखिन आएकाले वादीको न.नं. ६, ६/१ को जग्गामा प्रतिवादीहरू परशुराम र रामजन चमारले गोठघारी बनाई खिचोला गरेको ठहर गरी वादीले प्रतिवादीहरूको कब्जा खिचोला मेटाई हक कायम भई चलनसमेत चलाई पाउनेसमेत ठहराएको पुनरावेदन अदालत, बुटवलको मिति २०६६।११।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक / प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७२ साल पुस २६ गते रोज१ शुभम्।

४

मा.न्या. श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०६७-CI-००२५, परमादेश, *पवनप्रसाद सहनी वि. मोहम्मद कमालुद्दिन*

शिक्षक पदमा परीक्षा दिनको निमित्त चाहिने अध्यापन अनुमति पत्र अनिवार्य पेस गर्नुपर्नेमा सो पेस गर्न नसकिरहेको अवस्थामा सबै विपक्षीको लिखत जवाफ पर्खिरहनु भनेको विवादित अनुमति पत्रवालालाई शिक्षक पदमा अरू निरन्तरता हुने गरी समय खेर फाल्नु हो भन्ने लागेकोले पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ३३ (क) बमोजिम निर्णय गरेको कानूनअनुरूप नै देखिने।

पवनकुमार सहनीले शिक्षक अनुमति पत्रको परीक्षा उत्तीर्ण गरेको शिक्षा सेवा आयोगको उत्तीर्ण अभिलेखमा नभएकोसम्बन्धमा कानूनबमोजिम तुरून्त आवश्यक कारवाही गर्नु गराउनु भनी विपक्षी जिल्ला शिक्षा कार्यालय रौतहट गौर र निम्न माध्यमिक विद्यालय नयाँ गम्हरिया, श्रीपुर रौतहट तथा ऐ. को व्यवस्थापन समिति रौतहट गौरका नाउँमा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ३३ (क)

(१) को प्रतिबन्धात्मक वाक्यांशको देहाय (४) बमोजिम परमादेशको आदेश जारी हुने ठहर्‍याई भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।१।१६ को फैसलालाई अन्यथा भन्न नमिल्ने हुँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः जयराम श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल वैशाख १२ गते रोज १ शुभम् ।

५

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०६७-CI-०२९४, बकसपत्र लिखत बदर दर्ता कायम, *सीताराम कानगोई थारू वि. बुद्धिलाल कानगोईसमेत*

लिखतको जग्गामध्ये जीवित अवस्थामा आफ्नो हकसम्म प्रतिवादीमध्येका सिताराम कानगोईलाई प्रतिवादी सितादेवीले दिएको बकसपत्रलाई पुनरावेदन अदालतले कायम गरेकोमा वादी पक्षको अन्यथा जिकिर नरहेको र बकसपत्र लिखतको सम्पूर्ण जग्गा प्रतिवादीको दाताको एकलौटी हकको नदेखिँदा सम्पूर्ण लिखतको जग्गामा यी पुनरावेदकको पुनरावेदन जिकिरबमोजिम कायम हुने देखिएन । वस्तुत: बकसपत्र लिखतमध्ये सितादेवीको भागको हकसम्म बदर नभई यी पुनरावेदक प्रतिवादी सिताराम कानगोईको यथावत् कायम हुने देखिँदा पुनरावेदन अदालत, हेटौंडाको ठहर फैसला मिलेकै देखिन आउने ।

सुरू सुनसरी जिल्ला अदालतबाट भएको मिति २०६४।१।१२ को फैसला केही उल्टी गरी वादी दाबीअनुसार विवादको लिखत र सोबाट भएको दर्तामध्ये ४ भागको २ भागसम्म लिखत बदर भई सो हदसम्म वादीको दर्ता हककायम हुने ठहराएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६६।७।२४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७२ साल पुस २८ गते रोज ३ शुभम् ।

इजलास नं. ४

१

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०६८-CR-१०८४, कर्तव्य ज्यान, *प्रेमबहादुर गुरूङ वि. नेपाल सरकार*

प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम निज प्रतिवादीको मौकाको साबिती बयान अन्य स्वतन्त्र प्रमाणबाट खण्डन हुन नसकेको एवम् प्रतिवादीको मौकाको र अदालतको साबिती व्यहोरा परस्परमा मेल खाएबाट प्रमाणमा ग्रहण गर्न मिल्ने देखिन्छ । प्रस्तुत वारदात प्रतिवादीले पुनरावेदन जिकिरमा उठाएजस्तो मनसायप्रेरित हो वा होइन तथा अन्य आवेशप्रेरित वा भवितव्य पो हो कि भन्ने सम्बन्धमा विचार गर्दा प्रस्तुत वारदातमा मृतक आइतमाया मेलाबाट रक्सी खाएर फर्कनासाथ रक्सी खाएको विषयमा झगडा भई वारदात भएको नभई लामो समयसम्मको वादविवादपछि मात्र वारदात हुन गएको अवस्था हुँदा प्रस्तुत वारदातमा मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. को अवस्थाको विद्यमानता देखिन आएन । साथै प्रतिवादीको मृतकउपर ज्यान मार्नेसम्मको मनसाय थियो वा थिएन भनी हेर्नको लागि वारदात अघि, वारदातको समय र वारदातपछिको समयमा प्रतिवादीले गरेका क्रियाकलापहरू समेत महत्त्वपूर्णरूपले हेर्नुपर्ने ।

प्रस्तुत वारदात प्रतिवादीबाट भएको विषयमा प्रतिवादीबाट मौकामा भएको साबिती र सो साबितीसँग मेल खाने गरी अदालतमा भएको साबितीबाट प्रस्ट भइसकेको अवस्था छ । तसर्थ वारदातपछि प्रतिवादी

निर्दोष भएको भए मौकामा सम्बन्धित व्यक्ति वा निकायमा घटनाको विषयमा जाहेर गर्नुपर्नेमा त्यसो नगरी मृतकको लास आफ्नै घरको भर्‍याङमुनि गाडेर श्रीमती हराएको भनी बहाना गर्नु, घटनाको विषयमा लामो समयसम्म मुकदर्शक भएर बस्नु र पछि आफैँले जाहेरी दिने प्रतिवादीको क्रियाकलापबाट यी प्रतिवादी निर्दोष हुन् भनी निष्कर्षमा पुग्न सकिने नदेखिने।

मृतकको लास सडेगलेको अवस्थामा रहेको र मृतकको शरीरमा प्रतिवादीले के कस्तो चोट छोडेको थियो भनी पहिचान गर्न नसकिए पनि वरादातपछि अपराध लुकाउन लास भर्‍याङमुनि गाड्नेलगायत प्रतिवादीबाट वारदातपछि भएका क्रियाकलापहरूलाई सामान्य विषय मान्न नमिल्ने।

एउटै विषयको सन्दर्भमा लामो समयसम्म कायम रहेको विवादलाई तत्काल उठेको रिसबाट मात्र भएको भनी मान्न नसकिने हुँदा प्रस्तुत वारदातलाई ज्यानसम्बन्धीको ५, ६ र १४ नं.हरूको परिधिबाट हेर्न मिल्ने अवस्था देखिएन। साथै प्रतिवादीले जोखिमी हतियारकै प्रयोग गरेको नदेखिए पनि एउटा हातले मृतकको कपाल समाएर अर्को हातले कन्चट जस्तो संवेदनशील अङ्गमा जोडले हानी मृत्यु हुन गएको पुष्टि हुन आएको हुँदा अभियोग दाबीबमोजिम प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने ठहर गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, पोखराको मिति २०६८।८।१३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : विदुर काफ्ले

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७३ साल वैशाख २१ गते रोज ३ शुभम्।

२

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा, ०६७-CI-१२८१, जग्गा खिचोला घर उठाई चलन, *गौरी गुप्तासमेत वि. दुर्मी लाल साह*

सप्तरी जिल्ला मलेकपुर गा.वि.स. वडा नं. ७ मा रहेको सा.कि.नं. १२ को ०-०-१३ मध्ये आधा अर्थात् ०-०-६१/२ जग्गा वादीका बाबुले मिति २०२६।२।१२ मा र.नं. २५७२ मार्फत खरिद गरेको र हाल वादीको भोग चलनमा रहेको तथ्यलाई प्रतिवादीले समेत स्वीकार गरेकै अवस्था छ। वादीका पिता विहारीलालले सा.कि.नं. १२ को ०-०-१३ मध्ये ०-०-६१/२ जग्गा लिई बाँकी ०-०-६१/२ जग्गामा अघिदेखि नै घर बनाई आँपका रूख रोपेको जग्गामा भोला साहपछि आफूहरूले भोग चलन गरी आएको र आफूहरूले कुनै नयाँ घर बनाएको छैन भनी प्रतिवादीले प्रतिउत्तरमार्फत प्रतिवाद गरेको देखिन्छ। सप्तरी जिल्ला अदालतको मिति २०६५।९।८ मा फिरादमा उल्लिखित सा.कि. नं. १२ र सा.कि.नं. २६ को नापनक्सा तथा विवादित जग्गाको चार किल्लासमेतको भौतिक अवस्था चित्रण हुने गरी अ.ब. १७१ नं. बमोजिम नाप नक्सा पेस गर्नु भनी भएको आदेशानुसार मिति २०६५।१०।१० मा भएको नक्सा मुचुल्का हेर्दा सा.वि.क. १२ मा न.नं. ४ को जग्गा रहेको, सो जग्गा वादीका बाबु विहारीलालले भोला साहबाट र.नं. २५७२ बाट खरिद गरेको जग्गासँग भिडेको र सो जग्गामा २ वटा घरसमेत रहेको देखिन्छ। सो स्थानमा प्रतिवादीहरूले भनेजस्तो आँपका रूखहरू रहेको देखिँदैन। यसबाट वादी दाबीको जग्गा प्रतिवादीले खिचोला गरी घर बनाएको पुष्टि भएको हुँदा वादीले प्रतिवादीबाट खिचोला मेटाई घर उठाई चलन चलाई पाउने नै देखिँदा वादी दाबीबमोजिम मिति २०६२।२।१२ को राजीनामामा उल्लेख भएको ०-०-६१/२ जग्गामा प्रतिवादीले खिचोला गरी बनाएको घर उठाई खिचोला मेटाई वादीले प्रतिवादीबाट चलन चलाई पाउने ठहर्‍याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।२।२४ को फैसला मिलेकै देखिँदा सदर

हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः विदुर काफ्ले

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७२ साल चैत १७ गते रोज ४ शुभम् ।

३

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०६७-CR-११६४, कर्तव्य ज्यान, *गमबहादुर सुनार वि. नेपाल सरकार*

कुटपिटबाट घाइते भएका मृतक गुरूदास लोहारको मृत्यु उपचारको क्रममा मिति २०६५।१०।१८ भेरी अञ्चल अस्पतालमा भएको देखिन्छ । मृत्युको कारणमा रक्त सञ्चार अवरूद्ध भई भएको भन्ने Autopsy Report समेतलाई विश्लेषण गरी हेर्दा मृतक गुरूदासको मृत्यु प्रतिवादीले प्रहार गरेको कुटपिटबाट शरीरमा परेको घाचोट निलडामले गर्दा रक्तसञ्चार अवरूद्ध भई हुन गएको देखिन आउँछ । प्रतिवादी मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष मृतकउपर कुटपिट गरेको कुरामा साबित रही अदालतमा वारदातका बखत आफू ससुराली हवलदारपुरमा रहेको हुनाले वारदातमा आफ्नो संलग्नता नरहेको भनी इन्कारी बयान गरे पनि सो इन्कारी अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सकेको देखिँदैन । प्रतिवादीका साक्षी सिता महराले मिति २०६५।१०।२ मा मृतक र प्रतिवादीबीच झैझगडा भएको सुनेपछि आफू वारदातस्थलमा गएको भनी अदालतमा बकपत्र उल्लेख गरेबाट प्रतिवादीको Alibi जिकिरलगायतको इन्कारी बयान पुष्टि हुन सकेको नदेखिने ।

प्रतिवादीको मौकाको अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयान, वादीतर्फका साक्षी कमला वि.क. र जाहेरवाला तुलसी लोहारसमेतले अदालतमा बकपत्र गर्दा प्रतिवादीले मृतक गुरुदासउपर मिति २०६५।१०।२ मा पिर्कासमेतले टाउको, आँखा, गुप्ताङ्गसमेतका शरीरका विभिन्न भागमा मरणासन्न कुटपिट गरेका र भेरी अञ्चल अस्पतालमा उपचार गर्दागर्दै मिति २०६५।१०।१८ मा मृत्यु भएको हो भनी जाहेरी र अभियोग दाबीको समर्थन हुने गरी बकपत्र गरेबाट प्रतिवादीको जघन्य कुटपिटबाट गुरूदास लोहारको रक्तसञ्चार अवरूद्ध भई मृत्यु भएको पुष्टि हुन आएबाट निज प्रतिवादी गमे भन्ने गमबहादुर सुनारलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा ऐ. १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको बाँके जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६७।९।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: विदुर काफ्ले

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७२ साल चैत १४ गते रोज १ शुभम् ।

इजलास नं. ५

१

मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०६८-CR-०६०६, जबर्जस्ती करणी, *कृष्ण भन्ने रूद्रप्रसाद पौडेल वि. नेपाल सरकार*

पीडितकी बहिनी कौशिलाले झ्यालबाट वारदात देखेको भनेकी तर घटनास्थल मुचुल्काबाट कोठामा झ्याल रहेको नदेखेकोले साक्षी कौशिलालाई प्रत्यक्षदर्शी भनेको मिलेन । पीडितको कन्याजाली नच्यातिएको र योनिबाट रगत आदि ननिस्केको अवस्थामा जबर्जस्ती करणीको कसुर ठहर गर्न मिल्दैन । Small laceration र blue red patches भनी पीडितको योनिको अवस्थाबाट जबर्जस्ती करणीको उद्योगको कसुरसम्म आकर्षित हुने अवस्था छ । पीडितको शारीरिक जाँच गर्ने डाक्टरले बकपत्र

गरी प्रतिवेदनको समर्थन गर्न सक्नुपर्नेमा निजको बकपत्र भएको छैन। पीडितले अदालतमा बकपत्र गरेर वारदात सिद्ध गर्न सक्नुपर्ने सो केही हुन सकेको छैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिर देखिन्छ । यी प्रतिवादीले अदालतमा बयान गर्दा आफू मानसिक रोगी भएकोले औषधिले झ्याम्म पारी रहेको थियो, शरीर काँपिरहेको थियो, पीडितलाई जबर्जस्ती करणी गरेको होइन भनी मौकाको बयानमा भनेकोमा सरहरूले जबर्जस्ती करणी गरेको भनी लेखी साबित गराउनु भयो, बयान सुनाउनु भएन, विश्वासमा परेँ, अभियोग दाबी झुट्टा हो भन्ने जिकिर लिएको देखिन्छ। तर यी प्रतिवादीको मानसिक अवस्था कमजोर रहेको कुरा मिसिल प्रमाणबाट खम्बिर भएको नपाइने।

प्रतिवादीको मानसिक अवस्थाका सम्बन्धमा सुरू अदालतको विश्लेषणको प्रशंसा गर्नुपर्छ । यी प्रतिवादीको विरूद्धमा प्रहरीले लागी परी फसाउनु पर्ने प्रयोजन रहेको पनि देखिँदैन। अदालतमा बयान गर्दासमेत यी प्रतिवादीले आफ्नो शारीरिक अवस्था ठीक रहेको र सोधेको प्रश्नको जवाफ दिन सक्छु भनेको पाइन्छ। यी प्रतिवादीले सामान्य व्यक्तिझैँ अदालतबाट सोधेका प्रश्नहरू बुझेर कुशलतापूर्वक जवाफ दिएको स्थिति छ। प्रतिवादीकै साक्षीहरूबाट पनि यी प्रतिवादी सुस्त मनस्थिति भएका व्यक्ति वा मानसिकरूपले कमजोर व्यक्ति रहेको पाइँदैन । प्रतिवादीका साक्षी हरिप्रसाद आचार्यसमेतको बकपत्रबाट प्रतिवादीले निज साक्षीहरूसँग कुराबात गरेको र चिया खान भनेको कुरा खुल्न आउँछ । खेतीबारी घरजम गरी बसेका र सन्तानका बाबुसमेत रहेका यी प्रतिवादी मानसिकरूपले अस्वस्थ भएकोले विश्वासमा परी प्रहरीले तयार पारीदिएको कागजमा सही गरेको हो भन्ने प्रतिवादीको इन्कारी जिकिर प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रमाणित हुन नसकेकोले यी प्रतिवादीले मौकामा गरेको कागज प्रतिवादी विरूद्ध प्रमाण लाग्ने देखिन आउँदा प्रतिवादीले वर्ष ११ की अपाङ्ग सविना रेग्मीलाई जबर्जस्ती करणी गरेको प्रमाणित हुन आएकोले प्रतिवादी कृष्ण भन्ने रूद्रप्रसाद पौडेललाई मुलुकी ऐन, जबर्जस्ती करणीको महलको १ नं. को कसुरमा सोही महलको ३(२) नं. बमोजिम १० वर्ष कैद तथा ३क नं. बमोजिम थप ५ वर्ष कैद र ऐ. को १० नं. बमोजिम प्रतिवादीबाट पीडितलाई रू. १,५०,०००।- क्षतिपूर्ति दिलाई भराई दिने ठहर्‍याएको सुरू पर्वत जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत बाग्लुङ्गको मिति २०६८।३।१५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः गेहेन्द्रराज पन्त

कम्प्युटर: गीता घिमिरे (गिरी)

इति संवत् २०७२ साल फागुन १० गते रोज २ शुभम्।

२

मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०६८-CR-०६२३, जबर्जस्ती करणी, बाबुराम राई वि. नेपाल सरकार

प्रतिवादीले यस अदालतमा पुनरावेदन गर्दा पीडितलाई वारदातको दिन समय जबर्जस्ती करणी नगरेको, रक्सी सेवन गरी होस नरहेकोले खाना खाई श्रीमतीसँग सुतेको, २ बजे राति उठी पीडितको उपचारको लागि एम्बुलेन्स खोजी धरानसम्म गई मद्दत गरेको, बेहोस भएकी पीडितले मेरो नाम भन्न सक्ने अवस्था छैन। घटनाको प्रत्यक्षदर्शी कोही नभएकोले प्रस्तुत वारदात शंकास्पद भएको छ। मेरो स्वास्थ्य परीक्षण गरी वारदात एकिन गर्ने काम भएको छैन। जाहेरवालाको ईच्छाविपरीत निजको छोरीसँग प्रेम गरी भगाई विवाह गरेकोले झुट्टा मुद्दा गरेको भन्ने जस्ता जिकिर लिनुभएको देखिन्छ। तर जाहेरवालाले प्रतिवादीसँग त्यस किसिमको रिसइवी लिएको र लिनुपर्ने कारण रहेको कुनै पनि प्रमाण मिसिलमा पाइँदैन । आरोपित कसुरमा साबित भई प्रतिवादीले मौकामा बयान गरेका र अदालतमा गरेको बयानको

जवाफ ९ मा उक्त बयान अदालतबाट सुनाउँदा देखाउँदा देखेँ सुनेँ मैले आफ्नो स्वेच्छाले गरेको बयान हो। जबर्जस्ती गरेको होइन। त्यसमा भएको सही छाप मेरै हो भनी उल्लेख गरेको व्यहोराबाट प्रतिवादीको मौकाको बयान स्वेच्छाको देखिन्छ। सोही बयानको जवाफ ८ मा पीडितले मौकामा गरेको कागजको बारेमा रक्सीको नसाको कारण मलाई थाहा छैन, यसबारे म हो भन्न पनि सक्तिन होइन भन्न पनि सक्तिन होस छैन भनी उल्लेख भएको व्यहोराबाट पीडित र जाहेरवालाले साँचो व्यहोराकै पोल गरेको कुरा प्रस्ट हुने।

प्रतिवादीले पीडितको उमेरको सम्बन्धमा कुनै विवाद खडा गरेको पाइँदैन। प्रतिवादीले पीडितको उमेर स्वीकार गरेको अवस्थामा यस अदालतले त्यसतर्फ प्रवेश गर्नु उपयुक्त हुँदैन। यस स्थितिमा सुरू जिल्ला अदालत तथा पुनरावेदन अदालतले वर्ष ९ की पीडितलाई प्रतिवादीले जबर्जस्ती करणी गरेको ठहर्‍याई प्रतिवादीलाई जबर्जस्ती करणीको महलको ३(१) नं. बमोजिम १० वर्ष कैद र सोही महलको १० नं. बमोजिम पीडितले प्रतिवादीबाट क्षतिपूर्ति रू. १५,०००।– भरी पाउने ठहर्‍याएको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, बिराटनगरको मिति २०६७।११।११ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। अभियोगदाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल फागुन १० गते रोज २ शुभम्।

३

मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०६९-WO-०१५३, परमादेश, *दिवाकर क्षेत्रीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

नागरिकता राज्यले आफ्ना नागरिकहरूको पहिचानको लागि जारी गरिने महत्त्वपूर्ण प्रमाणपत्र हो। नागरिकता व्यक्तिको राष्ट्रियतासँग गाँसिएको विषय हुँदा राज्यले संविधान तथा कानून निर्माण गरी नागरिकता प्राप्त गर्ने आधारहरू तय गरेको हुन्छ। कुनै व्यक्ति कुनै राष्ट्रमा बस्दैमा वा रोजगार, पेसा, व्यवसायमा संलग्न हुँदैमा त्यो राष्ट्रको नागरिक भई हाल्दैन। राज्यको नीतिको अधीनमा रही कानूनले नागरिकता प्राप्त गर्ने खास आधार र प्रक्रियाहरू तय गरेको हुन्छ। यस्ता आधार र प्रक्रियाहरू पूरा गर्ने व्यक्तिलाई नागरिकताको प्रमाणपत्र जारी हुने।

रिट निवेदकहरूले आफूहरूको बाबु नेपाली नागरिक रहेको भनी दाबी लिएको भएपनि निजको बाबु नेपाली नागरिक भएको प्रमाणहरू पेस गर्न असमर्थ रहेको स्वयम् रिट निवेदकहरूले स्वीकार गरेको अवस्था छ। कानूनले कुनै संवैधानिक वा कानूनी हक उपभोग गर्न एकभन्दा बढी विकल्पहरू उपलब्ध गराएको रहेछ भने सोमध्ये कुनै विकल्प छनौट गर्न पाउने अधिकार त्यस्तो हक अधिकार उपभोग गर्न पाउने व्यक्तिमा रहने हुँदा निवेदकहरूले माग गरेबमोजिम निवेदकहरू नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) बमोजिम नागरिकता प्राप्त गर्ने वा ऐ. ऐनको दफा ३(२) तथा दफा ५(२) अनुसार नागरिकता प्राप्त गर्नसक्ने व्यक्ति हुन् वा के हुन् सो सम्बन्धमा छानबिन भई निर्णय गर्न पर्ने देखिएको हुँदा आवश्यक छानबिन गरी निर्णय गरी सो को जानकारी निवेदकहरूलाई समेत दिनु भनी विपक्षीहरू जिल्ला प्रशासन कार्यालय, ललितपुर र साबिक किटनी हाल गोदावरी गाउँ विकास समिति ललितपुरको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटर : चन्द्रा तिमिल्सेना

इति संवत् २०७३ साल वैशाख ३० गते रोज ५ शुभम्।

४

मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०६९-CR-०८६८, कर्तव्य

ज्यान, *प्रेमबहादुर मगर वि. नेपाल सरकार*

प्रतिवादीले मौकामा गरेको बयानमा वारदात भएको दिन २०६७।६।२६ गते बेलुकी घरमा आउँदा मृतक पत्नी रनमाया मगरले मादक पदार्थ सेवन गरी मातेर बसेको देखी सोध्दा उल्टै कराउन थालेपछि घरमा हेर्दा मैले ल्याएको रासन तथा घरमा भएको भाँडाबर्तनसमेत बेची रक्सीसँग साटी खाएको भन्ने कुरा मृतकले गरेपछि एक्कासी रिसको आवेशमा आई पत्नी मलाई अनुहारमा ४।५ पटक झापडले कुटी मुड्की झापडसमेतले यत्रतत्र ठाउँमा कुट्दा मृतक पत्नी घाइते भई उपचारको लागि प्राथमिक उपचार केन्द्र आम्दामा मसहित २।३ जना छिमेकीहरू भई ल्याई उपचार गराउँदा गराउँदै मिति २०६७।६।२७ गते बिहान राति००:४५ बजेको समयमा पत्नीको मृत्यु भएको हो भनी लेखाएको पाइन्छ । मुड्की र झापडको कुटपिट सामान्य रहेको अथवा घातक रहेको भन्ने कुरा कसलाई, के कुन अवस्थामा, कोबाट, कसरी, कतिपटक कुटपिट भयो भन्ने कुरामा निर्भर हुन्छ । बलिया प्रतिवादीले रक्सीबाट थिलथिल भएकी श्रीमतीको अनुहारमा झापड, मुड्कीले ४।५ पटक र शरीरका अन्य भागमा यत्रतत्र मुडकी, झापडले कुटपिट गर्ने कार्य गम्भीर कुटपिट serious and grievous hurt मानिन्छ । मृतकलाई अस्पतालमा लगेर उपचार गराउनु पर्नेसम्मको परिणाम आउने गरी भएको कुटपिट र सोको १।२ घण्टापछि नै राति ००.४५ बजे श्रीमतीको मृत्यु भएको तथ्यबाट प्रतिवादीबाट भएको कुटपिटलाई सामान्य कुटपिट मान्न नमिल्ने ।

मुलुकी ऐन, भवितव्य कसुरको सम्बन्धमा यस अदालतबाट प्रशस्त नजिर प्रतिपादन भएका छन् । प्रतिवादीबाट base offence नभएको अर्थात् मृतकलाई लागेको घाउ चोट कुटपिटबाट नभएको, विवादित कार्य गर्दा प्रतिवादी reckless नदेखिएको, सर्वसाधारणले भयावह नठानेको र स्वीकार गरेको सामान्य, स्वाभाविक काम कारवाहीको दौरान व्यक्ति मर्न पुगेको अस्वाभाविक परिणाम निस्केको वारदात भवितव्य ठहर्ने भन्ने नै ती नजिरको सार देखिन्छ । भवितव्यमा प्रतिवादी तथा सामान्य समझको मानिसले नसोचेको परिणाम अचानक घटित भएको हुनुपर्छ । सो काम गर्दा वा हुँदा प्रतिवादीमा मृतकप्रति कुनै किसिमको दुराशय एवम् बद्नियत हुनु नहुने ।

मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं प्रतिवादीले आत्मनियन्त्रण गुमाएको अवस्थामा जोखिमी हतियार प्रयोग नगरी गरेको कर्तव्य ज्यानको वारदातमा आकर्षित हुने कानून हो । मूलतः लात्ती, मुड्की प्रयोग भएको वारदातकै लागि उक्त १४ नं बनेकोले लात्ती मुड्कीको प्रयोग भएको वारदातमा यसलाई आकर्षित गर्न मिल्दैन भन्ने प्रतिवादीको जिकिरसँग सहमत हुन सकिएन । मृतकको कारणले रिस उठेको अथवा मृतकले जाँड रक्सी खाई बालबच्चाको हेर विचार नगरेको जस्तो अवस्था परेको कारणबाट वारदात भएबाटै प्रतिवादीले उक्त १४ नं. को कसुरबाट उन्मुक्ति पाउने अवस्था रहँदैन । यसर्थ प्रस्तुत विवादमा १४ नं. आकर्षित हुनुपर्ने होइन भवितव्यको कसुरमा सजाय हुनुपर्छ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद सजाय गरी मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैदको राय व्यक्त गरेको सुरू झापा जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १४ नं बमोजिम १० वर्ष कैद गरेको पुनरावेदन अदालत, इलामको मिति २०६९।६।१४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: इन्द्रकुमार खड्का

कम्प्युटर: चन्द्रा तिमिल्सेना

इति संवत् २०७२ साल पुस २४ गते रोज ६ शुभम् ।

इजलास नं. ६

१

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०६९-CR-०३७९, वैदेशिक रोजगारसम्बन्धी, युवराज दाहाल वि. नेपाल सरकार

वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० मा इजाजत पत्र विना वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न नपाउने व्यवस्था भएको पाइन्छ । यसैगरी दफा ४३ मा "इजाजत नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा हुने सजायसम्बन्धी व्यवस्था छ। जसअनुसार कसैले दफा १० विपरीत इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा वा कसैलाई वैदेशिक रोजगारमा लगाइदिन्छु भनी झुट्ठो आश्वासन दिई वा प्रलोभन देखाई वैदेशिक रोजगारीमा लगाइदिने उद्देश्यले कुनै रकम लिएमा वा विदेश पठाएमा त्यसरी लिएको रकम र सोको पचास प्रतिशतले हुने रकम हर्जानाबापत असुल गरी त्यस्तो व्यक्तिलाई विदेश जान र आउन लागेको खर्चसमेत भराई निजलाई तीन लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिवाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुनेछ । विदेश पठाई नसकेको भए सो सजायको आधा सजाय हुनेछ।" भन्ने कानूनी व्यवस्था देखिँदा प्रतिवादी युवराज दाहालले जाहेरवाला राजु विश्वकर्मालाई वैदेशिक रोजगारमा विदेश पठाई दिने भनी मिति २०६७।२।९ गते रू.४,००,०००/- (चार लाख रूपैयाँ) को लिखत गरी रकम लिई विदेश पठाउन नसकेको हुँदा वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ अन्तर्गतको कसुर गरेको स्पष्ट हुन आएकोले ऐ. ऐनको दफा ४३ बमोजिम विदेश पठाई नसकेको स्थितिलाई मध्यनजर राखी अभियोग माग दाबीबमोजिम प्रतिवादीलाई सोही ऐनको दफा ४३ बमोजिम रू.१,५०,०००/- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना र १।६।० (एक वर्ष ६ महिना) कैद तथा जाहेरवालाले दिएको रकम रू. ४,००,०००।- (चार लाख रूपैयाँ) र सोको ५० प्रतिशतले हुने रकम रू. २,००,०००।- (दुई लाख रूपैयाँ) समेत गरी जम्मा रू. ६,००,०००।- (छ लाख रूपैयाँ) हर्जानाबापत जाहेरवालाले प्रतिवादीबाट भरी पाउने ठहर्‍याएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।१०।१५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विनोद रखाल
कम्प्युटर: सुदर्शनप्रसाद आचार्य
इति संवत् २०७२ साल चैत १८ गते रोज ५ शुभम्।

२

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०७०-CR-०७४८, ०७०-CR-१२३१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लालमाया गुरूङ, साइली माया गुरूङ वि. नेपाल सरकार*

मृतक ससुरा लालबहादुर गुरूङलाई आफूले कर्तव्य गरी मारेको तथ्यमा साबित रही मौका तथा अदालतमा बयान गरी न्यायिक प्रक्रियालाई सघाएको देखिन्छ । कसुरको प्रकृतिबाट कानूनले सर्वस्वसहित जन्मकैदको सजाय पनि तोकेको छ । तर कसुरको प्रकृति, वारदात हुँदाको अवस्था, परिस्थिति आदि कुराको आधारमा कसुरदारलाई सजाय निर्धारण गरी कसुर र सजायबीचमा तादम्यता हुनु र गरिनुपर्दछ । प्रस्तुत मुद्दामा पति घरमा नभएको अवस्थामा मृतक (ससुरा) ले प्रतिवादी साइलीमाया गुरूङ (बुहारी) लाई पटकपटक चरित्रउपर नै झुट्ठा लाञ्छना लगाउने गरेको, समाजमा छलफल गराउने जस्ता एउटा महिलाको चरित्रलाई समाजसमक्ष उजागार गर्ने गरेको प्रताडनाजन्य कार्यबाट यी प्रतिवादीलाई मानसिक पीडा भई पीडकप्रति नकारात्मक भाव सिर्जना भएको र पीडक मृतक ससुराको उपर्युक्त जरियाबाट उक्त वारदात घटाउन उत्प्रेरित गरेको देखिन्छ । जोखिमी हतियार

प्रयोग गरी वीभत्स ढंगबाट प्रस्तुत वारदात भएको पनि देखिँदैन । तसर्थ उपर्युक्त अवस्था परिस्थतिलाई मध्यनजर राख्दा कानूनबमोजिम सजाय चर्को पर्ने देखिएकोले मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम यी प्रतिवादीलाई जम्मा कैद वर्ष ७ (सात) हुने गरी व्यक्त गरेको पुनरावेदन अदालत, पाटनको रायसहितको फैसला मनासिब नै देखिन आउने ।

प्रतिवादीमध्येकी लालमाया गुरूङलाई सफाइ दिएको मिलेन भनी वादी नेपाल सरकारको तर्फबाट परेको पुनरावेदन जिकिरतर्फ विचार गर्दा प्रत्यर्थी प्रतिवादी लालमाया गुरूङ वारदातस्थलमा नभएको भन्ने कुरामा विवाद देखिँदैन । वारदातस्थलमा यी प्रतिवादीको भौतिकरूपमा उपस्थिति नभएको कारण निजले मृतकलाई मार्ने कार्यमा सहप्रतिवादी साइलीमायालाई प्रत्यक्ष कुनै प्रकारको सहयोग पुर्‍याएको अवस्था नै रहेन । मृतकलाई मार्नमा आफ्नो कुनै प्रकारको संलग्नता छैन भनी यी प्रतिवादीले अदालत एवम् अनुसन्धान अधिकारीसमक्ष इन्कार रही बयान गरेको देखिन्छ । मृतकलाई मार्न छोरीलाई प्रेरित गरेको, वचन दिएको वा षड्यन्त्र गरेको मिसिल संलग्न कुनै पनि कागजप्रमाण देखिँदैन । जाहेरवाला एवम् बुझिएका मानिसहरूको भनाइबाट यी प्रत्यर्थी प्रतिवादीले मृतकलाई मार्ने कार्यमा छोरी साइलीमायालाई उक्साएकी हुन् भनी तथ्यपरकरूपमा खुलाएको देखिँदैन । रातको समयमा वारदात भएको छ । यी प्रतिवादीले वारदातको दिन, समयमा आफ्नी छोरी प्रतिवादी साइलीमायासँग कुनै किसिमबाट भेट गरेको, निजहरूबिच कुरा भएको देखेको सुनेको भन्ने जाहेरवालालगायत बुझिएका मानिसहरू कसैको भनाइबाट देखिँदैन । शंका र अनुमानको आधारमा कसैलाई कसुदार ठहराउनु फौजदारी न्यायको सिद्धान्तको विपरीत हुन जान्छ । तसर्थ अभियोगदाबी पुष्टि हुने ठोस र वस्तुगत प्रमाण मिसिलमा मौजुदा नरहेको यस अवस्थामा यी प्रतिवादी लालमाया गुरूङले अभियोग दाबी बमोजिमको कसुर गरेको भन्न नमिल्ने ।

प्रतिवादी साइलीमाया गुरूङलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३ नं. को कसुरमा सोही महलको १३(३) नं. बमोजिमको कसुर गरेको ठहर्‍याई मुलुकी ऐन , अदालती बन्दोबस्तको १८८ नं. बमोजिम ७(सात) वर्ष कैद गर्न व्यक्त गरेको राय र प्रतिवादी लालमाया गुरूङलाई अभियोग दाबीबाट सफाइ दिने पुनरावेदन अदालत, पाटनको मिति २०६९।१२।२५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकार तथा प्रतिवादी साइलीमाया गुरूङको पनुरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : कोशलेश्वर ज्ञवाली

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असार २७ गते रोज २ शुभम् ।

३

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०६८-CR-१०७८, बन्दीप्रत्यक्षीकरण, *रामवृक्ष दासको हकमा अधिवक्ता रामभरोसा मण्डल वि. कारागार कार्यालय, महोत्तरीसमेत*

कारागारबाट भागेको मुद्दामा फैसला नहुँदै निज मिति २०४३।८।२५ मा दोस्रो पटक कारागारबाट भागेकोमा पुनः मिति २०५१।४।१७ मा पक्राउ परेको र निजउपर कैदी भागेको मुद्दा चली सर्लाही जिल्ला अदालतबाट कैद भुक्तान गर्न बाँकी रहेको अवधिमा डेढी बढाई कैद हुने ठहर्‍याई मिति २०५१।९।२१ मा फैसला भएको देखिन्छ । सो फैसलानुसार निजलाई २९ वर्ष ११ महिना कैद ठेकी मिति २०८१।३।१७ सम्म कैदमा बस्ने व्यहोराको च.नं. ४२३२ मिति २०५४।१०।१४ को कैदी पुर्जी दिइएकोमा सो कैदी पुर्जीलाई संशोधन गर्दै सर्लाही जिल्ला अदालतबाट पुनः च.नं. २१०५ मिति २०६०।८।०३ मा निजलाई कारागार ऐन, २०१९ को दफा २४ को उपदफा ६

बमोजिम २० वर्ष मात्र कैद सजाय हुने भएकोले २० वर्ष अर्थात् मिति २०५१।०४।१७ देखि २०७१।४।१७ सम्म कैदमा बस्ने व्यहोराको संशोधित कैदी पुर्जी दिइएको रहेछ । उक्त कैदी पुर्जी कारागार ऐन, २०१९ को दफा २४(६) ले गरेको कानूनी व्यवस्थाअनुरूप भएन। प्रतिवादीलाई २० वर्षमात्र कैद हुने भएकोले निज ज्यान मुद्दामा कैदमा बसेको अवधि कट्टी गरी बाँकी हुन आउने अवधिको मात्र कैद बस्नुपर्नेमा सो अवधिभन्दा बढी कैदमा बसी सकेकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनाबाट मुक्त गरी पाउन जिकिर लिई निवेदन परेको देखिने।

रामवृक्ष दास पुर्पक्षको क्रममै पहिलो पटक मिति २०३७।४।३० मा कारागारबाट भागेकोमा कारागार ऐन, २०१९ को दफा २४ को उपदफा ४ र ६ आकर्षित हुने देखियो । तसर्थ निज पुर्पक्षको लागि कारागारबाट भागेको मुद्दामा सर्लाही जिल्ला अदालतबाट भएको मिति २०४४।८।२१ को फैसलानुसार कारागार ऐन, २०१९ को दफा २४ को उपदफा ४ र ६ बमोजिम २० वर्षमात्र कैद सजाय हुने कुरामा निवेदकको समेत विमति रहेको नदेखिने।

रामवृक्ष दासले कैद सजाय भुक्तान गरिरहेको अवस्थामा मिति २०४३।८।२५ मा कारागारबाट दोस्रो पटक भागेको कसुरमा कारागार ऐन, २०१९ को दफा २४ को उपदफा ३ र ६ आकर्षित हुने देखिन्छ। कारागार ऐन, २०१९ को दफा २४ को उपदफा ६ आफैँमा निरपेक्ष व्यवस्था होइन भन्ने कुरा सो उपदफाको पठनबाटै स्पष्ट हुन्छ। यो उपदफालाई उपदफा ३ को सापेक्षतामा व्याख्या गरिनुपर्दछ । उपदफा ३ ले कैद म्याद ठेकिएको कैदी भागेमा पक्रिएपछि निजलाई बाँकी कैदको डेढी बढाई सजाय हुने र उपदफा ६ ले बीस वर्षभन्दा बढी कैद हुने गरी सजाय गरिने छैन कानूनी व्यवस्था गरेकोले निज रामवृक्ष दासलाई निजले भुक्तान गर्न बाँकी कैदमा डेढी बढाई सजाय कायम गरी त्यसरी डेढी बढाई सजाय कायम गर्दा २० वर्षभन्दा बढी कैद हुनेमा २० वर्ष मात्र कैद सजाय ठेकी सर्लाही जिल्ला अदालतले दिएको संशोधित कैदी पुर्जी कानूनसम्मत नै देखिने।

अदालतबाट भएका अन्तिम फैसलानुसार कसुरदारलाई लागेको कैद सजाय असुल गर्ने प्रयोजनको लागि सर्लाही जिल्ला अदालतबाट मिति २०६०।०८।०३ मा दिएको कानूनसम्मत संशोधित कैदी पुर्जीबाट रामवृक्ष दासको वैयक्तिक स्वतन्त्रताको हक कुण्ठित भएको प्रमाणित हुन नआउने।

कैदी भागेको कसुरमा सजाय गर्दा कारागार ऐन, २०१९ को दफा २४ को उपदफा ३ ले बाँकी कैदको डेढी बढाई सजाय गर्नुपर्ने व्यवस्था भई सोहीबमोजिम सजाय गरी सोही ऐनको दफा २४ को उपदफा ६ अनुसार २० वर्षमा नबढाई सजाय हुन सक्ने नै हुँदा रामवृक्ष दासलाई मिति २०७१।४।१७ सम्म कैदमा राख्ने गरी दिएको संशोधित कैदी पुर्जी मिलेकै देखिँदा पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।०४।१६ को आदेश सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः आनन्दराज पन्त
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७३ साल वैशाख १४ गते रोज ३ शुभम्।

इजलास नं. ७

१

मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा, ००६८-CR-१२०३, ०६८-CR-१२२५ मानव बेचविखन ओसारपसार, *नेपाल सरकार वि. सोमबहादुर तामाङ, सोमबहादुर तामाङ वि. नेपाल सरकार*

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ हेर्दा यस ऐनको दफा ३ ले मानव बेचबिखन र ओसारपसार गर्नु गराउनु हुँदैन

भनी मानव बेचबिखन र ओसारपसार गर्ने कार्यलाई आपराधिकिकरण (Criminalization) गरेको पाइन्छ भने सोही ऐनको दफा ४(१) मा मानव बेचबिखन गरेको मानिने कार्य तोकिएको र दफा ४(२) मा मानव ओसारपसार गरेको मानिने कार्यसमेत अलगअलग गरी तोकिदिएको अवस्था छ । त्यस्तै दुवैमा फरक फरक सजाय हुने पनि दफा १५ मा व्यवस्था छ । यसरी कस्तो कार्यबाट मानव ओसारपसार हुने र के कस्तोबाट बेचबिखन हुने भनी अलगअलग गरी तोकिदिएबाट मानव बेचबिखन र मानव ओसारपसारलाई दुई भिन्न आपराधिक कार्यका रूपमा राखिएको प्रस्ट हुन्छ । यी दुवै अलग आपराधिक कार्य भएकाले यी दुवैको छुट्टै अस्तित्व हुन जान्छ । प्रायः सँगसँगै यी दुवै अपराध हुने भएपनि एकको अभावमा अर्को नहुने परिपूरक भने होइनन् । ओसारपसारको उद्देश्यका रूपमा किन्ने वा बेच्ने वा वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने नै ऐनले राखेको भएपनि सबै अवस्थामा त्यो उद्देश्य पूरा भई किन्ने बेच्ने वा वेश्यावृत्तिमा लगाएको नै भन्न सकिँदैन तापनि सो उद्देश्यले लगेमा ओसारपसार भने गरेको नै मानिने ।

प्रस्तुत वारदातमा पनि प्रतिवादीले बेचबिखन गर्ने उद्देश्यले नै पीडितलाई भारत लगेको र बेच्न नपाउँदै भारतमा अलपत्र छोडेकोमा निज पीडितमाथि यौन शोषण भएको पुष्टि भएपनि बेचबिखन गरिसकेको भने मिसिलबाट पुष्टि हुन सक्दैन । यस्तो पीडितलाई भारतसम्म पुर्‍याई चरम यौन शोषणसमेत भएको पुष्टि भइरहेको अवस्थामा अभियोग माग दाबीबमोजिम सजाय गर्ने गरेको सुरू फैसला सदर गर्नुपर्नेमा सो नगरी भएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण भएको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

माथि विवेचित आधार प्रमाणबाट पुनरावेदक प्रतिवादी सोमबहादुर तामाङले अभियोग दाबीबमोजिमको कसुर गरेको ठहराई निजलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) (क) बमोजिम २० वर्ष कैद र २,००,०००।- जरिवाना गर्ने गरी भएको सुरू जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादीले ऐ. ऐनको दफा ४ (२)(ख) बमोजिमको कसुर गरेको ठहर्‍याई निजलाई ऐ. ऐनको दफा १५ (१) (ङ) (१) बमोजिम १० (दश) वर्ष कैद र रू.१,००,०००।- (एकलाख) मात्र जरिवाना र पीडित धनमाया नागवंशीले यी प्रतिवादीबाट ऐ. ऐनको दफा १७ (१) बमोजिम क्षतिपूर्तिबापत रू. १,००,०००।- (एक लाख) भराई दिने गरी भएको पुनरावेदन अदालत, इलामको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादी सोमबहादुर तामाङको सफाइ पाउँ भन्ने र वादी नेपाल सरकारको अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः यदुराज शर्मा

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७३ साल जेठ २४ गते रोज २ शुभम् ।

२

मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०६९-CR-०४६१, ०४३२, कर्तव्य ज्यान र अपहरण, *नेपाल सरकार वि. रामस्वरूप मुखिया विनसमेत, रामस्वरूप मुखिया विनसमेत वि. नेपाल सरकार*

बन्दुक जस्तो घातक हतियारसमेत देखाई बल प्रयोग गरी जबर्जस्ती पान्नालाललाई अपहरण गरी लगी अपहरण गर्दा प्रतिकारमा आएका व्यक्तिहरूउपर गोलीसमेत चलाएको देखिएको प्रस्तुत कार्य मुलुकी ऐन अपहरण गर्ने तथा शरीरबन्धक लिनेको महलको १ नं. मा परिभाषित कसुरजन्य आपराधिक कार्य भएको प्रस्ट हुन्छ । त्यस्तै अपहरण गरी लग्दा गोली चली प्रतिकारमा आएका व्यक्तिहरू घाइते भई सोही गोली लागेको कारणबाट देवमती देवीको मृत्यु भएको कार्य ज्यानसम्बन्धी महलको १ नं. ले परिभाषित अपराध

भएकाले प्रस्तुत वारदातमा अपहरण तथा कर्तव्य ज्यानको आपराधिक कार्य भएको पुष्टि हुने ।

प्रतिवादीहरूले अदालतमा बयान गर्दा वारदात समयमा आफू वारदातस्थलमा नभई अन्यत्र रहेको भनी कसुरमा इन्कार रही बयान गरी निजहरूका साक्षीहरूले उक्त कुरामा समर्थन जनाए पनि सो कुरा अन्य प्रमाणबाट पुष्टि हुन सकेको देखिँदैन । आफू अन्यत्र रहेको प्रमाण निजहरू स्वयम्ले पुर्‍याउनु पर्नेमा सो पुर्‍याउन नसकेको र वारदात भएको भन्ने कुरामा समेत निजहरूले अन्यथा केही भन्न नसकेको अवस्था छ । साथै निजहरूको आफ्नो मौकाको र अदालतको बयानसमेत एकआपसमा बाझिएको छ । प्रतिवादीले मौकामा कसुरमा साबित रही जाहेरी दरखास्त, मौकामा तयार भएका कागजहरू, दिइएका प्रतिवेदनहरू तथा घटनाको समग्र वस्तुस्थितिसँग मिल्ने भिड्ने गरी र घटनाको सिलसिलेवार चित्रण हुने गरी बयान गरी दिएका देखिन्छ । प्रतिवादी आफ्नो मौकाको बयान स्वेच्छाले नलेखाएको भने पनि के कसरी उक्त बयान स्वेच्छाविपरीत भयो निजहरूले भन्न नसकेको र सो पुष्टि हुन सक्ने अवस्था रहे भएकोसमेत नदेखिने ।

प्रहरी आफैँले वा जबरजस्ती गरी लेखाएको बयानमा घटनाको वस्तुस्थितिसँग मेल खाने किसिमले घटनाको सिलसिलेवार चित्रण पनि हुन सक्दैन र त्यस्तो बयान अन्य मौकामा कागज गर्ने व्यक्तिहरूको भनाइसँग पनि हुबहु नमिल्न सक्छ । यसरी घटनाको वस्तुस्थिति तथा परिवेशसँग र मौकामा कागज गर्नेहरूको भनाइसँग मेल खाने गरी आफ्नो स्वेच्छाले गरेको मौकाको बयानलाई अन्यथा पुष्टि नभएसम्म अदालतमा इन्कार गरेकै आधारमा असत्य भन्न नमिल्ने ।

वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूले मौकामा कागज गर्दा प्रतिवादीहरूको वारदातमा संलग्नता रहेको भनी लेखाएकोमा अदालतमा बकपत्र गर्दा मौकाको बकपत्र आफूले लेखाएको नभई लेखेर ल्याएकोमा सही गराएको भने तापनि सो कुराको पुष्टि गर्न नसकेकोले सो भनाइलाई विश्वासयोग्य मान्न सकिँदैन । अनुसन्धानका क्रममा तयार भएका तथा संग्रहित मिसिल संलग्न प्रमाणहरू एक आपसमा समर्थित भई वारदातलाई र वारदातमा प्रतिवादीहरूको संलग्नताका सम्बन्धमा पुष्टि गरिराखेको अवस्थामा मौकामा संकलित प्रमाणहरूलाई अन्यथा मानी प्रमाणमा अग्राह्य गर्न नसकिने ।

कुनै काम, घटना, वा अवस्था प्रत्यक्ष रूपमा देख्ने वा थाहा पाउने व्यक्ति वा सो काम, घटना वा अवस्थाबाट पीडित भएको व्यक्तिले कुनै काम वा घटनाका सम्बन्धमा मौकामा वा त्यसको तत्काल अघि वा पछि व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ भन्ने व्यवस्था प्रमाण ऐन, २०३१ को दफा १० मा भएअनुसार पनि घटनाका पीडित र प्रत्यक्षदर्शी दुवै रहेका यी पीडितहरूको मौकाको भनाइलाई अदालतमा आई बकपत्र नगरेको आधारमा मात्र प्रमाणपत्र लिन नमिल्ने भन्न नमिल्ने ।

मुद्दामा दिएका दुवै जाहेरीको व्यहोरा अन्य प्रमाणहरूबाट समर्थित भइरहेको छ । यस्तो अवस्थामा जाहेरवाला अदालतमा आई आफ्नो जाहेरीको समर्थनमा बकपत्र गरिदिएमा मात्र जाहेरी सत्य हुने र समर्थनमा बकपत्र गरी नदिएमा झुट्ठा हुने भनी सबै मुद्दामा गोश्वारारूपमा अर्थ गर्न नमिल्ने ।

जाहेरी अपराध भएको, हुन लागेको वा हुने आशंका देखिएको अवस्थामा प्रहरीलाई दिने जानकारी भएकाले यसका आधारमा प्रहरीले आफ्नो अनुसन्धानको तहकिकातको कार्यअगाडि बढाउँदछ । अनुसन्धान तहकिकातका क्रममा संकलित प्रमाणहरूलाई न्यायको रोहमा परीक्षण गरी अदालतले न्याय सम्पादन गर्ने हुँदा जाहेरी दरखास्तको समर्थनमा गरिने बकपत्रले प्रमाणको भूमिका खेल्ने भएपनि अन्य प्रमाण भई वारदात तथा सोमा संलग्नता पुष्टि भइरहेको अवस्थामा जाहेरी दरखास्तको समर्थन हुने गरी

जाहेरवालाले बकपत्र नगरी दिएकै आधारमा वारदातको संलग्नतालाई अन्यथा भन्न सकिँदैन । यसरी मिसिल संलग्न प्रमाण कागजहरूबाट यी प्रतिवादीहरू जना ३ अभियोग दाबीअनुसारको कसुरमा संलग्न रहेको पुष्टि हुन गएकाले पुनरावेदन अदालतले अपहरण तथा कर्तव्य ज्यानको कसुरमा यी प्रतिवादीहरूको संलग्नता रहेको भनी ठहर गरेको मिलेकै देखिन्छ । अभियोग दाबीबाट सफाइ पाउँ भनी यी प्रतिवादीहरूले आफ्नो पुनरावेदनमा लिएका आधार तथा जिकिरहरूसँग सहमत हुन नसकिने ।

मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको ३ नं. मा अपहरण गर्ने गराउने व्यक्तिलाई सात वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिवाना हुन्छ भन्ने स्पस्ट व्यवस्था रहे भएको पाइन्छ । यसरी अपहरणको कसुरमा कैद र जरिवाना दुवै गर्ने गरी स्पष्टरूपमा कानूनी व्यवस्था भएको अवस्थामा प्रतिवादीहरूलाई कैदमात्र तोकी जरिवाना नगरेको फैसला सो जरिवाना नगरेको हदसम्म मिलेको देखिँदैन र प्रतिवादीहरूलाई जनही रू.५०,०००।- जरिवाना हुने ।

अतः सुरू जिल्ला अदालतले यी प्रतिवादीहरू रामस्वरूप मुखिया विन, अम्बिका मुखिया विन र रामजी मुखिया विनलाई अभियोग दाबीअनुसार कर्तव्य ज्यानमा कसुरदार ठहराई र अपहरणको कसुरमा सफाइ दिने गरी गरेको फैसला पुनरावेदन अदालत, हेटौंडाबाट केही उल्टी भई प्रतिवादीहरूलाई अभियोग दाबीअनुसार कर्तव्य ज्यान तथा अपहरणमा कसुरदार ठहराई अपहरणको कसुरमा जरिवानाको सजाय नगरी भएको फैसला सो जरिवानासम्म नगरेको हकमा केही उल्टी भई प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा ऐ. १३ नं. को देहाय ४ अनुसार जनही जन्मकैदको सजाय र अपहरण तथा शरीरबन्धक लिनेको महलको १ नं. को कसुरमा ऐ. को ३ र ७ नं. बमोजिम जनही ९ (नौ) वर्ष कैद, जनही रू. ५०,०००।- (पचास हजार) जरिवानासमेत हुने र ऐ. को १२ नं. बमोजिम दामासाहीका दरले रू. २,०००।- (दुई हजार) क्षतिपूर्तिसमेत पीडित पान्नालाललाई भराई दिनेसमेत ठहर्ने ।

इजलास अधिकृत : यदुराज शर्मा

कम्प्युटर : सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७३ साल जेठ २४ गते रोज २ शुभम् ।

इजलास नं. ८

मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०७०-CR-१५८४, ०७१-CR-०११३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. जयलाल आचार्य, जयलाल आचार्य वि. नेपाल सरकार*

मृतकको घटनास्थल लास जाँच मुचुल्कामा टाउकोमा काननिर रगत लागेको जस्तो चोट लागेको, तालुमा ढुङ्गाले हानेजस्तो भई ४ इन्च लामो घाउ, दाहिने आँखामाथि १½ इन्च काटिएको, टाउकोमा २/३ ठाउँमा अं.४ इन्च जति लामो गहिरो ढुङ्गाले हानेजस्तो घाउ भएको उल्लेख भएको पाइन्छ भने शव परीक्षण प्रतिवेदन हेर्दा Fall injury causing head injury भनी लेखिएको पाइन्छ । शव परीक्षण प्रतिवेदनमा अन्य घाउ खतसमेत रहे भएको देखिँदा प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान लास प्रकृति मुचुल्का र शव परीक्षणजस्ता स्वतन्त्र एवम् परिस्थितिजन्य प्रमाणहरूबाट पुष्टि भएको पाइने ।

घटना विवरण कागज गर्ने मानिसहरू कन्न कला शाही, कालो अधिकारी, मानबहादुर बोगटी, वीरे नेपाली, गङ्गा खत्री, अक्केल कटुवालसमेतले घटना वारदातभन्दा अघिदेखि मृतकसँग बसी प्रतिवादीले रक्सी खाएको निजकै कर्तव्यबाट मृत्यु भएको हुनसक्छ भनी लेखाइदिएको पाइन्छ । निज घटना विवरणका

मानिस वीरे नेपाली, कालो अधिकारी, गङ्गा खत्री, पुनलाल अधिकारी, कन्नाकला शाही, पानसरी अधिकारी, दिपक अधिकारी, मानबहादुर बोगटीले आफूले गरिदिएको घटना विवरण कागज समर्थन हुने गरी अदालतमा बकपत्र गरिदिएका छन् । प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम निजहरूले गरेको घटना विवरण कागज प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने हुँदा सुरू कालीकोट जिल्ला अदालतले ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याको फैसलालाई उल्टी गरी आवेशप्रेरित हत्यातर्फ प्रतिवादी जयलाल आचार्यलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १०(दश) वर्ष कैदको सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत, जुम्लाको मिति २०७०।५।२० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकार र प्रतिवादी जयलाल आचार्यको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई
कम्प्युटर: सिजन रेग्मी
इति संवत् २०७३ साल भदौ १२ गते रोज १ शुभम् ।

इजलास नं. ९

मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री दीपककुमार कार्की, ०७१-CR-०८०८, जबर्जस्ती करणी, *इन्द्रबहादुर तामाङ वि. नेपाल सरकार*

प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा प्रतिवादी इन्द्रबहादुर तामाङले आफ्नै वर्ष ३ की नाबालिग छोरीलाई जबर्जस्ती करणी गरेको कुरा जाहेरवालाको जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, घटना विवरण कागज र पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनलगायत प्रमाणहरूबाट देखिन्छ । पीडित निजको आफ्नो सहोदर छोरी भएको र निज छोरीलाई जबर्जस्ती करणी गरेका हुँदा हाडनाता करणीसमेतमा पर्ने देखियो । यसर्थ पीडितले आफूले जन्म दिएको छोरीलाई जबर्जस्ती करणी गरेको देखिन आएबाट प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । तसर्थ पुनरावेदन अदालत, पाटनले गरेको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

माथि विवेचित तथ्य, प्रमाण र कानूनसमेतको आधारमा प्रतिवादी इन्द्रबहादुर तामाङलाई जबर्जस्ती करणीको १ नं. बमोजिमको कसुर गरेको प्रमाणित हुन आएकोले निजलाई सोही महलको ३(१) नं. बमोजिम वर्ष बाह्र (१२) कैद हुने र ऐजन महलको २ नं.ले आफ्नै छोरीलाई जबर्जस्ती करणी गरेकोले हाडनाता करणीको १ नं. बमोजिम वर्ष दश (१०) कैदको थप सजायसमेत हुने साथै पीडितलाई प्रतिवादीबाट ऐ. ऐनको १० नं. बमोजिम रू. पचास हजार (५०,०००) क्षतिपूर्ति भराइदिने ठहर गरी भएको काठमाडौं जिल्ला अदालतको मिति २०६९।११।२२ को फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७१।२।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः यज्ञप्रसाद भट्टराई
कम्प्युटर: उत्तरमान राई
इति संवत् २०७३ भदौ१९ गते रोज १ शुभम् ।

इजलास नं. १०

१

मा.न्या.श्री दिपककुमार कार्की र मा.न्या.श्री केदार प्रसाद चालिसे, ०६७-CR-०६८२, ०८४२, कर्तव्य ज्यान, *बेलबहादुर तितुङ वि. नेपाल सरकार, नेपाल सरकार वि. बेलबहादुर तितुङसमेत*

अनुसन्धानको क्रममा भएको साबिती अन्य प्रमाणबाट समर्थित नभएको भन्ने पुनरावेदन जिकिर भएकोमा त्यस्तो साबिती अन्य प्रमाणबाट

समर्थित नभएमा प्रमाणमा ग्रहण गर्न नमिल्ने हो तर सो साबितीअनुसार भनेकै ठाउँबाट लास बरामद हुनु, जाहेरवाला, मृतककी श्रीमती तथा अनुसन्धानका क्रममा कागज गर्ने व्यक्तिहरूले अदालतमा बकपत्र गर्दासमेत प्रतिवादी बेलबहादुर तितुङसमेतले कुटपिट गरी मारेको भन्नुजस्ता प्रमाणबाट सो साबिती समर्थित भइरहेको र घटना वारदातमा आफू संलग्न भएकोमा अदालतमा समेत स्वीकार गरिरहेको अवस्था पुनरावेदकको सोसम्बन्धी पुनरावेदन जिकिर स्वीकारयोग्य देखिएन। प्रतिवादीहरू र मृतकको बीचमा मृतक पशुपति भुजेलको ज्यानै लिनुपर्नेसम्मको पूर्वइवि केही देखिँदैन । मृतक काठ काट्नकै लागि जङ्गल गएको, जङ्गलबाट काठ काटी ल्याएको र सो काठको विषयमा विवाद भई सोही विवादको कारण तत्काल उठेको रिस थाम्न नसकी प्रतिवादीहरूले मृतक पशुपति भुजेललाई कुटपिट गरेको र सोही कुटपिटको जरियाबाट पशुपति भुजेलको मृत्यु भएको स्पष्टरूपमा पुष्टि भएको पाइने।

प्रस्तुत मुद्दामा ज्यान मार्नको मनसाय, ज्यान लिनुपर्नेसम्मको इवी र लुकी चोरीकन हानेको पनि मिसिल संलग्न प्रमाणबाट देखिँदैन । प्रस्तुत वारदात पूर्वनियोजित हत्याको वारदात होइन । मृतक पशुपति भुजेलले जङ्गलबाट काटेर ल्याएको काठको बिँडको सम्बन्धमा भनाभन भई यी प्रतिवादीहरूले तत्काल उठेको रिस थाम्न नसकी पशुपति भुजेललाई कुटपिट गर्दा सोही कुटपिटको चोटले पशुपति भुजेलको मृत्यु भएको मिसिल संलग्न प्रमाणबाट देखिँदा प्रस्तुत वारदात ज्यानसम्बन्धी महलको १४ नं. अन्तर्गतको कसुर देखिन आयो। प्रस्तुत वारदात न त पूर्वनियोजित न त भवितव्य नै परेको अवस्था छ । पूर्वरिसइवीले मार्नुपर्ने नियत नभएपनि तत्काल उठेको रिसबाट आवेशमा आई प्रहार गरेको देखिँदा प्रस्तुत वारदात आवेशप्रेरित हत्या (Provocational Homicide) को श्रेणीभित्र पर्ने भई सो सम्बन्धमा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने हुँदा प्रतिवादीहरू बेलबहादुर तितुङ, सुकराम स्याङ्तान र हिरालाल थिङलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम जनही १० वर्ष कैदको सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।७।१६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल साउन ३१ गते रोज २ शुभम्।

२

मा.न्या.श्री दिपककुमार कार्की र मा.न्या.श्री केदार प्रसाद चालिसे, ०७०-WO-०६६३, उत्प्रेषण, *कैलास मिश्र वि. श्रम अदालत काठमाडौंसमेत*

लगातार ३० दिनभन्दा बढी प्रतिष्ठानमा उपस्थिति नभई गयल भएमा सेवाबाट हटाउन सकिनेछ भन्ने उल्लेख भएको हुँदा उक्त नियमावलीको व्यवस्थाले स्वत: कामदार कर्मचारीलाई ३० दिनभन्दा बढी गयल हुने बित्तिकै हटाइहाल्ने भन्ने होइन, त्यसका पनि निश्चित सर्तहरू पूरा गर्नुपर्ने देखिन्छ। श्रम ऐनको दफा ५१(ग२) मा उक्त लगातार ३० दिनभन्दा बढी समयसम्म प्रतिष्ठानमा उपस्थित नभएमा भन्ने खराब आचरणमा कारबाही गर्दा दफा ५३ बमोजिम सुनुवाइको मौका दिन स्पष्टीकरण सोध्नुपर्छ त्यसरी स्पष्टीकरण सोद्धा जवाफ दिन पनि ७ दिनको म्याद दिनुपर्ने हुन्छ । उक्त नियमावलीको नियम ३७(२) बमोजिमको कसुर र दफा ५१(ग२) बमोजिमको कसुर एउटै भएको हुँदा समान कसुरमा एउटामा सुनुवाईको मौका दिएर हटाउनुपर्ने र अर्कोमा सुनुवाइको मौका नदिई हटाउन सकिन्छ भन्ने अर्थ गर्न नमिल्ने।

रिट निवेदकले विपक्षी संजयप्रसाद पटेललाई अवकाश दिँदा श्रम ऐन, २०४८ को दफा ५२(ग२) समेत उल्लेख गरी अवकाश दिएको छ । ऐनको उल्लिखित दफाको कसुर गरिसकेपछि दफा ५३ को प्रक्रिया पूरा गरी मात्र सेवाबाट हटाउने निर्णय गर्नुपर्ने स्पष्ट कानूनी

व्यवस्थालाई अनदेखा गरी श्रम नियमावली, २०५० को दफा ३७(२) लाई टेकी सिधै अवकाश दिन मिल्छ भन्नु कानूनसम्मत हुँदैन। श्रम ऐन, २०४८ ले दिएको अधिकारअन्तर्गत नै श्रम नियमावली, २०५० बनेको देखिन्छ। नियमावलीमा उल्लेख भएको कसुर ऐनमा नै प्रस्टरूपमा उल्लेख भएको र सोबमोजिम कानूनमा उल्लिखित कार्यविधि पूरा गरी सेवाबाट हटाउने प्रस्ट कानूनी व्यवस्था हुँदा सोही ऐनअन्तर्गत बनेको नियमावलीको बिदाका सम्बन्धमा उल्लेख गरिएको नियमलाई टेकेर स्पष्टीकरण माग्नु आवश्यक नै छैन भन्न नमिल्ने।

प्रतिष्ठानमा काम गर्ने कामदार कर्मचारीले ऐन र नियमावलीद्वारा निषेध गरिएका काम गरेमा त्यस्ता कामदार वा कर्मचारीलाई तोकिएको सजाय गर्न पाउने कुरामा विवाद छैन तर त्यसरी सजाय दिँदा कानूनद्वारा निर्धारित प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ। ऐनद्वारा सेवाबाट हटाउने वा कुनै सजाय दिनुअघि त्यसबारे सम्बन्धित कर्मचारी वा कामदारलाई जानकारी दिनु सम्बन्धित प्रतिष्ठानको दायित्व हो र त्यस्तो दायित्वबारे श्रम ऐन, २०४८ को दफा ५३ ले झन् स्पष्ट गरेको छ। आफूलाई लागेको अभियोगबारे जानकारी पाउनु सम्बन्धित कामदार वा कर्मचारीको अधिकारको विषय हो र प्राकृतिक न्यायको सिद्धान्तको आधारमा समेत त्यस्तो अधिकार राख्ने।

प्राकृतिक न्यायको सिद्धान्त र ऐनको स्पष्ट व्यवस्था रहँदा रहँदै पनि नियममा त्यस्तो व्यवस्था नभएको भन्नु एकांगी व्याख्या हुन जान्छ। कुनै ऐन नियमको व्याख्या गर्दा सो ऐन नियमको सम्पूर्ण व्यवस्था र त्यसको उद्देश्यको आधारमा गर्नुपर्छ। एउटा दफा वा नियमलाई मात्र टेकी अन्य दफा वा नियमको व्यवस्थालाई बेवास्ता गरी ऐनको दफा र नियमको व्याख्या गर्न नमिल्ने।

श्रम ऐन, २०४८ को दफा १० मा यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा विनियममा तोकिएको रित नपुर्‍याई प्रतिष्ठानको स्थायी कामदार वा कर्मचारीको सेवाको अन्त गर्नु हुँदैन भन्ने व्यवस्था भई सेवाको सुरक्षाको प्रत्याभूत गरेको देखिन्छ। संजयप्रसाद पटेल कम्पनीको स्थायी कामदार भएको र त्यसरी कानूनप्रतिकूल हटाइएको अवस्थामा श्रम अदालतमा पुनरावेदन गरेको र श्रम अदालतले अधिकारक्षेत्र ग्रहण गरी भएको निर्णय कानूनसम्मत नै देखिने।

कम्पनीको स्थायी कामदार वा कर्मचारीलाई सफाइको मौकासमेत नदिई सेवाबाट हटाउने निर्णय गर्नु र त्यसउपर श्रम ऐन, २०४८ को दफा ६०(ग) अनुसार श्रम अदालतले सो निर्णय बदर गर्ने गरी आफ्नो अधिकारक्षेत्र ग्रहण गरी भएको निर्णयमा कुनै कानूनी त्रुटि देखिएन। यसबाट निवेदकको संवैधानिक तथा कानूनी हकमा आघात पुगेको भन्ने आस्था नदेखिँदा रिट निवेदन जिकिरबमोजिम आदेश जारी गर्नुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। यस अदालतबाट मिति २०७०।१२।१३ मा जारी भएको अन्तरिम आदेशसमेत स्वतः निस्क्रिय हुने।

इजलास अधिकृतः जीवनकुमार भण्डारी

कम्प्युटरः यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल साउन १८ गते रोज ३ शुभम्।

इजलास नं. ११

१

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे, ०७०-CR-०९३७, ज्यान मार्ने उद्योग, कर्तव्य ज्यान, *पुण्यप्रसाद निरौला वि. नेपाल सरकार*

टाउको जस्तो संवेदनशील ठाउँमा सिलौटा जस्तो गरूङ्गो वस्तुले प्रहार गर्दा जो कोहीको पनि मृत्यु हुने सम्भावना भएकोमा सिलौटाले मरणासन्न

प्रहार गरेकोले सोही चोटको कारण मृतकको मृत्यु भएको देखिएको र घटनास्थल मुचुल्का, प्रतिवादीको प्रहरी एवम् अदालतमा भएको बयान, जाहेरवाला उमेश अधिकारी र साइन्स निरौलाले सुरू जाहेरी, मौकाको कागजलाई समर्थित हुने गरी अदालतमा उपस्थित भई गरेको बकपत्र, प्रतिवादीले मार्ने मनसायले घरमा रहेको सिलौटोले आफ्नै श्रीमतीलाई टाउकोमा प्रहार गरी कर्तव्य गरी मारेका हुन् भनी मौकामा कागज गर्ने सुमित्रा लम्साल अधिकारी, एकदेव अधिकारीसमेतले मौकामा गरी दिएको कागज, अदालतसमक्ष उपस्थित भई सोही व्यहोरा समर्थित हुने गरी बकपत्र गरी दिएकोसमेतबाट प्रतिवादी पुण्यप्रसाद निरौलाले निजकी पत्नी रमिला निरौलालाई कर्तव्य गरी मारेको र छोरा साइन्स निरौलालाई ज्यान मार्ने उद्योग गरेको कुरा मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको अवस्थामा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम सर्वश्वसहित जन्म कैदको सजाय गर्ने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरेको फैसलालाई अन्यथा भन्न नमिल्ने।

कुनै कुराको कसैले दाबी जिकिर लिन्छ भने सोको ठोस आधार प्रमाणबाट पुस्ट्याईं सम्बन्धित पक्षले गर्नुपर्ने हुन्छ। बिना आधार प्रमाण दाबी जिकिर लिँदैमा मात्र सफाइ वा कम सजाय गर्न मिल्दैन। प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार फौजदारी मुद्दामा जसले जुन कुराको दाबी गर्छ वा जिकिर लिन्छ भने आफ्नो भनाई प्रमाणित गर्ने भार सम्बन्धित पक्षको हुनेछ भन्ने व्यवस्था भएको पाइन्छ । सोअनुसार प्रतिवादीले आफूले दाबी गरेअनुसार प्रमाण पेस गरी पुष्ट्याईं गर्न सकेको पाइँदैन । पुनरावेदक प्रतिवादी राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयमा अनुसन्धान सहायक कर्मचारीका रूपमा कार्यरत रहेको र निजको मानसिक अवस्था ठीक नभएको भन्ने देखिँदैन । यसरी प्रतिवादीले प्रमाणको आधारमा पुष्ट्याई गर्न नसकेको हुँदा निजको दाबी पुनरावेदन जिकिरअनुरूप आफ्नो निर्दोषिता वा कम सजाय गर्नुपर्ने रहेको भन्ने वस्तुनिष्ठ ठोस एवम् प्रत्यक्ष प्रमाणहरूको सर्वदा अभाव रहेकोसमेत देखिँदा निज प्रतिवादी पुनरावेदक पुण्यप्रसाद निरौलाले दाबी जिकिर लिएअनुरूप सफाइ वा कम सजाय गर्न मिल्ने अवस्था देखिन नआउने हुँदा काठमाडौं जिल्ला अदालतले मिति २०६९।३।१८ मा गरेको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः जयराम श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल असोज ११ गते रोज ३ शुभम्।

२

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिकृष्ण कार्की, ०६७-CR-०३४५, इजाजतविपरीत काठ ओसारपसार, *नेपाल सरकार वि. सोनालाल जैसवालसमेत*

सोनालाल प्रसाद जैसवाल, शेष इकरामुल हक र धनन्जय शर्मा बन्जारा तिनैजना प्रतिवादीहरूको मौकामा अनुसन्धान अधिकारीसमक्ष एवम् अदालतसमक्ष भएको बयान विश्लेषण गरी हेर्दा कानूनसम्मत रूपमा इजाजत लिनेदिने भई कानूनसम्मत रूपमा लोड गरी ढुवानी भएको र अभियोग दाबीअनुसारको कसुर आफूहरूबाट नभएको हुँदा अभियोग दाबीबाट सफाइ पाउनु पर्दछ भन्ने प्रतिवादीहरूको भनाइको निष्कर्ष रहेको देखिन आउँछ। ढुवानी भएको भनिएको काठ कानूनसम्मत रूपमा नै कटान चिरान भएको भन्ने कुरा टि.सि.एन., रौतहटबाट लिलाम सकार गरी टाँचा लगाई काठधनी प्रतिवादी शेष इकारामुल हकले छोडपुर्जीको लागि दिएको निवेदनमा प्रतिवादी सहायक वन अधिकृत सोनालालप्रसाद जैसवालले जाँच गरी छोडपुर्जी दिएका, सो छोडपुर्जीअनुसार ट्रकधनी प्रतिवादी

धनन्जय शर्माले छोडपुर्जी र इजाजत पत्रअनुसार नै ढुवानीको लागि ट्रक दिएको भनेबाट स्पष्ट हुन आउँछ। यसबाट विवादित काठको इजाजत तथा ओसारपसार कानूनसम्मत रूपमा भएको देखिन आउने।

जिल्ला वन कार्यालय, रौतहटबाट प्रतिवादी शेष इकारामुल हकले ३७७ थानको ५०८.६५ क्यू. फिट काठ ढुवानी गर्ने अनुमति पाएकोमा बरामद हुँदा इजाजतभन्दा बढी ४०४ थानको ५२१.२ क्यू. फिट देखिन आएको भन्नेसम्बन्धमा हेर्दा काठजस्तो वस्तु ठूलो परिमाणमा नापजाँच गर्दा सानोतिनो अन्तर हुनु स्वाभाविकै रहेको र ३ प्रतिशतसम्मको अन्तर हुनसक्ने कुरालाई वन पैदावार (काठ दाउरा) संकलन तथा बिक्री वितरण निर्देशिका, २०५७ (दोस्रो संशोधन, २०६४ सहित) को दफा १६(क)(८) ले ३ प्रतिशतभन्दा बढी भएमा थप राजस्व लिई छाड्न सक्ने व्यवस्था भएबाट समेत पुष्टि हुन आउँछ भने प्रस्तुत मुद्दामा १२.५५ क्यू. फिटमात्र बढी काठ रहेको र सो संख्या समग्र परिमाणको ३ प्रतिशतभन्दा कम रहेको अवस्थामा इजाजतभन्दा बढी ढुवानी भएको भन्ने कुरा त्यति प्रासङ्गिक देखिँदैन। अभियोजन पक्षबाट बरामद भएको काठको १६९ थानको २२०.२५ क्यू. फिटको नाप साइजमा फरक परेको भनी दाबी लिए पनि कुन टुक्राको काठमा कति फरक परेको भनी स्पष्ट विवरण खुलाउन नसकेको र ५०८.६५ क्यू. फिट ढुवानी अनुमति पाएकोमा १२.५५ क्यू. फिटमात्र बढी अर्थात् ५२१.२ क्यू. फिट बरामद भएको अवस्थामा २२०.२५ क्यू. फिट काठ छोडपुर्जीविपरीत ढुवानी भएको भन्ने वादी नेपाल सरकारको भनाइ समग्र काठको परिमाणबाट पुष्टि हुन सकेको देखिएन। फौजदारी मुद्दामा वादीको दाबी प्रमाणित गर्ने भार प्रमाण ऐन, २०३१ को दफा २५ ले वादीमाथि नै रहने हुँदा वादी नेपाल सरकारले आफ्नो दाबी प्रमाणित गर्न नसकेबाट यी प्रतिवादीहरूले आरोपित कसुर गरेको पुष्टि हुन नआएको हुँदा आरोपित कसुरबाट सफाइ पाउने।

इजलास अधिकृत : विदुर काफ्ले
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०७३ साल साउन २६ गते रोज ४ शुभम्।

इजलास नं. १४

१

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७१-WO-१०२४, उत्प्रेषण / परमादेश, शारदादेवी पौडेल वि. नेपाल सरकार, *सामान्य प्रशासन मन्त्रालयसमेत*

निजामती सेवा ऐन, २०४९ को दफा ३३ को उपदफा ३ बमोजिम अनिवार्य अवकाशको गणनाको प्रयोजनको लागि कर्मचारीको उमेर सेवामा प्रवेश गर्दा निजले पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर वा नागरिकताको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर वा निजले भरेको वैयक्तिक विवरणमा लेखिदिएको जन्ममिति वा वर्षबाट हुन आएको उमेरमध्ये जुन उमेरबाट निज पहिले अवकाश हुन्छ सोही आधारमा गणना गरिने कानूनी व्यवस्था भएको देखिन्छ। उपर्युक्त कानूनी व्यवस्थाले प्रस्ट तथा द्विविधारहित व्यवस्था गरेको छ। यस्तो अवस्थामा कानूनी व्यवस्थाको स्पष्ट प्रावधानको स्थानमा व्याख्याको गुन्जायस रहँदैन। उल्लिखित कागजात, प्रमाणपत्रहरूमध्ये जुन कागजमा उल्लिखित जन्म मितिको आधारमा पहिले अवकाश हुन्छ सोही मितिबाट कर्मचारीको अनिवार्य अवकाश हुने निर्विवाद हुने।

प्रस्तुत अवस्थामा रिट निवेदकको नागरिकताको प्रमाण पत्रबाहेकको तत्काल रहेका कागजातका आधारमा निजको अवकाश हुने मिति २०७२।१।२ कायम गरी पत्राचार भएको भए तापनि पछि दाखिला भएको नागरिकताको प्रमाणपत्रमा

उल्लिखित उमेरका आधारमा अघि अवकाश हुने अवस्था देखिएकोले सो आधारमा मिति २०७०।८।२५ देखि लागू हुने गरी अनिवार्य अवकाश दिने गरी निर्णय भएको देखियो । निजामती किताबखानाले आफूसँग भएका कागजको आधारमा अवकाश हुने मिति निर्क्याैल गर्दा भूल वा त्रुटिवश अवकाश हुने एउटा मिति कायम गरी पत्र लेखी पठाएकै कारणले मात्र उमेरको आधारमा अवकाश पाउने मितिको सम्बन्धमा ऐनले गरेको किटानी र स्पष्ट व्यवस्थालाई अन्यथा हुने गरी अवकाश मिति निर्धारण गर्न कानूनसम्मत नहुने देखिन्छ । तापनि कर्मचारीलाई निजको अवकाश हुने एउटा मिति देखाइसकेको र सो मितिलाई परिवर्तन गरेको निर्णय गर्नुपूर्व निजको पदको काममा रीतपूर्वक निरन्तर लगाई कामकाज गराइसकेको अवस्थामा निजले कामकाज गरिसकेपछि पाउने सो अवधिको तलब, भत्ता, चाडपर्व खर्चलगायतका पारिश्रमिक सुविधा निजले पाउँदैन भनी भन्नु पनि न्यायोचित मान्न नसकिने।

प्रस्तुत अवस्थामा निजामती कर्मचारीको नियुक्तिदेखि अवकाशसम्मको सम्पूर्ण अभिलेख राख्ने निजामती किताबखानाले गरेको अभिलेखको त्रुटि वा गल्तीको परिणाम स्वरूप कार्यालयमा नियमित कामकाज गरेको अवधिको पारिश्रमिक, भत्तासमेतको सुविधा निवेदकबाट सजाय स्वरूप फिर्ता गरिनुपर्छ भनी मान्नु न्यायसङ्गत नहुने भएकोले रिट निवेदकबाट मिति २०७०।८।२६ गते देखि २०७१।८।१६ सम्म निजले उपभोग गरेको तलब भत्तासमेतका सुविधाहरूको रकम निजले पाउने निवृत्तिभरणबाट कट्टा हुने भनी भएको हदसम्म निजामती किताबखानाको मिति २०७२।२।२७ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदकले लिए पाएको पारिश्रमिक सुविधाहरूको रकम कट्टा नगरी निजले कानूनबमोजिम पाउने अन्य सुविधा र रकमहरूसमेत दिई निवृत्तिभरण अधिकार पत्र उपलब्ध गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने
कम्प्युटर: रानु पौडेल
इति संवत् २०७३ साल भदौ २१ गते रोज ३ शुभम्।

२

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७१-WO-०६५१, उत्प्रेषण, *रामबहादुर घिमिरे वि. अर्थ मन्त्रालयसमेत*

नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी (प्रथम संशोधन, २०६८) कार्यविधि, २०६६ नेपाल सरकारले नागरिकलाई निश्चित अवस्थामा प्रदान गर्ने राहत, क्षतिपूर्ति तथा आर्थिक सहायताको व्यवस्थालाई पारदर्शी र न्यायोचित तुल्याउने उद्देश्यले भन्दै मन्त्रिपरिषद्बाट स्वीकृत भएको मिति २०६८ साल आश्विन १० गतेदेखि कार्यविधि प्रारम्भ भएको देखिन्छ । उक्त कार्यविधिमा द्वन्द्वको अवधि भन्नाले २०५२ फागुन १ गतेदेखि विस्तृत शान्ति सम्झौता हुँदाको मिति अर्थात् २०६३ मङ्सिर ५ गतेसम्मको अवधिलाई बुझ्नुपर्दछ भनी र द्वन्द्व पीडित भन्नाले यस कार्यविधिको प्रयोजनको लागि द्वन्द्व पीडित भन्नाले द्वन्द्वको अवधिमा सोको कारणबाट मृत्यु भएका व्यक्तिका आश्रितहरू (पत्नी वा पति, छोराछोरी, बाबुआमा र सगोल परिवारका अन्य सदस्यहरू), द्वन्द्वको क्रममा अपाङ्ग, अङ्गभङ्ग वा घाइते भएका व्यक्तिहरू, द्वन्द्वका कारणबाट आफ्नो ठाउँ छोडी देशभित्रकै अन्य ठाउँमा आन्तरिकरूपमा विस्थापित भई बसेका व्यक्ति तथा परिवारहरू, द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षहरूले नियन्त्रणमा लिई हालसम्म पत्ता नलागेका वेपत्ता नागरिक तथा तिनका परिवारहरू, द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षहरूको अपहरणमा परेका व्यक्तिहरू र द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षहरूद्वारा सम्पत्ति क्षति पुर्‍याइएका व्यक्ति,

परिवार तथा संस्थालाई बुझ्नुपर्छ भनी परिभाषित गरिएको पाइने।

अर्थ मन्त्रालयले मिति २०७१।१०।२ मा निर्णय गर्दा प्रचलित आयकर ऐन, २०५८ को दफा १९ को व्यवस्थालाई आधार लिई राहतस्वरूप थप रकम निकासा दिन नसकिने भनी च.नं. ७२८ मिति २०७१।१०।४ बाट भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई पत्राचार भएको देखिन्छ। उक्त आयकर ऐन, २०५८, आयकरसम्बन्धी कानूनलाई संशोधन एकीकरण गर्न बनेको विशेष प्रयोजनको ऐन हो। सो ऐनको प्रस्तावनामा मुलुकको आर्थिक विकासको लागि राजस्व सङ्कलन गर्ने प्रक्रियालाई प्रभावकारी बनाई राजश्व परिचालनलाई अभिवृद्धि गर्न आयकरसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गरी समयानुकूल बनाउन वाञ्छनीय भएकोले भनी मिति २०५८।१२।१९ मा लालमोहोर र प्रकाशन भएको देखिन्छ। आयकर ऐन, २०५८ को दफा १९ को व्यवस्थाअनुसार सवारी साधनमा २० प्रतिशत ह्रासकट्टीको प्रावधान रहेको भन्ने कुरा द्वन्द्वकालमा भएको नागरिकको सम्पत्तिको क्षतिपूर्ति दिने प्रयोजनका लागि बनाएको कार्यविधिमा समेत सोही ऐन आकर्षित हुन्छ भन्ने अर्थ मन्त्रालयको निर्णयको आधारसँग सहमत हुन नसकिने।

यसरी उपर्युक्त विवेचित संवैधानिक प्रावधान र द्वन्द्वको समयमा भएको क्षतिलाई सम्बोधन गरी जनतालाई राहत पुर्‍याउने उद्देश्यले नै राज्यको तर्फबाट मन्त्रिपरिषद्ले निर्णय गरी नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी (प्रथम संशोधन, २०६८) कार्यविधि, २०६६ लागू भएको देखिन्छ। उक्त कार्यविधिअनुसार द्वन्द्व पीडितहरूलाई राहत क्षतिपूर्तिबापत रकम उपलब्ध गराएको छैन भनी लिखित जवाफ प्रस्तुतकर्ताहरूबाट उल्लेख हुन सकेको अवस्था नहुँदा समानबीच असमान अवस्था सिर्जना हुने गरी यी निवेदकलाई राज्यका तर्फबाट पाउने राहतक्षतिपूर्ति पाउन सक्दैन वा मिल्दैन भनी भन्ने अवस्था यस घटनाको विद्यमान प्रकृतिबाट समेत सकिने अवस्था छैन। अतः विवेचित आधार कारणबाट प्रस्तुत रिट निवेदनमा आदेश जारी हुने अवस्था देखिने।

नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी (प्रथम संशोधन, २०६८) कार्यविधि, २०६६ को प्रकरण ४.२ मा बन्द वा नाकाबन्दीको समयमा भएका सवारी साधन क्षतिबापत क्षतिपूर्तिसम्बन्धी व्यवस्था भएको पाइन्छ। प्रकरण ४.२.१ मा द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षले आयोजना गरेको बन्द वा नाकाबन्दीको बेला सरकारले गरेको आह्वानअनुरूप सञ्चालन गरिएका सार्वजनिक प्रयोगका यात्रुबाहक तथा मालबाहक सवारी साधनहरू द्वन्द्वरत पक्षबाट क्षति पुर्‍याइएकोमा देहायबमोजिमको वर्गीकरण मापदण्डअनुसार प्रमुख जिल्ला अधिकारीले बन्द वा नाकाबन्दीको समयमा तत्कालिन सरकारले आह्वान गरेअनुरूप सञ्चालन गर्दा क्षति भएको भनी स्पष्ट किटान गरी पठाएको सिफारिसका आधारमा श्रम तथा यातायात व्यवस्था मन्त्रालयले सम्बन्धित सवारी धनीलाई क्षतिपूर्ति उपलब्ध गराउनेछ भन्ने उल्लेख भएको छ। प्रकरण ४.२.२ मा सवारी साधनको इन्जिन, च्यासिससमेत काम नलाग्ने भई पूर्णरूपले क्षति भएको अवस्थामा क्षतिको ९० प्रतिशत रकम क्षतिपूर्तिबापत उपलब्ध गराइनेछ भन्ने प्रावधान रहेको पाइन्छ। यस प्रकरणबमोजिम क्षतिपूर्ति दिने प्रयोजनको लागि क्षति अंक निर्धारण गर्ने तरिका र प्राविधिक मूल्याङ्कनको तरिका प्रकरण ४.१ बमोजिम हुनेछ भन्ने प्रावधान रहेको पाइन्छ। प्रकरण ४.१.३ मा प्राविधिक मूल्याङ्कनको तरिका सूत्रसहित खुलाइएको पाइने।

क्षति भएको बसको प्राविधिक मूल्याङ्कन रू.१०,९७,३७७।- रहेको, अवशेष मूल्य (scrap value) रू.४०,०००।- घटाउँदा हुन आउने रकम

रू.१०,५७,३७७।- रहेको कुरा मिति २०६२।१२।१४ को सवारी साधन क्षतिको मूल्याङ्कन फारमबाट देखिएको छ । बिमाको सम्बन्धमा कुनै प्रमाण पेस भएको छैन भनी प्राविधिक मूल्याङ्कनमा खुलाइएको देखिन्छ । राहतस्वरूप रू. ८४,०००।- बुझिसकेको भनी निवेदनमा नै खुलाएको देखिन्छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले निवेदकले पाउनु पर्ने रकम भुक्तानीको लागि बारम्बार अर्थ मन्त्रालयलाई निकासाको लागि पत्राचार भएको कुरा मिसिल संलग्न पेस भएका कागजात र उक्त मन्त्रालयको लिखित जवाफबाट समेत देखिएको अवस्था हुँदा उक्त कार्यविधिको प्रकरण ४.२ बमोजिम राहत क्षतिपूर्ति दिनुपर्नेमा नदिई रकम निकासा दिन नसकिने भन्ने अर्थ मन्त्रालयको निर्णयलाई मनासिब र उपयुक्त निर्णय भनी मान्न नसकिने ।

अतएवः माथि विवेचित आधार र कारणहरूबाट अर्थ मन्त्रालयको सवारीधनी रामबहादुर घिमिरेलाई क्षतिपूर्ति राहतस्वरूप थप रकम निकासा दिन नसकिने व्यहोराको मिति २०७१।१०।२ को निर्णय र सो निर्णय भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई जानकारी गराउन च.नं. ७२८ मिति २०७१।१०।४ को पत्रसमेतबाट निवेदकको समानता, सम्पत्तिसम्बन्धी हक र पेसा रोजगार गर्न पाउने हकमा आघात पर्न गएको देखिँदा उक्त पत्रलगायत सो पत्रसँग सम्बन्धित सो निर्णयसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदकले दिएको निवेदन मागबमोजिम माथि विवेचित कार्यविधिको प्रकरण ४.२ बमोजिम क्षतिपूर्ति राहतस्वरूपको रकम निवेदक रामबहादुर घिमिरेलाई दिन कारबाही अघि बढाउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: इन्द्रकुमार खड्का
कम्प्युटर : प्रेमबहादुर थापा
इति संवत् २०७३ साल भदौ २७ गते रोज २ शुभम् ।

इजलास नं. १५

१

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल, ०६७-CI-०९८६, निर्णय दर्ता बदर, *बैजनाथ राउत अहिर वि. गोपीचन साह कानू*

जग्गा नाप जाँच ऐन, २०१९ को दफा ६ (५क) मा हेर्दा "जग्गा नापजाँच गर्दा तिरो नभएको घरजग्गाको स्वामित्व घरायसी लिखतको आधारबाट पाई कम्तीमा पन्ध्र वर्षसम्म आफ्नो हक जानी अटुट भोग गरेको र सो अवधिमा सो लिखतलाई लिएर कुनै अदालतमा नालिस उजुर नपरेको भए सो लिखत रजिस्ट्रेसन नभएको भए तापनि सो लिखतलाई सदर मानी त्यस्तो घरजग्गा सोही भोगवाला व्यक्तिको नाउँमा दर्ता गर्नु पर्नेछ...." भन्ने कानूनी व्यवस्था रहेको छ । यो कानूनी व्यवस्था आकर्षित हुन पुनरावेदक वादीले उक्त विवादित कित्ता जग्गाहरूमा आफूले अटुट भोग गरेको पुष्टि हुनु पर्दछ । वादीले आफूले भोग गरेको भनी कुनै प्रमाण नै पेस गर्न नसकेको र गाउँ विकास समितिको कार्यालयबाट समेत वादीको भोग रहेको छ भन्ने प्रमाण पेस गर्न सकेको देखिँदैन । विवादका उक्त जग्गा कित्ताहरू प्रतिवादीको नाममा दर्तासमेत रहेको देखिँदा खाली मुखकै भरमा एकाका नाममा दर्ता रहेको भनी आफैँले स्वीकारेको जग्गा कित्ताहरूमा आफ्नो हक भोग रहेको भनी मौखिक दाबीले मात्र जग्गा नाप जाँच ऐन, २०१९ को दफा ६ (५क) को व्यवस्था वादीको हकमा आकर्षित हुन सक्ने नदेखिने ।

अर्कोतर्फ २०३४ सालमा भएको घरसारको लिखतलाई अदालतबाट पारित हुने गरी फैसला भएकोले सोहीअनुसार उक्त विवादित जग्गा कित्ता मेरो नाममा नापी हुनुपर्ने हो भन्ने वादीको दाबी जिकिरलाई हेर्दा मिसिल संलग्न मिति २०३६।३।३२ मा पर्सा जिल्ला अदालतबाट भएको

फैसलाको राय किताबको व्यहोरा यी विवादका जग्गा कित्ताहरूको नम्बर खुल्न सकेको देखिँदैन साथै स्पष्टरूपमा यी विवादित कित्ताहरू नै लिखत पास हुने ठहरी फैसला भएको भनी राय किताबबाट प्रष्ट हुन सक्दैन। अदालतमा नालिस परी रजिस्ट्रेसन गरिदिने ठहरी फैसला भएकोमा सो फैसलाअनुसार रजिस्ट्रेसन गर्नेसम्बन्धमा मुलकी ऐन, दण्ड सजायको ४४ नं. मा हदम्याद र कार्यविधिको बारेमा कानूनी व्यवस्था रहेको देखिन्छ। सो दण्ड सजायको ४४ नं. को कार्यविधि र हदम्यादभित्र रजिस्ट्रेसन पारित गरिदिनु पर्ने ठहरेको फैसलालाई अनिवार्यरूपमा कार्यान्वयन गर्न जानु पर्ने हुन्छ। फैसलाअनुसार रजिस्ट्रेसन गर्ने पुर्जीको हकमा म्यादभित्र दरखास्त नपरे पुर्जी हुन नसक्ने दण्ड सजायको ४४ नं. मा स्पष्ट कानूनी व्यवस्था रहेको।

अदालतबाट लिखत पारित हुने ठहरी फैसला भएको भनी मानेमा पनि सो फैसलाअनुसार उक्त दण्ड सजायको ४४ नं. अनुसार कार्यान्वयन गर्न पुनरावेदक वादीले म्यादभित्र दरखास्त दिई पुर्जी गराउन सकेको कुनै प्रमाण नै छैन। राय किताबमा पनि विवादित कित्ता स्पष्ट उल्लेख नभएको र सो मितिको फैसलाअनुसार दण्ड सजायको ४४ नं. को कार्यविधि र हदम्यादभित्र वादीले रजिस्ट्रेसनको पुर्जी लिन नसकेको तथा मालपोत कार्यालयबाट घरायसी लिखत पारित भएकै नदेखिँदा फैसलाअनुसार लिखत पास हुने ठहरेको भनी वादीले पेस गरेको प्रमाणको औचित्य देखिन आएन। फैसला हुनुले मात्र हक कायम हुने नभई त्यस्तो फैसलाअनुसार सम्बन्धित निकायबाट त्यस्तो लिखत पास हुनुपर्ने हुन्छ। म्यादभित्र कार्यान्वयन गराउने कार्य नभएको त्यस्तो अदालतको फैसलाले मात्र हक सिर्जना हुन सक्दैन। वस्तुतः वादीले पेस गरेको घरायसी लिखतलाई औपचारिक प्रमाणको रूपमा ग्रहण गर्न नसकिने।

रजिस्ट्रेसनको महलको १ नं. को देहाय १ अनुसार पनि बिक्री गरी वा अरू कुनै किसिमले आफ्नो हक छोडिदिएको लिखत गर्दा गराउँदा रजिस्ट्रेसन गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था रहेको छ। सोही महलको ५ नं. मा रजिस्ट्रेसन गराउनु पर्ने घरसारको लिखत ऐनका म्यादभित्र लिने दिने दुवैथरी अड्डामा गई रजिस्ट्रेसन गराउनु पर्छ भन्ने कानूनी प्रावधान रहेको छ। त्यस्तै रजिस्ट्रेसनको महलको ६ नं. मा रजिस्ट्रेसन गराउनु पर्ने घरायसको लिखत यसै महलको ५ नम्बरबमोजिम रजिस्ट्रेसन गराई लिन सकेको रहेनछ भने त्यस्तो लिखतबाट कुनै अचल सम्पत्ति पक्री दाबी गरेको नालिस लाग्न सक्तैन। थैली परेकोमा सो थैली र लिखतबमोजिमको सम्पत्ति भोग गर्न नपाएकोमा भोग गर्न नपाएजतिको कानूनबमोजिमको ब्याजसमेत साहूले कपालीसरह भराई लिन पाउँछ भन्ने कानूनी व्यवस्था रहेको हुँदा वादीले पेस गरेको घरायसी लिखतलाई मलुकी ऐन, रजिस्ट्रेसनको महलमा भएका उक्त कानूनी प्रावधानहरूले कानूनी मान्यता दिएको देखिएन। वस्तुतः विवादित साबिक कि.नं. ३४ र कि.नं. ३५ हाल नापीको कि.नं. २६ र कि.नं. २७ को घरजग्गामा वादीले पेस गरेको घरायसी लिखतबाट वादीको हककायम हुनसक्ने देखिँदैन। साथै, प्रतिवादीले समेत सो घरायसी लिखतको प्रमाणलाई स्वीकार गरेको पनि नपाइने।

अतः उल्लिखित तथ्य, कानूनी व्यवस्था एवम् विवेचनासमेतको आधारमा वादीको हक नै नभएका जग्गा कित्ताहरूमा प्रतिवादीकै हक कायम गरी वादीको अनाधिकृत दाबी छुटाई वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको सुरू पर्सा जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०५३।३।३० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : यज्ञप्रसाद आचार्य

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल भदौ ५ गते रोज १ शुभम्।

- यसै लगाउ / प्रकृतिका ०६७-CR-०८४६, जालसाजी, *बैजनाथ राउत अहिर वि.*

गोपीचन साह कानूनसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

मा.न्या. श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल, ०६७-CI-१०८४, जग्गा दर्ता गरिपाऊँ, *मालपोत कार्यालय, कास्कीका तर्फबाट प्रमुख मालपोत अधिकृत वि. चन्द्रकला के.सी.को मु.स. गर्ने देवराज खत्री र मिनबहादुर के.सी*

विवादित कि.नं. २४१ को जग्गा कित्ताको सम्बन्धमा यस अदालतबाट अहिले नै निर्णय गरेमा मातहत कास्की जिल्ला अदालतमा विचाराधीन अवस्थामा रहेको सार्वजनिक पर्ती जग्गा सार्वजनिक गरिपाउँ भन्ने मुद्दामा समेत प्रत्यक्ष असर पर्न जाने।

अत: एउटै कित्ता जग्गामा विभिन्न व्यक्तिहरूको निवेदन परेउपर मालपोत कार्यालय, कास्कीले मुलुकी ऐन, अ.बं. १९२ नं. बमोजिम पर्न आएका निवेदनहरू एकैसाथ राखी मालपोत ऐन, २०३४ को दफा ७(२) बमोजिम उक्त जग्गाको साबिक दर्ता तिरो भोगसमेतका प्रमाणहरूको आवश्यक छानबिन गरी पुन: निर्णय गर्न भनी उपस्थित पक्षहरूलाई तारेख तोकी मिसिल मालपोत कार्यालय कास्कीमा पठाउने गरी पुनरावेदन अदालत, पोखराबाट मिति २०६७।७।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: यज्ञप्रसाद आचार्य

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल भदौ ५ गते रोज १ शुभम्।

इजलास नं. १७

१

मा.न्या.श्री आनन्द मोहन भट्टराई र मा.न्या. श्री प्रकाशमान सिंह राउत, ०६७-WO-०८३३, उत्प्रेषण / परमादेश, *हेराकाजी महर्जन वि. पुनरावेदन अदालत, पाटनसमेत*

निवेदकले विवादको जग्गा मिति २०५०।५।३० मा मोतिलाल शिल्पकारसमेतका व्यक्तिलाई हालैको बकसपत्रको लिखतको माध्यमबाट हकहस्तान्तरण गरेपछि अंश मुद्दा र लिखत बदर मुद्दा परेकोमा अंश मुद्दाको प्रतिउत्तर दिँदासमेत मोतिलाल शिल्पकारसमेतबाट आफूले लिएको कर्जा फिर्ता गरेपछि जग्गा फिर्ता आउने कुरा उल्लेख गरेको र सो अंश मुद्दामा तायदाती फाँटवारी पेस गर्दा सगोलको सम्पत्ति भनी निवेदनमा उल्लिखित जग्गा हालैको बकसपत्रद्वारा घनश्याम श्रेष्ठसमेतलाई दिएको भनी सो जग्गामा बनेका घरहरू बन्डा हुनुपर्ने भनी देखाएकोमा सो तायदाती फाँटवारी र वादी मङ्गललाल महर्जनसमेतले पेस गरेको तायदातीसमेत दुवै पक्षलाई सुनाएको देखिन्छ । सो अंश मुद्दामा मिति २०५२।९।२६ मा ललितपुर जिल्ला अदालतबाट फैसला हुँदा तायदातीमा उल्लिखित कि.नं.१०९, १६२, १६४ र १६७ बनेका घरहरूसमेत बन्डा लाग्ने ठहरी फैसला भएकोमा सो फैसला अन्तिम भई बसेको अवस्थामा मङ्गललाल महर्जनको मिति २०५३।८।१० मा फैसलाबमोजिम बन्डा छुट्याई पाउँ भनी ललितपुर जिल्ला अदालतमा दरखास्त परेको देखिन्छ। फैसला कार्यान्वयनका लागि परेको निवेदनमा उल्लिखित कित्ता नं. का जग्गाहरूका सम्बन्धमा लिखत बदर मुद्दा परी उक्त फैसला कार्यान्वयनको निवेदन मुलतबी रहेको भन्ने देखियो। हेराकाजी महर्जनले लिखत बदर मुद्दाका प्रतिवादी मोतिलाल शिल्पकार, घनश्याम श्रेष्ठ र श्रीबहादुर महर्जनसँग नै निजहरू वादी र हेराकाजी प्रतिवादी भएको बहाल भराईसमेत मुद्दामा मिति २०६१।५।७ मा मिलापत्र भएपछि विवादका घर जग्गाहरू पुनः निवेदक हेराकाजी महर्जनका नाउँमा मिति २०६१।५।८ को राजीनामा लिखतबाट फिर्ता भई साबिक दर्तावाला हेराकाजी महर्जनको नाउँमा दर्ता हुन आएको देखिन्छ। त्यसो हुँदा हेरामाया वादी भई चलेको लिखत बदर मुद्दा डिसमिस भएको भन्नेसम्म

कुराले सुरूदेखि नै पैतृक देखिई अंश मुद्दाबाट बन्डा हुने ठहरेका जग्गाको अंश हकबाट आशामाया वञ्चित हुन्छ भन्न मिल्ने नदेखिने ।

अंश मुद्दाको फैसला भएपछि फैसला कार्यान्वयनको निवेदन परेको र लिखत बदर मुद्दाको कारणबाट उक्त फैसला कार्यान्वयनको कारबाही मुलतबी रहेको र बहाल भराई पाउँ भन्ने मुद्दामा मिलापत्र भएपछि सो मिलापत्रबमोजिम यी निवेदक हेराकाजी महर्जनका नाममा आएका अंश मुद्दाको तायदाती फाँटवारीमा उल्लिखित विवादित कित्ताका जग्गाहरू यी निवेदकको निजी आर्जनको नभई सगोलको पैतृक सम्पत्ति हुने हुँदा सोही सम्पत्ति २०६१ सालमा यी निवेदकको नाममा पुनः फिर्ता आएपछि सो सम्पत्ति मुलुकी ऐन, अंशबन्डाको महलको १८ नं. बमोजिम जुनसुकै अंशियारले प्राप्त गरे पनि त्यस्तो सम्पत्ति सगोलकै सम्पत्तिबाट प्राप्त गरेको वा बढे बढाएको मान्नुपर्ने हुन्छ । प्रमाण ऐन, २०३१ को दफा ६(क) बमोजिम अन्यथा प्रमाणित नभएमा एकाघर सगोलका अंशियारहरूमध्ये जुनसुकै अंशियारहरूका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्ने हुँदा यी निवेदकले सगोलको सम्पत्ति हक हस्तान्तरण गर्दा अंशियारको मन्जुरी लिनुपर्नेमा नलिई हक हस्तान्तरण गरेको कारणबाट लिखत बदर मुद्दा परेको र बहाल भराई पाउँ भन्ने मुद्दाको माध्यमबाट पुनः प्राप्त भएको सम्पत्तिलाई अंश मुद्दा चल्दा अस्तित्वमा नरहेको भनी निवेदक हेराकाजी महर्जनको निजी आर्जनको सम्पत्ति मान्ने नमिल्ने हुँदा निजी आर्जनको सम्पत्ति भनी लिएको निवेदन जिकिर र निवेदकतर्फका विद्वान् कानून व्यवसायीको बहससँग सहमत हुन नसकिने ।

तसर्थ, अंश मुद्दामा पेस गरेको दुवै पक्षको तायदातीमा उल्लेख भएको सम्पत्ति दुवै पक्षलाई परस्परमा सुनाएकोमा त्यसउपर कुनै उजुरी नपरी फैसलाले तायदातीमा उल्लिखित सम्पत्तिबमोजिम बन्डा लाग्ने ठहरेको सम्पत्ति जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८ ख को प्रक्रिया पूरा गरी सगोलको ठहरेको सम्पत्ति घटबढ भएमा सोसमेत समावेश गरी कायम रहेका अंशियारबीच बन्डापत्र गर्न सकिने हुँदा निवेदनमा उल्लिखित घर जग्गाहरूसमेत बन्डा हुने गरी तहसिलदारबाट भएको आदेशलाई जिल्ला न्यायाधीशबाट बदर भएकोमा पुनरावेदन अदालतबाट जिल्ला न्यायाधीशको आदेश बदर गरी ललितपुर जिल्ला अदालतको मिति २०५२।०९।२६ को अन्तिम भई बसेको फैसला कार्यान्वयन गर्नु भनी भएको मिति २०६७।१०।२० को आदेशमा मुलुकी ऐन, अंशबन्डाको १८ नं., लेनदेन व्यवहारको १० नं. तथा दान बकसको १ र ५ नं.को त्रुटि नदेखिँदा यस अदालतबाट मिति २०६७।११।२५ मा जारी भएको अन्तरिम आदेश निस्क्रिय गरी प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल साउन २४ गते रोज २ शुभम् ।

२

मा.न्या.श्री आनन्द मोहन भट्टराई र मा.न्या. श्री प्रकाशमान सिंह राउत, ०७१-WO-०८९८, उत्प्रेषण / परमादेश, *सुजा सोतीसमेत वि. जिल्ला लमजुङ सूर्यपाल गाउँ विकास समिति वडा नं. ९ स्थित मंगला क्याम्पससमेत*

रिट निवेदकहरूले त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयबाट प्रकाशित सूचनाको म्यादभित्रै फाराम भरी दस्तुरसमेत आफू अध्ययनरत मंगला क्याम्पसमार्फत बुझाइसकेको भएपनि परीक्षामा सहभागी गराउन इन्कार गरेको हुँदा परमादेशलगायत उपयुक्त आदेश जारी गरी पाउँ भन्ने मुख्य रिट निवेदन व्यहोरा रहेको प्रस्तुत मुद्दामा परीक्षा नियन्त्रण कार्यालयले गोरखापत्रमा सूचना प्रकाशित गरी तोकिदिएको समयभित्र रिट निवेदकहरूले फाराम पेस

नगरेको हुँदा परीक्षामा सहभागी गराउन नसकिने भन्ने मुख्य लिखितजवाफ व्यहोरा देखिन आयो । बहसको क्रममा यस अदालतबाट मिति २०७२।२।२८ मा जारी अन्तरिम आदेशबमोजिम यी निवेदकहरू रिट निवेदनमा जिकिर लिएको वि.एड. तृतीय वर्षको परीक्षामा सामेल भई परीक्षाफलसमेत प्रकाशित भइसकेको भन्ने निवेदकतर्फबाट उपस्थित विद्वान् अधिवक्ताले निवेदनसमेत दिएकोले निवेदकले जुन उपचार माग गरेको हो सो वस्तुतः प्राप्त भइसकेकोले प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेको हुँदा रिट निवेदन खारेज हुने र यस अदालतबाट मिति २०७२।२।२८ मा जारी अन्तरिम आदेशसमेत निस्क्रिय हुने ।

इजलास अधिकृत : आत्मदेव जोशी

कम्प्युटर : चन्द्रा तिमिल्सेना

इति संवत् २०७३ साल साउन ३१ गते रोज २ शुभम् ।

एकल इजलास

मा.न्या.श्री गोपाल पराजुली, ०७२-WO-०५२६, उत्प्रेषण / परमादेश, *रामआशिष राय वि. शोभाकान्त रायसमेत*

मूलत: अन्तिम फैसलासमेतले विपक्षीहरू बलिराम र रामविलोचन अंशियार कायम भएको र निज अंशियारहरू जीवित रहेको अवस्थामा उक्त फैसलालाई कानूनले निर्धारण गरेको हक हस्तान्तरण हुने प्रक्रियाहरू; अंशबन्डाको लिखत रजिस्ट्रेसन पारित भएको वा अंश लिई मिलापत्र गरेको वा कानूनबमोजिम अंश छोडपत्र गरेको अवस्थाको पुष्टि निवेदकले नगरी सामान्य तरिकाले छोडपत्रको निवेदन दिई सो निवेदन सनाखत गरेकै कारणले मात्र फैसलाले कायम भएका अंशियारलाई घटाउन मिल्ने नदेखिँदा हाल कायम ६ जना अंशियारलाई अंशियारा कायम गरी फैसलाबमोजिम बन्डा छुट्याई दिनु भनी मोरङ जिल्ला अदालतबाट मिति ०६९।१२।२३ मा भएको आदेशमा प्रत्यक्षत: कुनै संवैधानिक वा कानूनी व्यवस्थाको प्रतिकूल भई अन्यथा देखिन नआएकोले रिट जारी गर्ने आधार नदेखिँदा पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७०।४।३१ मा भएको आदेश कानूनसम्मत नै देखिन आउँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ माघ १८ गते रोज २ शुभम् ।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"

- सर्वोच्च अदालत, मेलमिलाप समिति